

Adrian Ebens

# पहिचानको युद्ध

एड्रियन एबेन्स



# पहिचानको युद्ध

## एड्रियन एबेन्स

प्रतिलिपि अधिकार © २०१८ एड्रियन एबेन्स

पछिल्लो संस्करणबाट अधावधिक गरिएको
ISBN-13 : 978-1-57258-668-0
शकांग्रेस पुस्तकालयको नियन्त्रण नम्बर : २०११९०३९६५

प्रोक्टर र ग्याम्बल कम्पनीको स्वामित्वमा रहेको ड्युरासेल कम्पनी ड्युरासेल कम्पनी संयुक्त राज्य अमेरिका र अन्य देशहरुमा दर्ता छ। दुरासेल कं को संन्दर्भमा भन्नुपर्दा यहाँ यो शुद्ध रुपमा चित्रण उद्देश्यको प्रसंगमा लिइएको छ, र यसले ड्युरासेल ब्राण्ड वा यसको मूल कम्पनी, प्रोक्टर र ग्याम्बलको साथ समर्थन वा सम्बन्ध वा सूचित गर्दैन ।

सूचित नगरिएसम्म सम्पूर्ण बाइबलका पदहरु नयाँ किंग जेम्स संस्करणबाट लिइएको हो ।

मारानाथा मिडिया द्वारा अस्ट्रेलीयामा प्रकाशित गरिएको

Fatheroflove.info

https://loveofgod-nepal.com/

(adrian@identitywars.org)

# विषय सूची

खण्ड १. पहिचान गुमाएको – दुई राज्यहरु

१. ड्युरासेलको वृक्ष....................................................१

२. जीवनको मूल....................................................९

३. परमेश्वरको हृदय नजिक....................................................२०

४. पारिवारिक राज्य....................................................२५

५. पारिवारिक समस्या....................................................३०

६. पृथ्वीमा रहेको नर्क....................................................३७

७. स्वर्गको जीवन वंश....................................................४९

८. दुई राज्यहरुको तुलना....................................................५८

९. बेबिलोनको हृदय....................................................६४

खण्ड २. पहिचानको पुनःदावी - एक गन्तव्य

१०. ड्युरासेलको साङ्ला तोड्नु....................................................७३

११. स्वर्गको ढोका खोल्दै....................................................८४

खण्ड ३. पुत्र तर्फको यात्रा

१२. ड्युरासेलको शक्तिद्वारा प्राप्त जीवन....................................................९०

१३. स्वर्ग जाने खुड्किलो....................................................९६

१४. उस्तै देवताहरु, भिन्न नाम....................................................१०३

१५. तपाईं कसरी पढ्नुहुन्छ ?....................................................११३

१६. हामी दास होइनौ....................................................११८

१७. बेबिलोनको पतन....................................................१२४

# यो पुस्तकका समर्पित पात्रहरु हुनुहुन्छ

मेरो प्यारो बुबा हाबिल, जसलेमलाई अग्लो गरी खडा रहन,
सँधै इमान्दार रहन,
आफुले सुरु गरेको काम सिध्याउन
र अन्यायलाई नसहन सिकाउनुभयो

मेरी प्यारी आमा एभलीन,
जसले मलाई निरन्तर सपना देख्न,
रचनात्मक हुन, प्राकृतिकलाई माया गर्न
र सँधै उदार हुन सिकाउनुभयो

मेरी प्यारी बहिनी करेन, जसले
म सँग आफ्नो बाल्यावस्थाको यात्रा साँझेदार गरिन
र मलाई हँसाउन सँधै
त्यो उनको तीष्ण बिवेकको प्रयोग गर्थिन

# खण्ड १. पहिचान गुमाएको
# - दुई राज्यहरु

## १. ड्युरासेलको वृक्ष

कोठामा मधुरो प्रकाश थियो । एउटा भित्तामा धेरै तस्बिरहरु थिए, एउटा पप्प संगितकारको तस्बिर र अर्को खेलाडी जो सँधै एक वास्तविकताको लागि झ्यालको रुपमा सेवा पुर्‍याउँथ्यो । त्यस्तै अर्को भित्तासंग त्यहाँ एउटा डेक्स थियो जसको माथि केहि बिधालयको पुस्तकहरु थिए, तर त्यस डेस्कको विशेष गुण भनेको त्यहाँ भएको सानो तर शक्तिशाली संगित यन्त्र प्रणली थियो । वास्तवमा यो एउटा नव युवाको कोठा थियो जसले उसको उतउलोपना र सपनाहरुको उत्कट इच्छाको संकेतलाई देखाएको थियो ।

मेरो हृदय भित्र एउटा विशाल लडाइ भइरहेको थियो, एक गन्तव्यको लडाई, एउटा सत्यको क्षण । “मैले यस्तो कहिल्यै सोचिन कि मैल कहिल्यै त्यस्तो गर्नेछु,” जस्तै म भुइँमा हेरिरहेको थिए म मनमनै गुनगुनाइ रहेको थिए । मेरो आत्म-अवधारणाको गहन परिक्षण गरिएको थियो । यो लडाई कतिको तीब्र थियो कि मैले तस्बिरहरुबाट सान्त्वना खोजे जसले धेरै पटक अहिलेको फसलको कटनी गर्नबाट मेरो दिमागलाई अर्कोतर्फ लानको लागि पहिले मद्दत गरेको थियो ।

हव्वा हताशको भावनाले भरिएको थिइन् । मेरो अवरोध अवस्थालाई शान्त गराउन मेरो दिमाग ती पुरस्कारहरुलाई पक्रन गइरहेको थियो : मैले पक्रन गएको केही पुरस्कारहरु शैक्षिक, खेलहरु र स्पष्ट अभिव्यक्तिमा सम्बन्धित थिए, तर यस्तो लाग्छ कि तिनीहरु मलाई सहायता गर्न आज शक्तिहिन भएकाछन् । एक थकित बादल म माथि आयो र मेरो उत्कट

इच्छाको भावनालाई निचोँन सुरु गर्यो । यसले हृदयको मूल्यवान ठाउँहरुलाई खोल्यो र त्यहाँ भएका बहुमूल्यकुराहरु लुटे, र त्यसपछि यो सबैको लागि महत्वपूर्ण कोठा बन्नपुग्यो -आशा ।

मैले मेरी आमा सँग यस्तो तरिकाले कुरा गरेको थिए, जुन मैले आफैलाई वाचा गरेको थिए कि म कहिले पनि यस्तो गर्नेछैन । यो अन्तिम पराल थियो जसले मलाई महसुस गरायो कि मैले बन्न चाहेको व्याक्ति म थिइन् । मलाई आफै प्रति घृणा लाग्यो र म परिवर्तन हुन चाहे, तर यो असम्भव देखिन्थ्यो ।

> तनाव । उदासिनता आज हाम्रो समाजलाई कष्ट दिने एक सबैभन्दा ठूलो श्राप हो । विश्व स्वास्थ्य संगठनको अनुसार उदासिनता विश्वव्यापी कमजोर स्वास्थ्य र अशक्तताको प्रमुख कारण हो । ३० करोर भन्दा बढी मानिस अहिले तनावको साथ बाँचिरहेका छन्, २००५ देखि २०१५ को बीचमा यसमा १८% ले वृद्धि भएको छ ।

२०११ देखिको निम्न तथ्याङ्कहरुमा यस समस्याको विशाालतालाई बुझ्ने प्रयास गर्नुहोस् ।

- प्रति वर्ष ५ लाख आत्महत्या । प्रति ४० सेकेण्डमा एक मुत्यु वा ३००० प्रति दिन ।
- प्रति दिन ६०,००० पुरुष वा महिला जसले कम्तीमा २० पटक आफ्नो ज्यान लिने प्रयत्न गर्दछन ।
- ५० वर्षको अवधिमा विश्वव्यापी रुपमा आत्महत्या दर ६०% ले वृद्धि भएको छ, मुख्यतया औधोगिक राष्ट्रहरुमा ।

---

*1.http://www.who.int/mental_health/management/depression/en/*
*2 https://www.medicalnewstoday.com/articles/234219.php*

- सबै आत्महत्याको ६०% एशियामा घट्दछ । ड्ब्लू. एच. ओ. को डाटा अनुसार सबै आत्माहत्याको ४०% चाइना, इण्डिया, र जापानमा मात्र घट्दछ ।

पृथ्वीमा के भइरहेको छ ?जीवनमा कति निराशाजनक कुरा छ कि लाखौं मानिस अर्को दिन सामना गर्नु भन्दा मर्ने छनौट गरिरहेका छन् ?

आफ्नो पुस्तक दि माइन्ड गेममा, फिलिप डेले यस कुरालाई प्रष्ट पार्ने बयान दिन्छन :

> समय बित्दै जाँदा हेरचाहा गर्ने परिवारका सदस्यहरु वरपर जम्मा भए र निराश नातेदारले कुराकानी गर्न आश्वासन र ध्यान दिए । आज, परिवारिक एकाइको भंग, धर्मको तुच्छता, र २१ औं शताब्दीको जीवनको व्यस्त गतिको कारण धेरै परिवारहरुलाई एक अर्काबाट अलग गरेको छ, मनोविश्लेषण केवल परामर्शको काम लिइएको छ जुन हेरचाह गर्ने आफन्तहरु वा छिमेकीहरु द्वारा गरिन्छ । म दृढ विश्वास गर्दैछु कि यसले हाम्रो समाजमा हानिकारक प्रभाव पारेको छ ।

फिलिप डेले तीन कारकहरु सूचीबद्ध गर्दछ : (१) पारिवारि एकाईको भंग (२) धर्म अपमान २१ औं शताब्दीको जीवनको व्यस्त गतिको कारण धेरै परिवारहरु एक अर्काबाट छुट्टिए । मूख्य कारक परिवार एकाईको भंग छ । डेभिड भ्यानले यस बिषयमा टिप्पणी गरेर निम्न भन्नुभयोः

> एक अरु भन्दा भिन्न पुस्ता बिस्तारै बिकाश भएर आएको छ, जसले लाखौंलाई गहिरो दुःखले घेरेको छ । यिनीहरु सम्बन्ध विच्छेदका सन्तान हुन् । यिनीहरुलाई हेर्दा यस्तो लाग्छ कि अन्तहिन सेनाको अग्रपंक्तिमा यितनीहरु खडा छन् ।

जिम कन्बेले आफ्नो पुस्तक एडल्ट चिल्ड्रेन अफ लिगल एण्ड इमोशनल डिभोर्समा हजारौँ व्यातिले भोगेको पिडा र नोक्सानलाई विस्तृत रुपमा

वर्णन गरेको छ, जसले कानुनी वा भावनात्मक तवरले भँग गरेको परिवारको असर भोगेकाछन। उनले वर्णन गर्न मुख्य बिशेषताहरु मध्ये एक अशुरक्षा र बारम्बार आउने प्रश्नहरु जस्तै "म को हुं" र "के म मायाँ पाउन लायकको छु ?"

यी प्रश्नहरुले मानव दुविधाको एक स्रोत तर्फ डोऱ्याउँदछ । महत्वको भावना । के कोहि मेरो चिन्ता गर्दछन् ? म केहि लायकको छु ? यी प्रश्नहरु कसरी आफुलाई मानव साइकलमा सम्मिलित गर्न आए ? यस प्रश्नको उत्तर दिन हामी फेरि सुरुवातमा जानु पर्नेहुन्छ ।

आकस्मात हव्वाले निषेधित रुखलाई हेरिरहेको भेटाईन । "किन परमेश्वरले हामीलाई यो रुखको फल खान निषेध गर्नुभयो ? " उनी छक्क पर्छिन् । फल यति आमन्त्रित देखिन्छ , उनी अघि बढेको संकेत गर्छिन । अकस्मात उनले रुखबाट एउटा आवाज सुनिन् । शैतानले आफ्नो अवसरलाई देखेर सर्पको माध्यमबाट लोभ्यायो । " के परमेश्वरले वास्तवमै भन्नुभएको छ, तिमीले बगैंचामा भएको कुनै रुखबाट खानु हुदैन? " दुवै शैतान हो, हव्वालाई बहस गर्न लोभ्याईरहेको छ र परमेश्वरको वचनको शाब्दिकताको बारेमा उनको दिमागमा शंका राख्दै छ। बहस र तर्कको क्षेत्रमा, हव्वा शैतानको लागि उपयुक्त मेलखाने पात्र होइनन् । यसमा धोका र अन्धकारको अपरिचित हतियारहरुलाई थप्नुहोस, र हव्वाले आफ्नो मुख खोलेर संलग्न हुने इच्छालाई संकेत गर्नुपर्दा प्रतियोगिता विनाशकारी हुनेछ । "हामीले बगैंचामा भएका रुखहरुका फलहरु खान सक्नेछौ, तर परमेश्वरले भन्नुभएको छ, तिमीले बगैंचाको बीचमा भएको रखको प,ल खानु हुदैन, र छुन पनि हुदैन फेरी तिमी मर्नेछौ ।"

3 Phillip Day, Introduction http://www.campaignfortruth.com/Eclub/100702 /depressionandsuicide.htm
4 David Van Biema, "Learning to Live with a Past that Failed," People, May 29, 1989, p 79.
5 Jim Conway, Adult Children of Legal or Emotional Divorce, (Monarch Publications, 1990) p 53. 6
उत्पति ३ : १

“हव्वाले परमेश्वरले भन्नुभएको वचनलाई दोहोऱ्याएर चुनौती स्वीकार्छिन, तर उनी अहिले अत्यन्तै समस्यामा परिरहेकी छिन् । उनको आफ्नो कौतूहलता  शैतानको सुरुवाती चुनौती सँग मिसिन गयो, र शैतानको मुखबाट निस्केको “तिमीहरु मदैनौ ” भन्ने वाक्यले उनलाई बिनातयार छाड्यो । के तपाई ‘मैत्री’ बहसको सन्दर्भमा कसैसंग कुराकानीमा आइपुग्नु भएको छ र तपाईंको विपक्षीले बायाँ क्षेत्रबाट केही नखसाले सम्म तपाईं परिस्थितिको नियन्त्रणमा भएको महसुस गर्नुभएको छ ? तपाईंले

सोचेको कुनै चिज, केही त्यस्तो चिज जुन तपाईको दिमागमा घुम्ने ती महिन तेल भएका चक्र दाँतहरुमा हतौडा फ्याँक्छ र त्यसलाई रोक्दछ ? यिनीहरुले भनेका कुरा गहिरो वा प्रबुद्ध थिए भनेर होइन्, तर तपाईले उनीहरुबाट यो आउने आशा कहिले पनि गर्नुभएको थिएन । यति साहसपूर्वक र यतिका निर्भरताका ती शब्दहरु बोल्ने सम्भावना तपाईलाई कहिले भएको थिएन ।

शैतानले अब उसले आफ्नो शिकारलाई उसको विनाशकारी उपयुक्तताको साथ चलाएको देखि घरलाई जित्ने प्रहार गर्दछ । “किनकि परमेश्वरलाई थाहा छ कि जुन दिन तिमीहरुले यो खानेछौ तिमीहरुको आँखा खोलिनेछ र तिमीहरु परमेश्वर जस्तै हुनेछौ र असल र खराबको ज्ञान पाउनेछौ ।”

यी केही पदहरु एउटा सानो देशको शहर भएर जानु जस्तो हुनसक्छ, एक पटक आँखा चिम्लनुहोस् र तपाई तिनीहरुलाई याद गर्नुहुनेछ । हव्वालाई शैतानले शुरुगरेको अवधारणा श्रापको बली थियो जुन अब आदमका सबै संतानलाई सताउँदछ-महत्वको लागि संघर्ष । यस्तो स्वतन्त्रता जस्तो अवधारणाले एउटा यस्तो वास्तविकतालाई प्रदान गर्दछ जसले ती मानव आत्मालाई दु:ख र अन्धकारमा दास बनाउँछ । के यो केही लामो जस्तो लाग्छ ? म सँग बस्नुहोस जस्तै हामी यो धारणालाई फुकाउने छौं । “ तिमी निश्चयनै मर्ने छैनौ,” यसको फल र यसले

निम्त्याउने उत्तर पाउन नसकिने प्रश्न खडा गर्ने भुमिकालाई हेर्नुहोस् । "के कसैले मेरो चिन्ता गर्दछ ?" र "के म माया पाउन लायकको छु ?"

म याद गर्छु जब म ८ वर्षको थिए, मेरो दिदीसँग एउटा गुडिया थियो जुन रुने र हाँस्ने र दुध पनि पिउने गर्दथ्यो । तपाईले मात्र त्यसको पछाडि केही ब्याट्रिहरु राखिदिनुपर्ने थियो र त्यस पछि त्यो चल्दथियो । यसले मेरो बहिनीलाई घण्टौंसम्म मनोरञ्जन दिनेथियो । मैले यो गुडिया कुकुरलाई खुवाउन चाहेको थिएँ किनकि त्यसको रुवाई एकदमै झर्को लाग्यो केहि समयपछि, तर सोचैं यसो गर्नु हुँदैन किनकि मेरो बहिनी घण्टौंसम्म रोएको मैले चाहिन् । मात्र दुईवटा ब्याट्रिहरु यसको पछाडि राख्नाले यो खेलौनाको जीवन थियो, र यो उस्तै सोच थियो जुन शैतानले हव्वाको जीवनमा कोशिस गरेको थियो, अरुहरुले के भन्छन् तिमीले चिन्तागर्नु पर्दैन तिमी आफै स्वयम् मा तिम्रो जीवन छ । तिमीलाई जे कुराले खुशी पार्दछ तिमी त्यो गर्न सक्छौ र तिमीलाई केहि नोक्सानि हुनेछैन् किनकि तिमी स्वयम्‌मा तिम्रो जीवन छ तिमी मर्ने छैनौं र जब सम्म तिमी यो रुखमा तिम्रो ब्याट्रि रिचार्ज गर्न फर्केर आउने छौ तिमीलाई सब ठिक हुनेछ ।

के तपाई कल्पना गर्न सक्नुहुन्छ १८ महिनाको बालकले बुवा र आमालाई भन्दछ, " मलाई लाग्छ अब म यो आफै गर्न सक्छु, म पछाडि बगैंचामा जिनोमसँग कुरा गरिरहेको थिए र उनले मलाई भने कि, म भित्र शक्ति छ जसले मलाई जीवित राख्दछ र मेरो सबै आवश्यक्ताहरु उपलब्ध गराउँदछ, त्यसैले तपाईको सबै सहयोगको लागि धन्यबाद, र हामी फेरि कुनैदिन भेटौंला ।" दुरुस्तै अदनको बगैंचामा आदम र हव्वासँग यस्तै भएको थियो ।

---

उत्पति ३ : १
उत्पति ३ : २,३
उत्पति ३ : ४
उत्पति ३ : ५

यो बिचार 'तिमीहरु निश्चित रुपमा मर्नेछैनौ,'भन्ने कुराले उनीहरुको स्वर्गीय पितामा पूर्ण निर्भताको भावना भंग पारेको थियो छोराछोरी हुन भन्ने कुरालाई अन्योल गरायो। किन आदम र हव्वाले आफ्नो गल्तिलाई महसुस गर्न सकेनन् र पूर्णतया परमेश्वरमा निर्भर रहने आफ्नो। यसले उनीहरु व्यक्तिगत तवरले को थिए भन्ने पहिचानको जगमा आक्रमण गर्‍यो। यसले उनीहरुको पहिचान प्रतिको सोच र उनीहरु परमेश्वरको अवस्थामा फर्केर जान सकेनन् ? म इच्छा गर्दछु यो सरल भएको, तर यो अवधारणालाई (बिचार) अंगाल्ने परिणाम हो कि 'तपाई निश्चिय पनि मर्नुहुने छैन' किनकि तपाई आफैमा शक्ति छ, एक सेकेण्डको लागि पनि, परमेश्वरसँगको वास्तविक सम्बनधको मूल खुशिको अवस्थामा फर्किन देखि तपाईलाई यसले रोक्न तत्काल प्रभाव पार्दछ। हामी पछि यसबारे थप कुरा गर्नेछौं, तर पहिले हामी त्यस भग्यशाली रुखमा फर्कौं।

शैतानको सुझावलाई ध्यान दिनुहोस् कि जव उनीहरुले यो फल खाए, कुनै न कुनै रुपमा तिनीहरुको आँखा ठूलो अस्तित्वको लागि खोलिने थियो। यहाँ अनुमान यति मात्र होइन कि तपाई आफैमा शक्ति छ, तर भौतिक ब्रह्मण्डमा शक्तिशाली वस्तुहरु छन्, जब तपाईले त्यसलाई प्राप्त गर्नुहुन्छ त्यसले तपाईलाई अझ शक्तिशाली बनाउन सक्छ। भौतिक संसारमा स्वागत छ।

उत्पत्ति ३: ४,५, मा शैतान पूर्ण तवरले आफ्नो नयाँ सुखी राज्यमा नयाँ आत्माहरु ल्याउने सुसमाचारिय मनस्थितिमा छ। उसले एउटा त्यस्तो राज्यको प्रतिज्ञा गरेको छ कि जो जसले यसलाई अपनाउनेछन् तिनीहरु शक्तिशाली र सन्टुष्टि हुनेछ। यो राज्य दुई मुख्य सिद्धान्तमा आधारित छ :

१.तपाईंलाई बाह्य उपकारी वा अधिकारबाट पूर्ण स्वतन्त्र बनाउने जीवनलाई आफै भित्र छ।

२.हाम्रो वातावरणमा मानिस, वस्तुहरु र चिजहरु हुन्छन् जुन यदि स्वामित्वमा पार्न सकियो वा यिनीहरु सँग हाम्रो सम्बन्ध

रहेको खण्डमा यसले हामीलाई अझ शक्तिशाली, अधिक प्रबुद्ध र जीवनमा अझ बढि पुरा गर्न सक्छ ।

यस ज्ञानको रुखको माध्यमबाट, शैतानले ब्याट्रि द्वारा संञ्चालित अस्तित्व प्रदान गर्दै थियो कुनै बाह्य उपभोक्ता वा अधिकारको आवश्यक्ता बिना जीवन, यसैले यस अध्यायको शिर्षक ड्यूरासेलको वृक्ष राखिएको हो । शैतानले हामीलाई भन्दछ कि यदि हामी जीवनमा उसको दर्शनलाई अनुसरण गऱ्यौं भने हाम्रो शरीरका कोषहरु सदासर्वदा रहिरहने छन् ।

यो याद राख्नु महत्वपूर्ण छ कि जब आदम र हव्वाले रुखको फल खाए, त्यहाँ कुनै त्यस्तो स्वभाविक बिष थिएन् जसले उनीहरुलाई डर, पापी र विद्रोही बनायो । बाइबलले हामीलाई बताउँदछ कि फल खानको लागि राम्रो थियो । बिष भनेको त्यो शब्द हो जुन शैतानले हव्वालाई भनेको थियो । बिष उसको राज्यको सिद्धान्त हो । केही व्यक्तिले प्रश्न उठाउँछन्, "जब आदम र हव्वाले फल खाए भने मलाई किन कष्ट हुन्छ ? मैले रुखबाट खाइन् ।" सत्य यो हो कि जब हामी परमेश्वरबाट स्वतन्त्र भएर काम गर्छौं, त्यस रुखको फल हामी आदम र हव्वाले जस्तै खान्छौं किनकि हामीले शैतानको राज्यको बिष निल्यौं । वास्तवमा हामी यो जान्न सक्छौं कि हामी वास्तवमै दिनहुँ यस रुखबाट खान्छा र यसको परिणाम स्वरुप हामीले भयानक अपाच्यता भोगिरहेका छौं ।

हामी परमेश्वरबाट टाढा बस्न सक्छौं भन्ने धरणा धेरै मानिसलाई अनौठो लाग्नसक्छ, तर अर्को अध्यायमा हामी यस प्रकारको सोचाई आत्मघाती हो भनेर जान्ने छौं ।

---

उत्पति ३ : ६

# २. जीवनको स्रोत

यो कार्यमा एक लामो दिन भएको थियो । हामी बजेट तयार गर्ने अन्तिम चरणमा थियौँ, साँचै नै नब्बे बजेटहरुलाई सम्मिलित गर्नु पर्ने थियो । महत्वकांक्षि प्रबन्धकहरु बीच उपलब्ध आय बनाएर, प्रत्येक चाहेको, आशा गरिएको, उनीहरुको लक्ष्यहरु प्राप्त गर्न पाइको (वृत्तकार मान चित्र) ठूलो टुक्राको माग समेत गर्नु, यो एक नाजुक प्रकृया थियो । जब अचानक फोनको घण्टी बज्यो मेरो दिमागले यी सबै तथ्याङ्कहरु मेरो शिरबाट बाहिर निकाल्ने प्रयास व्यर्थ भइरहेको थियो । "हेल्लो ...छोरा म बुवा बोलेको ।" बुवाको बोली सुन्दा उहाँको काँधमा ठूलो जिम्मेवारी आइलागे जस्तो लाग्यो । "के छ बुवा खबर ?" "आमा गम्भिर कार दुर्घटनामा परेकी छिन् ।" ती शब्दहरुले मलाई घनले जस्तो गरि हिर्कायो । अचानक म काम्न थाले र मेरो मुटुको धड्कन दोब्बर गतिमा बढ्यो । शक्तिवर्धक स्राव (एडिनलिन) ले मेरो शरीरलाई नियन्त्रणमा लिने वितिकै मेरा मांशपेशीहरु तनाव ग्रस्त भए । मैले फोनलाई स्थिर राख्न कोशिष गर्दै कानेखुसी गरे जस्तो गरि बोले "दुर्घटना ?" "कति गम्भिर ?" "यो केहि गम्भिर छ छोरा ।" यो क्षणमा मलाई फोन मार्फत तुरुन्तै फड्को मारी बुवाको माथि ढल्न मन लागेको थियो । तर उहाँ गाडिमा १२ घण्टा लाग्ने ठाउँमा हुनुहुन्थ्यो र मैले हवाईजहाज पक्डिन विहानसम्म पर्खिनु पर्थ्यो । जब मैले फोन राखे मेरो दिमाग घुमिराखेको थियो - त्रास, डर र कमजोरी सबैले मलाई एकै चोटी प्रहार गऱ्यो । त्यतिनै बेला मैले येशूलाई सम्झे र मैले घुँडा टेकी चिच्याएँ "हे येशू कृपया उनलाई मर्न नदिनुहोस् ।"

मैले आफ्नो बाइबल खोले र मैले केवल प्रार्थना गरिरहे जबसम्म ममा शान्तिको भावना आएन, र मैले शान्ति महसुस गरे । जबसम्म मलाई डर, असहायता र आघातले फेरि हिर्काउँदैन मेरो दिमाग तब जीवनको

संसारिक चिजहरुको लागि भौतारिरहयो । बारम्बार मैले घुँडा टेकी प्रार्थना गरे र येशूलाई समाति रहेँ ।

आमा एक संगती पाठ सिकाउन उनको बाटोमा यात्रा गर्दै थिइन्, उनी दुई सडक बीचको दश मिटर बगैंचा भएको एक दोहोरो बाटोको राजमार्गमा थिइन् । उनी भर्खरै अर्को कार भएर जाँदै थिइन जब उनी एउटा अल्गो चुचुरोमा पुगिन ती सब उनलाई याद छ । अर्को तर्फबाट आउँदै गरेको कारको नियन्त्रण हराएको थियो र दुई सडक बीचको दश मिटर दुरी पार गरेर मेरो आमाको टाउकोमा लाग्यो । प्रभावको बलले फायरवालको माध्यमबाट आमाको कारको इन्जिनलाई धक्का दियो, उहि समयमा स्टेरिङ्ग व्हील सिधै उनको अनुहारमा गुड्यो । केहि अज्ञात कारणबश, यो क्षणमा सिट भाँचियो र म यसको लागि कृतज्ञ छु अन्यथा उनी तुरुन्तै मरेकी हुन्थिन् । जब उनीहरुले उनलाई अस्पताल पुऱ्याए उनको पाखुरा, खुट्टा भाँचिएका थिए र उनको अनुहारको पुरै देब्रेभाग बिच्छेद भएको थियो । जस्तै मेरी आमाले अस्पताल भित्र चिच्याउनु भयो, त्यहाँ एकजना डाक्टर हुनुहुन्थ्यो जसले आफ्नो दैनिक कार्य लगभग सक्नुभएको थियो । जब उहाँले मेरो आमा चिच्याउनु भएको सुन्नुभयो उहाँ तुरुन्तै काममा लाग्नुभयो । उहाँले आठ घण्टासम्म उनको ज्यान बचाउन संघर्ष गर्नुभयो । र अन्ततः धेरै तनावको क्षण पछि उनी स्थिर भइन् । मैले डाक्टरलाई धन्यबाद दिन वास्तवमै शब्दहरु भेट्न सकिन, अहिले पनि यसले मेरो आँखामा आँशु झर्दछ । त्यो व्यक्तिले १६ घण्टा सिधा काम गऱ्यो र त्यसपछि बल्ल तीन बजे मेरो बुवालाई थाहा दिन सोच भयो कि मेरो आमाको अवस्था नजुक थियो तर अहिले शान्त छ । म अहिले पनि उहाँप्रति अत्यन्तै आभारी छु, चिकित्सा पेशाको शिप, शक्ति र दयाको एक चमक्दार उदाहरण ।

केहि दिनपछि मेरी श्रीमती र म आमासंग गहन देखभाल वार्डमा थियौं । उनलाई जीवित म एकदमै खुशी भएँ । डाक्टरहरु उनको स्वास्थ्य लाभको दर देखेर छक्क थिए । हामीलाई बताइएको थियो कि उनी फेरी पियानो बजाउँन र हिड्न असक्षम हुनेछिन । यो एक कठोर झड्का

थियो, तर उनी अझै हामीसँगै थिइन, र म धन्यवादी छु। लोरेले आमाको लागि मेडिकल डायरी प्रविष्टिहरु हेरिरहेको थियो र मलाई आउन संकेत गरे। यसले स्पष्ट बिन्दु देखायो जहाँ उनीहरुले आमालाई गुमाउने छन्, र त्यसपछि अचानक उनको सबै महत्वपूर्ण संकेतहरु उत्रियो र उनी शान्त भईन। यो कसरी भयो भन्ने बारेमा कुनै लेखाई थिएन, तर मलाई थाहा थियो कि जीवनको स्रोत , मेरो पिताले उनलाई सम्हाल्नको निम्ति आफ्नो पुत्रलाई पठाउनु भएको थियो। म येशूको जीवनदायी शक्तिको लागि धेरै अभारी छु। आज, आमा हिड्छिन र कहिलेकाही जब उनी पियानो बजाउछिन, म मेरो हृदयमा येशूप्रति आभर व्यक्त गर्दछु जस्ले मेरो आमालाई त्यस्तो मृत्युको मुखबाट बचाउनु भयो।

जब जीवनको स्रोत बुझने कुरा आउँछ, बाइबलले तपाईलाई बिना शंका छोड्छ। हामी कलस्सीको पुस्तकमा निम्न पढ्दछौः

> "किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्विमाथि भएका दृश्य र अदृश्य थोकहरु, चाहे सिंहासनहरु, चाहे प्रभुत्वहरु, चाहे प्रधानताहरु, चाहे अधिकारहरु, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। उहाँ नै सबै कुराभन्दा अगाडी हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्।" (कलस्सी १:१६,१७)

हामीले देख्न वा महसुस गर्ने सबै कुरा, र हामीले देख्न नसक्ने सबै कुरा सृष्टि गरिएका थिए र अब येशू ख्रीष्टले यसलाई सम्हाल्नु भएको छ। अन्तिम बाक्यको शब्दहरुलाई ध्यानपूर्बक हर्नुहोस्। र उहाँमा सबै थोकहरु बाँधिएका छन्। पाठले हामीलाई स्पष्ट रुपमा बताउँदछ कि पुत्रको जीवन शक्तिले सम्पूर्ण ब्रह्माण्डलाई एकसाथ समाल्नु हुन्छ, प्रेरितको पुस्तकमा पावलले यसलाई अर्को तरिकामा प्रस्तुत गर्दछन्।

उहाँ परमेश्वर हुनुहुन्छ जसले सारा संसारलाई बनाउनुभयो। किनकि उहाँ स्वर्ग र पृथ्वीका स्वामी (मालिक) हुनुहुन्छ, उहाँ मानव निर्मित मन्दिरमा बस्नुहुन्न। (२५) र मानव हातले उहाँको आवश्यक्तालाई पूरा

गर्न सक्दैन् - किनभने उहाँलाई कुनै आवश्यक्ताहरु छैन् । उहाँ आफैले सबै चीजहरुलाई जीवन र सास दिनुहुन्छ, र उहाँले सबै आवश्यक्ताहरुलाई सन्टुष्टि गर्नुहुन्छ । (२६) एक व्याक्तिबाट उहाँले सारा पृथ्वीभरि सबै जातिहरु सृष्टि गर्नुभयो । तिनीहरुका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो, (२७) तिनीहरुले परमेश्वरलाई खोजुन, शायद तिनीहरुले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो । तर पनि उहाँ हामी हरेकबाट टाढा हुनुहुन्न । (२८) किनभने, “हामी उहाँमा जीउँछौं, र उहाँमा चहलपहल गर्छौं, र उहाँमा हाम्रो अस्तित्व छ ।” कविले भनेका छन् ‘ हामी निश्चय उहाँकै सन्तान हौं ।’

(प्रेरित १७ : २४,२८)

हामी यहाँ एक परमेश्वरलाई देख्दछौं जो हाम्रो जीवनमा धनिष्ट सम्बन्ध हुनुहुन्छ । पावलले ठुलो चित्रणका साथ शुरु गर्दछन र त्यसपछि आत्मीय र व्यक्तिगत स्तरमा शुन्य हुन्छन् ।

१. उनले प्रत्येक राष्ट्रको समय र ठाँउ तोकेका छन् ।
२. उहाँ हामी प्रत्येकबाट टाढा हुनुहुन्न ।
३. र अन्तमा पावल यस मुद्दाको मुटुतिर जान्छन कि उहाँमा हामी बाँचिरहेका छौ र अघि बढ्छौ र अवस्थित छौ ।

यदि हामी उहाँमा बाँचिरहेका छौ भने, साधारण तर्कले हामीलाई भन्छ कि हामी उहाँबिना बाँच्न सक्दैनौ । परमेश्वरको इश्वरीय प्रतिनिधि हुनुभएकोले, परमेश्वरको पुत्र येशूले भन्नुभयो “ म वाहेक तिमीले केही गर्न सक्दैनौ ।” कृपया बुझ्नुहोस् कि यसको अर्थ हामी उहाँबिना शारिरीक मानसीक वा आध्यात्मीक रुपमा केहि गर्न सक्दैनौ । हामी

“सबै कुरा तपाईबाटै आउँछन् , र तपाईकै दानबाट हामी तपाईलाई दिदछौं ” (१इतिहास २९ : १४)

पूर्णतया र पूर्ण रुपमा परमेश्वर र उहाँको पुत्रमा सबै कुराको लागि निर्भर छौ, जसरी एउटा सानो बच्चा आफ्नो आमाबुवामा निर्भर गर्दछ ।

मलाई यो विषय बर्णन गर्नदिनुस् किनकि यसको नतिजा धेरै टाढा सम्म पुगेको छ । मुटुको अद्बुत अंगलाई विचार गर्नुहोस् । यसले दशकौसम्म बिना रोकावट हाम्रो शरीरको वरिपरि रगत प्रवाहित गर्न पम्पको रुपमा काम गर्दछ ।

मुटुको बारेमा अचम्मको कुरा के छ भने, मुटुको धड्कनको लागि यहाँ कुनै प्रकारको बाहिरको सहयोग देखिन्दैन । हृदयको मांशपेशीले स्नायु प्रणालीबाट कुनै सीधा उत्तेजिना बिना संकुचन र आराम गर्न सक्छ । योसँग एक वास्तविक संचालन प्रणाली हुन्छ । एनाटोमी पुस्तकको अनुसार "संञ्चालन प्रणाली विषेश मांशपेशीय टिस्युहरु मिलेर बनेको छ जसले बिधुतिय आवेगहरु उत्पन्न गर्दछ र वितरण गर्दछ जुन कार्डियक मांसपेशी फाइबरहरुलाई संकुचन गर्न उत्प्रेरित गर्दछ ।" यी मांसपेशी फाइबरहरु निश्चित रुपमा विशेषज्ञ छन् किनभने तिनीहरुले बिधुतिय आवेगहरुलाई उत्पन्न गर्दछन, जुन स्नायु प्रणालीबाट आउँदैनन् । यो सम्पूर्ण रुपमा अचम्मको छ कि एनाटोमी पुस्तकको कुनै खण्डमा पनि यसले मुटुको मांसपेशी फाइबरहरुले हृदयलाई संकुचन गर्न कसरी बिजुली उत्पादन गर्दछ भन्ने प्रश्नलाई सम्बोधन गर्दैन । यसलाई विशेष र वास्तविक भनिन्छ, तर यसले कसरी गर्दछ, र यो शक्ति कहाँबाट आउँछ ?

यहाँ सडक बिभाजन हुन्छ । बाइबलले हामीलाई भन्दछ कि यो उर्जा प्रत्यक्ष परोश्वरबाट आउँदछ, "उहाँमा हामी बाँचिरहेका छौं ।"

---

यहून्ना १५ : ५

3 Gerard Tortora and Nicholas Anagnostakos, Principles of Anatomy and Physiology, (Harper and Row Publishers, New York, 1984) p 463.

( प्रेरित १७: २८) तर शैतानले हामीलाई भन्दछ कि यो हाम्रो भित्र स्वभाविक छ । यो केवल जैविक प्रकृयाको एक हिस्सा हो जुन हामी आफैको स्वमित्वमा छ, "तिमी निश्चय मर्नेछैनौं ।" (उत्पति ३ : ४) यो त्यस्तो आधारभूत मुद्दा हो । यो कि त एक वा अर्को हो । त्यहाँ धेरै इसाईहरु छन् जसले यस मुद्दामा बीचको बाटोलाई अपनाउन खोज्छन् र भन्छन् "परमेश्वरले सबै कुरा बनाउनु भएको छ, तर यो हावाबाट चल्ने घडीं जस्तो छ। उहाँले पहिले संचालन गर्नुभयो र आफै चल्नलाई छाडिदिनु भयो ।" जस्तो कि कुनै प्रकारले परमेश्वरले ड्यूरासेलको ब्याट्रिहरु बनाएर त्यसलाई हामी भित्र राखिदिनुभयो । बाइबलले यो धारणा सिकाउँदैन । हामी उहाँसंग घनिष्ट रुपमा जडित छौं र पूर्ण रुपमा उहाँमा आश्रित छौं । प्रत्येक मिनेटको हरेक सेकेण्डको प्रत्येक सेकेण्डको हरेक मिलिसेकेण्ड, हरेक घण्टाको प्रत्येक मिनेट र हरेक दिनको प्रत्येक घण्टा । परमेश्वर सक्रिय जानीबुझि, प्रेमपूर्वक हामीलाई बिधुतिय उर्जा पूर्ती गर्नुहुन्छ जसले हाम्रो हृदयलाई धड्काउने गर्छ । यो वास्तविकताको बारेमा त्यहाँ केहि छ जसले हामीलाई मानवको रुपमा वास्तवमा असहज बनाउन सक्छ तर हामी पछियसलाई सम्बोधन गर्नेछौं । तथ्य यो हो कि हामीले अहिले यो मुद्दालाई स्पष्ट गर्नु आवश्यक छ । कि त हामी विश्वास गर्दछौं "उहाँमा हामी बाँचिरहेका छौं र हिडछौं र हाम्रो अस्तित्व रहेको छ ।" वा हामी विश्वास गर्दछौं कि " हामी पक्कै मर्नेछैनौं ।" त्यहाँ कुनै मध्यम मैदान छैन ।

यो हामी मध्ये धेरैको लागि चुनौतीपूर्ण हुनसक्दछ, हामीले केवल मानव अस्तित्वको भौतिक भागसँग व्यवहार गरेका छौं, अब हामीले मानसिक र आध्यात्मिक पक्षहरुलाई बिचार गर्नुपर्छ । निम्न पदहरुमा विचार गर्नुहोस् :

> कि प्रेममा एकसाथ बाधिँएर तिनीहरुका हृदय प्रोत्साहित होऊन र पक्का समझका परिपूर्णताको सम्पति र परमेश्वरका रहस्यको ज्ञान, अर्थात ख्रीष्टलाई प्राप्त गरुन । उहाँमा नै ज्ञान र बुद्धिका सारा सम्पति लुकेका छन । (कलस्सी २ : २,३)

**अनि परमप्रभुले मोशालाई भन्नुभयो, "हेर्, मैले यहूदाका कुलको हूरको नाति, ऊरीको छोरो बजलेललाई चुनेको छु। मैले त्यसलाई परमेश्वरका आत्माले, र सीप, दक्षता र सबै किसिमका कारीगरीको ज्ञानले परिपूर्ण पारेको छु। त्यसले सुन, चाँदी, काँसाका कलापूर्ण आकार कोर्ने, र पत्थर काट्ने र जड्ने, काठ खोप्ने र सबै किसिमका कारीगरीका काम गरोस् भनेर हो।** (प्रस्थान ३१ : १-५)

बाइबलले परमेश्वर नै सबै ज्ञान र बुद्धिको स्रोत हुनुहुन्छ भनि प्रस्तुत गर्दछ । (कलस्सी २ : २,३) यसले मानवजातिले आफै ज्ञान र बुद्धिको आविष्कार गर्दछ भन्ने धारणालाई चुनौती दिँदछ । सबै ज्ञान र बुद्धि परमेश्वरबाट उहाँको पुत्र मार्फत आउँदछ । यसको उदाहरणलाई (प्रस्थानको पुस्तक ३१ : १-५) मा देखाइएको छ । यहाँ हामीले परमेश्वरलाई मानिसलाई सामाग्री बनाउन बुद्धि र समझ दिनुभएको छ । यो चाखलाग्दो छ कि हामी प्रायजसो ठूलो प्रतिभा र सक्षमता भएको मानिसलाई एउटा 'वरदान' को रुपमा जनाउँछौं । वास्तवमै यो परमेश्वरबाट दिएको यो वरदान हो । (उपहार) हो ।

हामी एकदिनको लागि आफूलाई एउटा सांगेतिक आयोजनामा राखौँ । एक प्रतिभाशाली युवतीले आफ्नो औंलाहरुलाई ताल र माथि गरि एक भव्य पियानोलाई बजाएको छ कि दर्शकहरु मंत्रमुग्ध छन कि मञ्चमा प्रभावशाली खडा छ । उनी शाब्दिक रुपमा पियानोलाई गाउन लगाउँदछिन् - एउटा गुरुको छुवाई त्यसपछि उनी पियानो द्वारा एउटा क्षणको निर्माण गर्छिन र हामी बुझ्दछौं अन्त आइपुगेको छ । हामी उनलाई जारी राख्न खाज्छौं तर अन्त्य हुन्छ र भिंड तालीमा विस्फोट हुन्छ, यस्तो भव्यता र अनुग्रहबाट भावुक र तिव्रतासँग विस्मिता ती युवतीले झुकेर प्रशंसाको गन्ध लिइन र त्यसपछि मञ्चबाट हिँडछिन ।

हामी एकछिन पछाडि तिर फर्कौ, किनकि त्यहाँ केहि रोचक छ यस्तो सामान्य दृष्यको बारेमा। प्रत्येक समय जब-जब यस्तो हुँदछ, दर्शकहरुले ‘‘परमेश्वरको स्तुति गरुन जसबाट सबै आशिषहरु बग्दछ।’’ वा यस्तो प्रकारको गित गाउनु पर्छ। तालीको बजाईले परमेश्वर तर्फ निर्देशित हुनुपर्छ जसले शिप, बुद्धि र क्षमता दिनुभयो। पियानोबादकको हृदय प्रेम र कृतज्ञताले ओतपोत हुनुपर्छ जुन उसले उपहार स्वरुप प्रयोग गर्ने गरेका थिए। तर यस्तो अवस्थामा यस्तो कम हुन्छ। यदि हामीले वास्तवमै यस तरिकाले कार्य गरेका छौँ भने हामी सफलता द्वारा वा असफलताको कारण हत्तोसाहित हुने छैनौँ किनकि प्रर्दशन गर्ने क्षमता हामीमा उत्पन्न हुँदैन र यदि यो हामीबाट उत्पन्न हुँदैन भने हामी सफल भएपछि यसको जस लिन सक्दैनौं वा हामी असफल हुँदा निरास महसुस गर्दैनौं।

यहाँ ड्युरासेल वृक्षको श्राप छ। खुला आकाशमा मोटर प्याराग्लाडिङ्गको स्वतन्त्रताको कल्पना गर्नुहोस्। हामी सफल हुँदा हामीले अनुभव गर्ने स्वतन्त्रताको अनुभूति त्यो सफलता हामीले सृजना गरेको हो भन्ने विश्वास रमणिय दृष्यको सांक्षी दिन पृथ्वीको हजारौं फिट चढ्ने रमाइलो सँग तुलना गर्न सकिन्छ। तर यदि हामी धेरै उच्चमा पुग्यौं भने अक्सिजनको कमिले हामीलाई चेतना गुमाउन वा इन्जिन असफलताको पिडीत पार्न सक्दछ जसले गर्दा हामी दुर्घटनाग्रस्त भइ जमिनमा पठाइन्छौ। हामी भित्रको शक्तिको भरमा हामी जति टाढा चढ्दछौ त्यतिनै उच्च वेगको साथ हामी पृथ्वीमा दुर्घटनाग्रस्त हुन्छौ। ड्युरासेलको श्रापबाट कुनै उम्कन सकेको छैन। त्यो माथि चढ्ने इच्छाको फल जब तपाई चाख्नुहुन्छ यो रोक्न नसकिनेछ, पाँच अन्तिम परिणाम अपरिहार्य छ। यो दुर्घटना होइन कि ‘‘तनाव विश्वव्यापी अशक्तताको प्रमुख कारण हो।’’

ड्युरासेलको रुखको फलले उच्चमा चढ्ने इच्छाको सृजना गर्दछ जुन हाम्रो लागि अनुकुल छैन। जति धेरै हामी यसको फ खान्छौं त्यतिनै ठूलो चढ्ने इच्छा हुँदछ र त्यतिकै ठूलो दुर्घटनाको सम्भावना हुँदछ।

तपाई ले कति चोटहरु पाईसक्नु भएको छ ? तपाई अझ कति धेरै लिन सक्नुहुन्छ ? यो सोच्न लायक छ ।

हामी अर्को तहमा जाऔं । हामीले शरीरिक र मानसिक निर्भरताको प्रयोगलाई हेरिसक्यौं, तर आत्मिकि र नैतिक निर्भरताको विषयमा के भन्नुहुन्छ ? यो एक चुनौतीपूर्ण विषय छ, त्यसैले तपाईको कुसीको पेटीलाई बाँध्नुहोस् किनकि यो एक अव्यवस्थित उडान् हुनेछ ।

बाइबलले हामीलाई भन्दछ "परमेश्वर प्रेम हुनुहुन्छ ।" (१यूहन्ना ४ : ८) यसले हामीलाई बताउँदछ कि परमेश्वर प्रेमको स्रोत हुनुहुन्छ । यसले यो पनि बुझाउँदछ परमेश्वर आशााको परमेश्वर हुनुहुन्छ । रोमी १५ : १३ यो दृष्टीकोणलाई गलातीको पुस्तकमा राम्रो सँग विस्तार गरिएको छ ।

> **तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन।** (गलाती ५ : २२,२३)

यो पदको प्रयोगहरु उत्साहजनक छ । एक मिनेटको लागि यसको विश्लेषण गरिहेरौं । यी सबै विशेषताहरु परमेश्वरको आत्मा प्राप्त गर्नाले आउँदछ । साधरणतया यसको अर्थ यो हुन्छ कि परमेश्वरको आत्मा बिना तपाईले प्रेम, आनन्द, धैर्यता, करुणा, शान्ति र यस्तै प्रकारको गुणहरु प्राप्तगर्न असम्भव छ । जब म एकदिन तालको छेउमा रहेको बगैंचामा हेरिरहेको बेला म यो बाइबलीय सत्यताको विषयमा विचार गर्दै थिए । यो शान्तिपूर्ण थियो । मैले अचानक ख्याल गरे एकजना आमा जो आफ्नो छोरालाई पिङ्गमा धकेल्दै गरेको । उनीहरु दुवै मिलेर हाँसिरहेका थिए र अवस्य पनि एकअर्काको साथलाई आनन्द लिइरहेका थिए ।

त्यो प्रेंम जुन यो आमाले आफ्नो छोरीको लागि अनुभव गरिरहनु भएको थियो त्यो परमेश्वरद्वारा प्रेरित थियो । उनको छोरी प्रतिको मायाँ, करुणा,

रकोमलता आमाको हृदय भित्र आफै सृजना भएको थिएन, तर परमेश्वरको हृदय भित्रबाट थियो, र त्यो आमालाई दिइएको थियो जसले यसलाई प्रस्तुत गर्न चाहानु भयो र यो एउटा आमाको प्रेम बन्न गयो । यो सोचाइमा यो कुनैपनि हालतमा वास्तविक आमाको प्रेम थिएन्, तर परमेश्वरको प्रेम थियो जुन आमा मार्फत प्रस्तुत भएको थियो । त्यो प्रेम आमाको एक अंग बन्न पुग्यो किनकि उनले परमेश्वरको आत्मा प्रति उत्तरदायि बनिन र यसलाई प्रस्तुत गरिन । साँचो रुपमा बुझ्दा छोराछोरी प्रति आमाको प्रेमको रुपमा त्यहाँ त्यस्तो कुनै कुरा छैन वा श्रीमान र श्रीमती बीचको प्रेमको रुपमा । के यो नयाँ र भिन्न लाग्छ ? हो बाइबलले हामीलाई यहि सिकाउँछ ।

मैले यो विचारलाई धेरै पटक मेरो प्रचारमा र भेलाहरुमा बोल्द प्रस्तुत गरेको छु र दर्शकहरुको प्रतिक्रियालाई हेर्न एकदमै चाखलाग्दो छ । केहि मानिसहरुको अनुहारमा हेर्दा यस्तो देखिन्छ कि मैले मानवजातिको सुरुवातमा आक्रमण गरेको जस्तो । किनभने, अहिलेसम्म गाएको लाखौं प्रेम गितहरु र विवाहको मण्डपमा गरिएको करोडौं वाचाहरु जसले भन्दछ, "म तिमीलाई मायाँ गर्दछु र सँधै गरिरहनेछु ।" यी वाचाहरुमा एउटा पनि परमेश्वरले उहाँको प्रेम हाम्रो खुला हृदयमा नखन्याए सम्म पूरा गर्न सकिदैन् । आऔं प्रेको विशेषतालाई प्याराग्लाइडरमा राखौं । किन धेरैजना प्रेमबाट खस्ने गर्दछन् र जमिनमा दुर्घटनाग्रस्त हुन्छन ? मानिसहरु जसले विश्वास गर्दछन कि प्रेम हाम्रो जीवनमा उत्पति हुन्छ तिनीहरु प्राय विहानमा बिउँझिन्छन् र आफ्नो आमाबुबासँग मायाँको अनुभुति गर्दैनन् । तिनीहरु शङ्का गर्दछन के यो सम्बन्ध हाम्रो लागि अझै उचित छ होला र प्रायजसो त्यो अनुभुति प्राप्त गर्न अरु कसैलाई खोजी गर्छन् । ड्युरासेलको क्रेडिट कार्डले आफ्नो क्षमता पार गरिसकेको छ र अहिले यो समय भनेको नगद तिर्ने हो ।

इमान्दार मानिसको विषयलाई तपाई के भन्नुहुन्छ जसको आफ्नो वाचाको साँचो अर्थ भनेको उसको श्रीमतीलाई जिन्दगी भर प्रेम गर्नु भन्ने बुझेको हुन्छ र अचानक उसले आफूलाई अर्को स्त्रीसँग आर्कषित

भएको पाउँदछौँ । उसले यस तरिकाले सोच्न चाहदैन होला तर उसले "यसलाई मद्दत गर्न सक्दैन ।" प्रेम कामुकतामा अन्योल हुन्छ र त्यहाँ शङ्का उत्पन्न हुन्छ उसको इमान्दारितामा । त्यस पछि उ आफ्नो साथीबाट बाहिर निस्कन चाहान्छ किनकि यसरी चल्दा आउने दोषी भावनाले उ अझै पनि प्रेम पाउन योग्यको छ भनि विश्वास गर्न उसलाई रोक्दछ । उसले सोच्थ्यो कि उसको हृदयबाट निस्केको त्यो प्रेमको प्रवाहलाई उसले सम्हाल्न सक्नेछ, तर अहिले उसको प्याग्लाइडर ठप्प भएको छ र उसले कहाँबाट उड्को थियो त्यहिँ जमिनमा खसि दुर्घटना भएको छ र उसको विवाहको अन्त्य भएको छ । के यो अचम्मित छ कि प्रायजसो मानिसहरुको लागि विवाहमा आनन्द पाउनु ठूलो धोका हो ?

तिनीहरुको लागि जसले आफ्नो विवाहलाई कतिपनि महत्वपूर्ण महसुस गरिरहेका छैनन्, याद गर्नुहोस् कि प्रेम परमेश्वरको हृदयमा मात्र सृजना हुन्छ र यो तिनीहरुको लागि सितैमा उपलब्ध छ जसले उहाँसँग यो माग्दछ । यदि तपाँई महसुस गर्नुहुन्छ कि तपाईले आफ्नो जीवनसाथी प्रतिको प्रेमलाई गुमाउनु भएको छ भने, त्यो प्रेम तपाईलाई फर्काउनको लागि परमेश्वर सँग माग्नुहोस् । उहाँले तपाईलाई त्यो दिनुहुनेछ किनभने उहाँले यो प्रतिज्ञा गर्नुभएको छ ।

> **तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु। तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु।** (यूहन्ना १४ : १३-१४)

# ३. परमेश्वरको हृदयको नजिक

हामी हतारका साथ तीब्र गतिमा तलतिर खुल्ला बाटो तर्फ दौड्दै थियौं । लारेलेको व्यथा खप्ने अवस्थामा आइसकेको थियो । हामीले पकाउ पर्ने चाहना गरेनौं, त्यसैले हामी हताररिदै अस्पताल गयौं । यो एकदमै नौलो र उत्साहित भयो, चाँडैनै हामीले हाम्रो बच्चा पाउँदै थियौं । हामी सुटुक्क प्रसुती गृह कक्षमा गयौं र नर्सले हामीलाई हेर्नुभयो र भन्नुभयो, "तिमीहरु अत्यन्तै खुशी छौ, तिमीहरु हिँडनको लागि जानु पर्छ ।" त्यस पछि त्यस कुराले हाम्रो उत्साहलाई निरशामा बदलिदियो । ४५ मिनेट पश्चात हामी फर्केर आयौं र अहिले लोरेले मुस्कुराइ रहेको थिइनन् । अर्को ३० मिनेट पछि हामी फेरि प्रसुती कक्ष बीचमा खडा भयौं । साँचैनै यसलाई परिभाषा गर्ने त्यहाँ अरु कुनै शब्द छैन, पीडा, अत्यन्तै पीडा । हामीले अग्रजहरुबाट सिकेको सबै कलाहरुलाई सम्झने प्रयास गर्‍यौं तर त्यसमा केन्द्रित रहनु कठिन थियो । ती व्यथाहरुले मालवाहक रेलले जस्तो हिर्काउने गर्थ्यो । जब तपाईले एउटा सँग संघर्ष गरिसक्नु हुन्छ लगतै अर्को तपाई माथि आइलाग्छ । अन्त्यमा ११ घण्टा पछि, हामीले हाम्रो पहिलो जेठा छोरा प्राप्त गर्‍यौ, माइकल ।

त्यहाँ साँचै चाखलाग्दो तस्बिर र लोरेले र मेरो जुन जन्मिसकेपछि खिचेको तस्बिर थियो । यो साँचै नै अचम्मको छ । उनी त्यहाँ अडेसो लगाएर बसिरहेकि थिइन् जस्तो कि यो सबै एकदिनको काम थियो, र म हावामा डुलिरहेको छु जस्तो कि म सकिन्दै थिए । मैले त्यो दिन महिलाहरुको अवस्थाको लागि गहिरो नयाँ आदरलाई विकाश गरे । दिदि बहिनीहरु मैले तपाईलाई भन्नै पर्छ तपाईंको श्रीमतीले बच्चा जन्माएको हेर्नु वास्तवमै कठिन काम हो ।

म मेरो भनाइलाई सक्नेछु । भावनात्मक तनावमा भएर आफूले मायाँ गरेको व्यक्तिलाई ठूलो पीडामा हेर्न वास्तवमै यो अच्चमको हुन्छ । हामी छोरा मान्छेको लागि, हामी सँग समस्याको समाधान हुन्छ, तर यो

समयमा म सँग जवाफ थिएन् र यसले चोट पुऱ्यायो । मैले मात्र प्रार्थना गरे “परमेश्वर, मलाई थाहा छ यो सब हुनमा त्यहाँ कुनै कारण छ, तर अहिले म यसलाई हेर्न सक्दिन ।” म साँचैनै खुशी थिए जब यो हटेर गयो ।

जब मैले पहिलो पटक मेरो छोरालाई समाते, यो एउटा अनन्तको क्षण थियो जब मैले उसको आँखामा हेरे, र उसले सिधा मलाई हेरिरहेको थियो, र यो आश्चर्य लाग्दो थियो । म आश्चर्य र चकित भइ हेरिरहे, यो गहिरो डरको भावले म दुखीत भएको थिए । मलाई थाहाभयो कि मेरो छोराको पनि मेरो जस्तो स्वभाव रहेछ, एक प्रकारको स्वभाव जसले अधिकारीहरुलाई चुनौति दिँदछ, त्यो स्वभावले आज्ञाकारिता भन्दा विरोधी तर्फ खिचिनेछ । मलाई थाहा थियो कि ममा जिम्मेवारी थियो उसको त्यो इच्छालाई साँचो प्रेमको अनुशासनमा, करुणामा, निःस्वार्थता र आज्ञाकारितामा डोह्रेऱ्याउने र उसलाई तालिम दिने । यो सबै बावजुद म अच्मित भएँ, के उ मेरो साथी बन्ने छ ?

के हामी बीचमा कुनै त्यसतो कुरा आउने छ र आमीलाई अलग गर्ने छ ? मैले त्यतिनै खेर प्रार्थना गरे, “हे स्वर्गमा हुने पिता, मेरो छोरा र मेरो बीचमा कुनै त्यस्तो कुरा आउन नदिनुहोस् जसले हामीलाई अलग गर्दछ । हामी सँधैभरी नजिक हुन सकौं, र म प्रर्थाना गर्दछु उसले म को हो भनि जान्न सकोस् र मेरो मित्र हुन सकोस ।” त्यो प्रार्थनाको प्रभाव रहन्छ । म यो सँधै महसुस गर्दछु, र यो विश्वासको साथ म अझै पनि प्रार्थना गर्दछु परमेश्वरले यसलाई सत्यतामा ढाल्नुहुनेछ ।

चार वर्ष पछि म परमेश्वरसँग बाचचित गर्दै र हिँडदै जीवनको उत्तरचढावबाट टाढा गइ एउटा शान्त साबथ बिताइरहेको थिए । म मेरो स्वर्गमा हुनुहुने पिताको बारेमा, म प्रतिको उहाँको प्रेम र यो कति महान् छ भनि सोचिरहेको थिए । र अचानक मेरो दिमाग मेरो छोराको जन्म तर्फ बढ्यो र म ऊ बाट कहिले पनि अलग हुन नचाहने र उसले मलाई वास्तविक रुपमा चिनास भन्ने तीब्र इच्छालाई मैले सम्झना गरे ।

त्यो दृष्य हटेर गयो र सुनसानमा मेरो मनमा एउटा सानो आवजलाई मैले सुने, र यसले भन्यो, "त्यहि तरिकाले म तिम्रो बारेमा महसुस गर्दछु ।" म हाासौं कि रुऔं मलाई थाहा थिएन, र यो स्वीकार गर्न मलाई अचम्मै गह्रो भएको थियो । मैले भने "तर प्रभु," "तपाईंलाई थाहा छ म को हुँ, तपाईलाई थाहा छ मैले कति धेरै नराम्रो बोलेको र गरेको छु," त्यसैले म झगडा गर्न थाले । साँचै नै म आफैबाट अचम्ममा परे । म त्यो व्यक्ति थिए जसले येशू ख्रीष्टलाई उसको मुक्तिदाता भनि स्वीकार गरेको थिएँ र उसको पापहरु क्षमा भए भनि विश्वास गरेको छ, तर जब परमेश्वर मेरो नजिक आउनुभयो र उहाँ मेरो बाटोमा कस्तो महसुस गर्नुहुन्छ भनि बताउनु भयो, यो स्वीकार गर्न कठिन थियो । अन्त्यमा म चिच्याए "हे तपाईलाई धन्यबाद, मलाई प्रेम गर्नुभएकोमा, तपाईलाई र तपाईले मेरो निम्ति गर्नुभएका सबै कुराको लागि तपाईलाई धन्बाद । म तपाईलाई धेरै मायाँ गर्छु ।" र त्यो वास्तविक क्षणमा मलाई लाग्यो कि म उहाँको पाखुरामा थामिएको छु । म खुशी भएको थिइन । मैले महसुस गरे कि मेरो स्वर्गीय पिताले मलाई असाध्यै मायाँ गर्नुहुन्छ कि हामी बीचमा केहि आएको उहाँ चाहानुहुन्न । हामी अलग हुने कुराले उहाँलाई चोट पुऱ्याउँछ, र त्यस्तो हुन नदिनको लागि उहाँ सँधै लागिपर्नु हुन्छ ।

यो अनुभव द्वारा परमेश्वरको राज्यको भागिदार हुनुको सुन्दर महत्वहरुलाई मेरो हृदय भित्र मलाई प्रकाश पारिएको थियो । यो घटना पछि लगतै बाइबलमा भएको केहि खण्डहरु तर्फ मलाई डोहोऱ्यायो जसले मेरो आँखाहरु खोलिदिए र मलाई परमेरश्वरको अझ बढि प्रशंसा गर्ने बनायो । म प्रार्थना गर्दछु कि यस पदको महत्व तपाईको हृदय भित्र जल्नेछ र तपाईलाई कहिल्यै छोडने छैन । यहाा परमेश्वरको राज्य तर्फको एक स्पष्ट झ्याल छ ।

> के दुई पैसामा पाँच वटा भँगेरा बिक्दैनन् तीमध्ये एउटालाई पनि परमेश्वरले बिर्सनुहुन्न। तर तिमीहरूका त शिरका

**केशसमेत गनिएका छन्। यसकारण नडराओ, तिमीहरू धेरै भँगेराभन्दा बढ़ी मोलका छौ।** (लुका १२ : ६,७)

येशूले उहाँको राज्यको सिद्धान्तहरुलाई सिकाउँदै हुनुहुन्छ। यी पदहरुमा हामी सँग एक गणितिय बिधि छ जसले मानिसहरुलाई परमेश्वरको राज्यमा मूल्यवान बनाउँछ। त्यो के हो जसले उनीहरुलाई गन्ती गर्दछ, के ले उनीहरुलाई केहि मूल्यवान बनाउँछ ? यदि यो विषयहरु तपाईको लागि महत्वपूर्ण छैन भने, यो पदको कुनै अर्थ छैन, तर मैले आजसम्म कसैलाई भनेको छैन जो आफ्नो महत्वको विषयलाई लिएर संघर्ष गरेको छैन्।

येशूले मानविय रुपमा दुई भँगेराहरुको महत्वलाई प्रस्तुत गर्नुहुन्छ। यो संसारको बुझाइमा भँगेराको मूल्य कम हुन्छ। त्यसपछि त्यसको ठिक विपरित गई येशूले भन्नुहुन्छ, "यिनीहरु मध्ये परमेश्वरले एकलाई पनि बिर्सनु हुन्न।" यहाँ भिन्नता यो छ कि परमेश्वरले भँगेरालाई ख्याल गर्नुहुन्छ र तिनीहरु परमेश्वरको राज्यमा धेरै मूल्यवान छन। येशूले यस सिद्धान्तलाई तन्काउँदै भन्नु हुन्छ र तुलना गर्नुहुनछ कि परमेश्वरले हाम्रो बारेमा कति ख्याल गर्नुहुन्छ भँगेराको तुलनामा। "तिमीहरुको त शिरका केस समेत सबै गनिएका छन।" यदि त्यो अगाडी, नजिक र व्यक्तिगत, छैन भने त्यस्तो भए के छ ? के तपाईलाई थाहाछ कोही जसले तपाईको बारेमा धेरै जान्न चाहान्छन् कि तिनीहरुले जसले तपाईको शिरको केश समेत गन्ती गरि भ्याउँदछ ? त्यसपछि निचोडमा आउनुहुन्छ : "नडराओ, तिमीहरु भँगेराहरु भन्दा धेरै मूल्यवान छौ।" के तपाई देख्नुहुन्छ परमेश्वरको राज्यमा कति महत्व र मूल्य प्राप्त गरिन्छ ? यो सजिलै, परमेश्वरले प्रेमपूर्वक निरन्तर हाम्रो बारेमा ख्याल गर्नुहुन्छ भनि महसुस मात्र गर्नाले आउँदछ। निश्चय पनि हामी उहाँको मनमा छौं। उहाँले हामीलाई जीवन दिनुहुन्छ, हाम्रो मुटु धड्काउनु हुन्छ, र सक्रयि रुपमा हाम्रो जीवनमा उहाँको प्रेम वर्षाउनु हुन्छ जसको कारण हाम्रो जीवन रमाइलो सँग चलोस। र उहाँले हामीलाई प्रसस्त वरदान, प्रतिभा र क्षमता हाम्रो जीवन सन्तुष्टि, आनन्द र अरुप्रतिको

सेवाकार्य गर्नको लागि दिनुहुन्छ । यहाँ परमेश्वरको राज्यको रहस्य छ, यहाँ महत्वको रहस्य छ । यो एक साँचो हो जसले मूल्यहिन र तनावको दासत्वको राज्यको ढोका खोल्दछ । के तपाई सँग यसलाई विश्वास गर्ने साहस छ ?

यो सदर्भमा रहिरहँदा, के तपाईलाई थाहा छ परमेश्वरले तपाईको बारेमा कति ख्याल गर्नुहुन्छ ? यसलाई सुन्नुहोस् ....

> **हे परमप्रभु मेरा परमेश्वर, तपाईंले गर्नुभएका अचम्मका कामहरू धेरै छन्। तपाईंले हाम्रा निम्ति गर्नुभएका योजनाहरू तपाईंको अगि कसैले वर्णन गर्न सक्दैन। मैले तिनका बारेमा वर्णन गर्न चाहें भने पनि ती घोषणा गर्न सक्नेभन्दा धेरै हुन्छन्।** (भजनसंग्रह ४० : ५)

यदि हाम्रो महत्व परमेश्वरले हामी तर्फ राख्ने मायालु सोचाईले नै निर्धारण गर्दछ भने, तब यो पदले हामीलाई भन्दछ कि हामी अमूल्य छौँ, किनकि यसले भन्दछ हामीहरुको लागि उहाँका योजनाहरु र बिचारहरु घोषणा गर्न वा गन्ती गर्न सकिने भन्दा बढिका हुन्छन् । यो कसरी अमूल्य महसुस हुन्छ ? तर यो त्यतिनै असल हुन्छ जति असल हाम्रो विश्वास परमेश्वरले हामीलाई अपार प्रेम गर्नुहुन्छ भन्ने सत्यतामा हुन्छ, चाहे असल हुन वा खराब । यो एकदम सुन्दर समाचार हो र यसको लागि म धेरै धन्यबादी छु । त्यसैले जब जब तपाई आफ्नो महत्वलाई शङ्का गरि परिक्षित हुनुहुन्छ, तब भँगेरालाई हेर्नुहोस् र विश्वास गर्नुहोस् ।

# ४. पारिवारिक राज्य

यो एक गर्मी हो । एक उत्सब आत्माले कोठा व्यप्त छ । एक स्वादिष्ट सुगन्ध भान्साकोठाबाट बाहिर निस्कन्छ जसले जिब्रोलाई स्वादिष्ट भोजनको प्रतिज्ञा गर्दछ । जसरी विगतको कथाहरु भनिन्छन् हाँसोको घण्टीहरु बज्दछन् । प्रेम मिसिएको उत्साहित यर्थाथ वातावरणमा उपहारहरु साँटासाँट गरिन्छ ।बालबालिकाहरुले हजुरआमाको भोजान खाँदैगर्दा हजुरबुवाले हामीलाई भन्नुहुन्छ हामीहरु कति अल्गो भएका छौं । यो प्रायजसो हाम्रो अनुभव हुन्छ जब हामी हाम्रो हजुरबुवा र हजुरआमालाई भेट गर्न गयौं । यो परिवारको लागि समय थियो, यो एउटा तपाई काहाँको हो भन्ने कुराको पुनः पुष्टि गर्ने समय हो, यो एउटा आफूले माया गरेकाहरु साग पुनः मिलन गर्ने समय हो, उपहार बाँड्नको लागि र सँगै बस्नको लागि एक महत्वपूर्ण र बहुमूल्य समय हो यो ।

हामीलाई खस्कँन्दै गइरहेको उदासिनता र बेकम्माबाट जोगाउन त्यहाँ परिवारको नजिक हुनको भावना बाहेक अरु केहि महत्वपूर्ण छैन् । एक परिवार यस्तो स्थान हुनसक्छ जहाँ तपाई को हुनुहुन्छ भनि तपाई स्वीकार्य हुन्छ, जहाँ तपाई आफू बन्न सक्नुहुन्छ, जहाँ तपाईलाई गल्तीहरुको क्षमा गरिन्छ र जीवनसँगै साँझेदार गरि रमाउनु हुन्छ ।

जब येशूले हामीलाई कसरी प्रार्थना गर्नुपर्छ भनि सिकाउनुभयो, उहाँले परमेश्वरको राज्यको महान दृश्यलाई खोलिदिनु हुन्छ । “तर तिमीहरु चाँहि यस किसिमले प्रार्थना गर : “हे हाम्रा स्वर्गमा बस्नुहुने पिता.....” येशूले “प्यारो परमेश्वर” भनि प्रार्थना गर्नु भन्नुभएन, वा “तपाईको पवित्र महानता” वा “आदरणिय राजा,” हाम्रो सम्बोधनको रुपमा, तर उहाँले भन्नुभयो “ हाम्रो पिता”

# परमेश्वरको राज्य एक परिवार हो

यो कसैको लागि सामान्य लाग्न सक्छ तर एउटा परिवार राज्यको सम्बन्ध धेरै टाढा सम्म हुँदैन । हामीले यो सम्बन्धलाई आउने अध्ययन्हरुमा हेर्नेछौं ।

पहिलो पटक पिता मानवजाति सँग बोल्नुभएको कुरा मत्तीको पुस्तक ३ : १७ मा पाउन सकिन्छ। समयको सुरुवात देखि येशूको बप्तिस्मा सम्म, परमेश्वरले उहाँको पुत्रद्वारा हामीसँग कुराकानी गर्नुभयो । उहाँको उत्तरराधिकारी ईश्वरत्वको पूर्णतामा, येशू यहोवा हुनुहुन्थ्यो जसले लाल समुद्रलाई खोल्नुभयो, उहाँ यहोवा हुनुहुन्थ्यो जो सिनै पर्वतबाट गर्जिनुभयो र उहाँ यहोवा हुनुहुन्थ्यो जसले यहोशूलाई प्रतिज्ञाको भुमिमा डो्ह्येऱ्याउनु भयो । १ कोरिन्थी १० : १-४ । येशू ख्रीष्टको बप्तिस्माको समयमा, परमेश्वरको पुत्र इम्मानुएल बन्नुभयो - परमेश्वर हामीहरुसँग - हामी जस्तै । त्यसैले अहिले पहिलो पटक बोल्नुहुन्छ र उहाँको शब्दहरुको गहिरो महत्व रहेको छ (सँधै जसो), यहाँनिर परमेश्वरले उहाँको राज्यको मूख्य स्वभावलाई प्रस्तुत गर्नुहुन्छ । "यो मेरो पुत्र हो, जसलाई म प्रेम गर्दछु, यिनीसँग म अति प्रसन्न छु।" त्यहाँ धेरै तरिकाहरु छन जसद्वारा उहाले आफ्नो पुत्रको परिचय दिन सक्नुहुन्थ्यो जस्तो कि, "यो स्वर्ग र पृथ्वीको सृष्टिकर्ता हो, उसको कुरा मान" वा यो तिम्रो राजा हो, उसको आज्ञा पालन गर । तर परमेश्वरले एउटा राजा वा शासकको रुपमा भन्दा पनि उहाँले आफ्नो पुत्रको घोषणा एउटा परिवारको रुपमा गर्नुभयो । यदि हामीले यो भनाईलाई मूल्यांकन गर्न सकियो भने हामीले तलका कुराहरुलाई ध्यान दिनेछौं ।

१. यिनी मेरा पुत्र हुन् = पहिचान
२. जसलाई म प्रेम गर्छु, यिनमा म अति प्रसन्न छु, = महत्व

परमेश्वरको राज्यमा महत्व र मूल्यवानलाई उहा सँगको सम्बन्धद्वारा निर्धारण गरिनछ । यो शैतानको राज्यसँग विपरित छ जहाँ महत्व र मूल्यवानलाई सफल प्रस्तुती र प्राप्तीका आधारमा निर्धारण गरिन्छ, जो आफू र हामी वरपरका मानिसहरुले मूल्यांकन गर्दछन । परमेश्वरको राज्यमा उहाा हाम्रो पिता हुनुहुन्छ र हामी उहाँका छोराछोरी हौं । त्यो हाम्रो पहिचान हो । हामी को सँग सम्बन्धित छौं भन्नेकुराले हाम्रो पहिचान खुल्दछ तर हामी के गछौं भन्ने कुराले होइन । उहाँको छोराछोरीको रुपमा`म गर्नु र हामीलाई निरन्तर आशिषहुनुको वास्तविक कारण हो । उहाँ निरन्तर हाम्रो बारेमा सोच्नुहुन्छ र हाम्रो नजिक हुन चाहनुहुन्छ र हामीलाई आश्चर्य तवरले महत्व दिनुहुन्छ । “नडराओ, किनभने धेरै भँगेराहरु भन्दा तिमी बढी मूल्यवान छौ ।”

परमेश्वरको राज्यमा हाम्रो पहिचान र मूल्य अनन्तको र कहिल्यै परिवर्तन नहुने परमेश्वर जस्तो स्थिर रहनेछ । चाहे सफलता वा असफलता, हाम्रो सम्बन्ध स्थिर रहनेछ र हाम्रो महत्व सुरक्षित छ । शैतानको राज्यमा हाम्रो मूल्य ११, सेप्टेम्बर २००१ पछिको सेयर बजार जतिकै सुरक्षित छ। - अत्यन्त अस्थिर, पूर्णरुपमा असुरक्षित र दुर्घटनाको लागि बाध्य छ । के हामी निश्चयता गर्न सक्छौं कि हामी सँधै सफल हुनेछौं ? के हामी निश्चयसाथ भन्न सक्छौं कि वरपरका मानिसहरुले, जसबाट हामी प्रोतसाहन र समर्थनको आशा राख्छौ, तिनीहरुले हाम्रो प्रयासको प्रशंसा गर्नेछन् ? मुश्किलले ! जसके कान छ तिनीहरुले सुनुन, बुद्धिमान मानिसले आफ्नो घर बगेरजाने बालुवामा बनाउनुको सट्टा चट्टान माथि बनायो ।

हाम्रो व्यत्तिगर पहिचानलाई सुरक्षा दिनको लागि र हामीलाई निरनशा, निरुत्साहित, मूल्यहिन र मृत्युको जीवनमा प्रवेश गर्नबाट बचाउनलाई परमेश्वरले आफ्नो राज्यको हृदयमा एउटा नियम बनाउनु भएको छ जसले सम्बन्धहरुलाई सुरक्षित राख्दछ । यसले दुई प्रकारको सम्बन्धहरुको बारेमा बताउँदछ : हामी र स्वर्गमा हुनुहुने हाम्रो पिता

बीचको सम्बन्ध, र परमेशवरको राज्यमा दाजुभाई र दिदीबहिनीको रुपमा हामी बीचको सम्बन्ध । त्यसैले येशूले भन्नुभयो:

> “तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। महान् र प्रथम आज्ञा यही हो। दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्।” (मत्ती २२: ३७-४०)

यी दुई महान आज्ञाहरु परमेश्वरको छोराछोरीको रुपमा हाम्रो पहिचान र मूल्यलाई सुरक्षा प्रधान गर्नको लागि बनाइएका छन् । यी दुई महान आज्ञाहरु वास्तविक रुपमा दश आज्ञाहरुको सारांश हुन् । के तपाईले कहिल्यै सोच्नुभएको थियो कि दशआज्ञाहरुले तपाईको आफ्नो मूल्य गुमाउन देखि तपाईलाई जोगाउनेछ भनेर ? परमेश्वरको राज्य भित्र दशआज्ञालाई सम्बन्धको प्रसंगबाट बुझिन्छ । यदि तपाई त्यो सम्बन्धहरुबाट अलग रहनुभयो भने, तपाईले आफ्नो पहिचानलाई नष्ट गर्दै हुनुहुनछ, र जब तपाइ आफ्नो पहिचानलाई नष्ट गर्नुहुन्छ, मृत्युले तपाईलाई अँगाल्न चाहना गर्नेछ । परमेश्वरको भनाईमा पापको ज्याला मृत्यु हो भनि कतै तर्करहित उल्लेख गरिएको छैन् । पाप (जसलाई बाइबलले परमेश्वरको आज्ञा भंग गर्नु हो  भनि व्याख्या गर्दछ १ यूहन्ना ३ : ४ मा) ले हाम्रो पहिचान र मूल्यलाई नष्ट पार्दछ । जब पहिचान र मूल्य हराएर जाँदछ, प्राणीले मृत्युको चाहना गर्दछ । यो दुरुस्तै उही कारणले गर्दा नैरास्यता र आत्महत्याहरु समाजमा आज ठूलो समस्याको रुपमा खडा भएको छ । उत्तर सरल छ - पाप । तपाईलाई थाहा छ कि परमेश्वरले पापलाई धेरै घृणा गर्नुहुन्छ ? परमेश्वरको छोराछोरीको रुपमा हाम्रो पहिचान र मूल्यलाई लुटेर जाने डााकु हो, र यसलाई नष्ट गर्नको लागि परमेरश्वर निश्चत हुनुहुन्छ ।

हामीले के - के समेट्यौ भनेर छोटकरीमा हेर्दा :

१. परमेरश्वरको राज्य एक परिवार हो ।

२ं परमेरुश्वर हाम्रो पिता हुनुहुन्छ र हामी उहाँको छोराछोरी हौँ ।

३ .व्यत्तिगत रुपमा हाम्रो मूल्य र पहिचान हाम्रो परमेश्वर सँगको सम्बन्धमा आधारित रहन्छ ।

४. परमेश्वरको राज्य सम्बन्धहरुको राज्य हो जुन परमेश्वर र हामी बिचको सम्बन्ध र एक अर्का बीचको सक्बन्धमा आधारित छ ।

५.यी सम्बन्धहरुलाई दशआज्ञा द्वारा सुरक्षा प्रदान गरिएको छ ।

६.आज्ञा भंग गर्नाले हाम्रो पहिभान र मूल्यलाई नष्ट गर्दछ ।

# ५. पारिवारिक संकट

म अनुहार हेरेर बताउन समछु कि उसले जीवनमा संकट भोगेको थियो । उसको आँखाको सुन्नेको लोतीले उसको सामानय रुपमा प्रस्तुत हुने कोशिसलाई धोका दिएको थियो ।मैले उसलाई सोधे “सबै कुरा ठिक छ ?”

“मेरो श्रीमती र म अलग भइम,“ उसले पीडादायी भइ भन्यो । “यस्तो आउनेछ भनि मैले सोचेको थिइन्,” उसले भन्यो, उनी अफसोचमा डुबे । हामीले उसले सामना गरिरहेको चुनौतिहरुको बारेमा कुरा गऱ्यौं र त्यसपछि उनले स्पष्ट पारे “बच्चाहरु नदेखि म आफूलाई समाल्न सक्दिन् - यसले मलाई पिरोल्छ ।” म हेर्न सक्छु कि उसले आफूलाई सम्हाल्नको लागि सघर्ष गरिरहेको थियो, र साँचै मैले उसको पीडालाई महसुस गरे । मैले इमान्दारिताका साथ उसलाई मद्दत गर्न चाहे । उसको अन्तिम वाक्य थियो “मलाई थाहा छैन कुनबाटो अब बाँकि छ वा म कतातिर बढिरहेको छु ।”

तिनीहरुले मात्र ती शब्दहरु पछाडिको भावनालाई बुझ्दछन् जसले अलग र सम्बन्ध विच्छेदको पीडादायी भूमीमा पुगेकाछन् । अइच्छुक पक्षले महसुस गरेको आघात, क्रोध र शोक प्राय : एक साथीको मृत्युको अनुभवसँग तुलना गरिएको छ । सम्बन्ध विच्छेदको विनाशकारी वास्तविकता भनेको सम्पतिको विभाजन मात्र नभएर, यसको अर्थ “तपाईको सम्पूर्ण पहिचानलाई पुन : परिभाषित गर्नु हो ।”

सबै भन्दा ठूलो पीडितहरु अवश्य पनि बच्चाहरु हुन् । विनाशकारी भावनाहरुको दायरा जुन बच्चाहरुको मुटुबाट भएर गुज्रन्छ,

---

Nelly Zola and Renata Singer, True Stories from the Land of Divorce, (Pan Macmillian, Sydney, 1995) p 2. Ibid.

त्यो घटनाको समयमा नभएर तर उनीहरुको जीवानभर जसलाई पूर्णतवरले कहिल्यै गन्ती गर्न सक्न्दिैन् ।
जीम कान्वेले सयौँ जवानहरुको सर्वेक्षण गरेका थिए जो सम्बन्ध विच्छेद भएका अविभावकहरुको बच्चाहरु थिए, र उनीहरुले महसुस गरेका भावनाहरुको दयरालाई यसरी वणन गरिएको थियो :

| | |
|---|---|
| दुःखी - | ७२% |
| कमजोरी - | ६५ % |
| एक्लोपना - | ६१ % |
| डराएका - | ५२ % |
| रिसाएका - | ५० % |
| त्यगिएको - | ४८ % |
| व्यक्तिगत रुपमा इन्कार गरिएको महसुस - | ४० % |
| बेकम्मा - | ३० % |

बच्चाहरुलाई यी वयस्कहरुलाई निम्न मुद्दाहरुको साथ छाड्ने कारणले सम्बन्ध विच्छेद :

| | |
|---|---|
| निरन्तर अनुमोदन खोज्नाले - | ५८ % |
| तिनीहरुको केहि विगतलाई रोकिदिनाले - | ५४ % |
| आफैलाई कडाईका साथ न्याय गर्नाले - | ५३ % |
| आफैलाई धेरै गम्भिरतापूर्वक लिनाले - | ४७ % |
| परिस्थितिहरुलाई क्षमता भन्दा बाहिर गई समाधान गर्न खोज्नाले जुन उनीहरुको नियन्त्रण बाहिरको छ । - | ४२ % |
| अझै सम्बन्धमा समस्या भइरहनाले - | ४० % |

के यो आश्चर्यजनक छ कि परमेश्वरले भन्नुहुन्छ “म सम्बन्ध विच्छेदलाई घृना गर्छु ।” (मलाकी २ : १६) यो कसरी घट्यो वा कसले कसलाई छाडेर गयो, भन्ने बाबजुद, पारिवारिक सम्बन्ध गुमाउनु सबै

पक्षहरुको लागि हानिकारक छ। जब पारिवारिक सम्बन्ध भत्किन्छ त्यहाँ कसैले विजय प्राप्त गर्दैन । स्वर्गमा ठ्याक्कै यस्तै भएको थियो । परमेश्वरको परिवार संकटको कारण टुकिएको थियो जब उहाँको प्रिय पहिलो गरिएको छोरा उहाँको विरुद्धमा खडाभयो ।

प्रकाश १२ : ७ मा बाइबलले भन्दछ, "र स्वर्गमा युद्ध भयो ।" जब हामी यो पदलाई पढ्दछौं हामी यो सोचेर परिक्षित हुन सक्छौं कि त्यहाँ दुई राज्यहरु र उनीहरुको राज्यहरुको बीचमा भएको युद्ध हो भनेर, तर यो युद्ध परमेश्वरको परिवारलाई दुई भाग गरिएको युद्ध थियो । के तपाई कलपना गर्न सक्नुहुन्छ जब परमेश्वरले लुसिफरलाई पहिले बनाउनु भयो र कोमलताको साथमा उहाँ नयाँ पुत्रलाई काखमा लिनुभयो ? परमेश्वरले उहाँको भित्रि हृदय र आत्मालाई यो स्वर्गदूतसँग व्यक्त गर्नुभएको थियो । उहाँले ऊ सँग केहि नभए मात्र प्रेम देखाउनु भएको थियो र उसलाई आफ्नो पारिवारिक राज्यको माथिल्लो तहमा सेवा गर्ने मौका दिनुभएको थियो । तर उहाँको यो सन्तानले क्रोध र विरोधीको शब्दहरु थुकिरहेको थियो । छल र झुटको छायाँमा बढिरहेको थियो उसले बाँकि संतानहरुको दिमागमा बिस राख्नेकाम गऱ्यो । के तपाई त्यो पीडालाई कल्पना गर्न सक्नुहुन्छ ?

लुसिफर पूर्णतामा सृष्टि गरिएको थियो, तर अहिले आएर घृना र हत्याले भरियो । उसले परमेश्वरको अनन्तको पुत्रलाई नाश गर्न चाहेको थियो । येशूले यूहन्ना ८ : ४४ मा देखाउनुभएको छ कि "सुरु देखि नै शैतान हतियारा हो ।" यो मनस्थितिको सत्यतालाई कलबरिको क्रुसमा देखाइएको छ जहाँ शैतानले येशूलाई मार्ने आशा गरेको थियो ।

परमेश्वरले उहाँको छोरा लुसिफरलाई गुमाउनु भएको पीडा कसले वर्णन गर्न सक्छ ? परमेश्वरको हृदयबाट निस्किएको प्रतिध्वानी हामीसँग छ जुन दाऊद र अब्सालोमको कथामा पाइन्छ ।

> तब राजा शोकाकुल भएर मूल ढोकामाथिको कोठामा गएर रोए, अनि माथि हिँड्दैजाँदा तिनी यसो भन्दै रोए, "हाय मेरो

> छोरो! मेरो छोरो अब्शालोम, मेरो छोरो अब्शालोम! तेरो सट्टामा मै मरेको भए त हुनेथियो! हाय अब्शालोम, मेरो छोरो, मेरो छोरो!" (२ शामूएल २२ : ३३)

अब्सालोम, दाऊदका एक सुन्दर रुपवान पुत्र आफ्नो बुवाको हत्या गरि उहाँको राज्य लिने इच्छा गरे, तर दाऊदका फौजीहरुले उसको छोराको फौजीहरुलाई हराए र अब्सालोम लडाइको मैदानमा मारिए । विजयको खुशीयाली मनाउनुको सट्टा आफ्नो विरोधी छोरा गुमाएकोमा दाऊद रोएँ । जब परिवार लुटिन्छ त्यहाँ कसैको जित हुँदैन ।

यो याद गर्न महत्वपूर्ण छ कि परमेश्वरकोमा व्यक्तिको पहिचान र मूल्य उनीहरुको सृष्टिकर्ता परमेश्वर सँगको सम्बन्धमा गाँसिएको हुन्छ जो हाम्रो स्वर्गीय पिता हुनुहुन्छ । जब लुसिफर त्यो सम्बन्धलाई तोडेर बाहिर निस्कियो, उसले मानसिक र भावनात्मक तवरले आत्महत्या गर्यो र अन्धकार भावनाहरुको अप्रत्यासित जलप्रलयको ढोका खोल्यो । लुसिफरको विद्रोहको कुरा गर्नु पर्दा यदि तपाईले उसलाई तिमी को हौ ? भनि सोध्नुभएको थियो भने उसले शान्त, निश्चयता र निर्धक्क भएर जवाफ दिएको हुन्थ्यो "म परमेश्वरको पुत्र हो, र उहाँले मलाई प्रेम गर्नुहुन्छ।" लुसिफरले उसको पितालाई एकपटक इन्कार गरिसक्यो, यदि तपाईले त्यही प्रश्न उसलाई सोध्नुभएको थियो भने, " तिमी को हौ लुसिफर ?" उसले के भन्नेछ ? ऊ सँग अब पहिचान थिएन, उसले यसलाई नष्ट गर्यो ।

त्यस समय देखि जे जस्तो पहिचान उसले बनाउन प्रयास गर्दछ त्यसले त्यो रित्तोपना र स्वर्गीय पितासँगको सम्बन्ध तोडिदाँ भएको क्षतिको अनुभव कहिल्यै भर्न सक्दैन ।

धेरै समय उसले आफूले गमाएको पुन : प्राप्त गर्न चाहान्छ तर उसको घमण्डले उसलाई त्यो गर्न दिँदैन । त्यसको अतिरिक्त उसको भित्र हृदयमा उसले कहिल्यै विश्वास गरेन कि उसको निर्लज्ज कृतघन्ता र खुला विद्रोहलाई क्षमा दिइनेछ, लुसिफर

अहिलेको शैतान, जसको अर्थ हो ' विरोधी ' ऊ एक्लो खडा छ। उसलाई रोक्ने त्यहाँ कोही छैन्, ऊसँग कुनै अभिभावक छैन, घरमा बोलाउने ठाउँ छैन र उसलाई अँगालो हाल्ने कोही छैन । शैतान अहिले सबै बेकम्मा, असुरक्षा, डर, खालीपना, लोभ, घमण्ड, न्यायिक, अहंकारी आवेक, क्रोध र एक नियन्त्रण आत्मा द्वारा सजिएको छ ।

शैतानलाई थाहा थिएन कि कुन बाटो अब ठिक छ । उसलाई ऊ को हो भनि पुनः परिभाषित गर्नु परेको थियो, जसले गर्दा त्यो खालीपना औचित्यहिनता र बेकम्मा जुन उसले भित्र महसुस गरेको थियो त्यसबाट केहि हदसम्म आराम पाउने प्रयास गर्दछ । कुनै एउटा बालक जस्तो जसले बेकम्मा महसुस गर्दछ, शैतानले ती सम्पूर्ण चिन्न्हहरु असुरक्षा, त्रास, हानिकारक र उसले भेटाउने जो कोहीबाट अनुमोदनको लागि तीब्रचाहना गर्दछ । उसले ध्यान केन्द्रित गर्न चाहान्छ, र त्यो खालीपनालाई सन्टुष्ट पार्न, उसको दुष्ट स्वभावलाई आराधना, सम्मानिय र मायालु गराउन तीब्र चाहना राख्छ । त्यो पीडालाई एक्लोपना र बेकम्मालाई मेटाउनको लागि जे पनि गर्न चाहान्छ । यो दःख दायी अवस्थालाई सिटि अफ एन्जल्स् भन्ने चलचित्रको गानामा आश्चर्य ढंगले प्रतिबिम्ब गरिएको छ ।

### पहिलो हरफ

तिम्रो सम्पूर्ण समय त्यो दोस्रो मौकाको लागि विताउनुहोस् यसले एक क्षणको लागि यसले ठिक बनाउँदछ
उपयुक्त महसुस नगर्नुमा त्यहाँ सँधै केहि कारण छ र दिनको अन्तमा यो गाह्रो छ ।
मलाई केहि अल्मल्याउने वा सुन्दर छुटकारा चाहिन्छ
मेरा शिराबाट सम्भनाहरु आउँछन् मलाई रित्तो हुन देऊ ।
अहो र वजनबिहिन हुनसक्छ आजराती मैले केहि शान्ति भेटाउँछु ।

## दोस्रो हरफ

सीधा रेखाको लागि थकित र जहाँकहाँ तिमी फर्कीन्छौ
तिम्रो पछाडि गिद्धहरु र चोरहरु छन्
आँधिबेहरी बाङ्गी रहन्छन्, तिमी झुट निर्माण गरिरहनु
जसले तिमी आफ्नो क्षतीलाई चुक्ता गर्छौ
अन्तिम एकपटक भाग्दैमा, यसले केहि फरक पार्दैन
यो मिठो पागलपनामा विश्वास गर्न सजिलो छ
ओह, यो महिमित दुःखले मलाई मेरो घुँडामा ल्यायो ।

शैतानले सम्बन्धलाई मूल्यको आधारमा इन्कार गरेको हुनाले, उसले कहिल्यै सम्बन्धको आधारमा राज्य स्थापना गर्न सक्दैन् ।

उसको लागि एउटा मात्र विकल्प बाकी थियो । तपाई को सगँ सम्बन्धित हुनुहुन्छ भनि परिचित हुनुभन्दा तपाई के गर्नुहुन्छ भनि परिचित हुनुहोस । यो राज्यले कहिल्यै काम गर्न सक्दैन यदि सबैले सम्पुर्ण जिवन, बुद्धि र प्रेमको स्रोत परमेश्वर हुनुहुन्छ भनि स्वीकार गर्‍यो भनेर ।

त्यसैले शैतानले हामी भित्रको शक्तीको  सिदान्तलाई आविस्कार गर्‍यो, जसले गर्दा परमेश्वरलाई ब्यक्तिगत सम्बन्ध स्थापित गर्न घटाउनेछ । एक शक्ती जुन तपाइले प्रयो गर्न सक्नुहुन्छ र इच्छालाई दुरपयोग गर्न सक्नुहुन्छ। शैतानको राज्य त्यस्तो राज्य हो जसले शक्ती प्रदर्शन र मोजमस्तीको खोजी गर्दछ । यसको मुख्य बिषय हो कसैको लागी जिम्मेवार हुनुपर्दैन, र उनीहरुको ख्याल गर्नुहोस जो तपाईको लागि प्रयोगमा आउनेछ ।

निस्सन्देह, यो राज्य बर्बाद भएको छ, किनकि यसलाई निरन्तरता दिने जीवन शक्ति देखावटी प्राणीको हो र एकदिन उहाँलाई इन्कार गर्ने दोषले उनीहरुको जीवनलाई ध्वंस पार्ने छ जो जिद्दी भएर परमेश्वरको सन्तानको रुपमा उनीहरुको पहिचानलाई स्वीकार गर्न इन्कार गर्दछ । यो नष्ट छ किनकि कुनै पनि पीडा र हानि हटाउन सक्दैन त्यो

पहिचानलाई इन्कार गरेर आउँदछ । यहाँ हामी उखानको सत्यतालाई सिक्छौ, "दुष्टहरुको लागि त्यहाँ कुनै आराम छैन ।"

यदि हामी यस परिपेक्षमा अदनको बगैंचामा फर्क्यौं भने, हामी देख्छौ कि बाहिरबाट शैतान धुत र चतुर देखिन्छ जब उसले स्वर्गबाट आफ्नो निष्कासनलाई विफल पार्न खोज्छ । यधपि, भित्रपट्टि हृदय शून्यता र असुरक्षाले भरिएको छ जुन एक नयाँ पहिचानको निर्माण गर्न र निरन्तर बढदै गएको निराशाबाट उम्कन संघर्ष गरिरहेको छ ।

# ६. पृथ्वीमा भएको नर्क

यो जीवनको सबैभनदा भयावह अनुभव मध्ये एक हुनुपर्दछ । यसले धेरै वर्ष लिन सक्दछ, तर समयको साथ तपाईले कसैसँग साँचो मित्रता विकाश गर्नुभयो । कसैसँग तपाई साँच्चिकै मजा दिन आउनुभएको छ । आकाश्मात तपाईले याद गर्नुभयो कि तपाईको साथीले अलिअनौठो व्यवहार गर्दैछ । तपाई यसलाई अन्त्य गर्ने कोशिस गर्नुहुन्छ, र आफैलाई भन्नुहुन्छ कि तपाई केवल चीजहरु कल्पना गर्दै हुनुहुन्छ र यो कुनै वास्तविक समस्या छैन ।तर समय बित्दै जाँदा प्रमाणहरुको पहाड बन्दै जान्छ, र अन्त्यमा तपाई आफ्नो साथीलाई के भईरहेको छ भनि सोध्न बाध्य महसुस गर्नुहुन्छ ।

यो स्पष्ट चट्टानको पर्खालबाट निस्कन जस्तो कि लामो समय खर्च गरिसकेपछि, तपाईले यो महसुस गर्नुभयो कि तपाईको विरुद्धमा अरु कसैले तपाईको साथीलाई प्रभावित पारिरहेको छ, जसले उनीहरुलाई तपाईको कार्यहरुको व्याख्या गर्न मद्दत पुऱ्याउँछ जस्तो तरिकाले, जसले गर्दा तपाईलाई पछाडि छोडिदिन्छ ।पक्कै पनि कारण प्रवल हुनेछ र तपाई छिटो यो असमझदारीको समाधान गर्न सक्नुहुन्छ, तर त्यस्तो हुँदैन !

जब तपाई एक उचित व्याख्या दिनको लागि खोज्नुहुन्छ तब तपाईलाई लाजमर्दो तवरले बनावटी कुरालाई छलकपट गर्न खोजिएको आरोप लगाउनेछन् । यस्तो समयमा कुनैपनि भावनाहरु मध्ये कुनै एक तपाईलाई लाग्न सक्छ : चोट, पीडा, क्रोध, वा विनाश, कि तपाईको साथीले सजिलैसँग तपाईलाई कहिल्यै नभनी अरु कसैलाई विश्वास गर्नसक्छ, एक्लै तपाईलाई बचाउन दिनुहोस् ! तपाईको मौनता र क्रोधले (जुनसुकै कुरा लागु हुनसक्छ) तपाईको साथीलाई दर्शाउँछ कि ती तपाईको बारेमा भनिएको सबैकुरा सत्य थिए । घायललाई, तपाईले अन्तिम दुई अनुच्छेदहरु पढ्नुभएको छ, एक पीडादायी स्मृति आयो जुन

तपाईले यस परिदृष्यको यर्थातलाई पुष्टि गर्नुभयो जुन पृथ्वीमा बार बार दोह्रेरिएको छ लगभग पृथ्वीको प्रारम्भ देखिनै । जस्तो कि म यस्तो घटना लेख्छु र सम्झन्छु, म रोकिन्छु र फेरि सोध्छु, " किन ?" म निश्चित छु कि हामी मध्ये धेरैले त्यस्ता प्रकारका अस्वीकृतिहरुबाट पाएका छौं, र मलाई लाग्छ कि यसले सानो तरिकामा आदम र हव्वाले ज्ञानको रुखबाट फलखाए पछि परमेश्वरले कस्तो महसुस गर्नुभयो भन्ने कुरा बुझ्न यसले हामीलाई मद्दत गर्नसक्छ । यो जीवनको सबैभक्दा ठूलो रहस्य हो कि एक अपरिचितको शब्दले असल मित्रलाई अलग गर्नसक्छ ।

मैले प्राय : कल्पना गरेको छु कि परमेश्वरले आफ्नो छोरी हव्वालाई नियालेर हेर्नुभयो । जब हव्वा बगैंचाको बीचमा पुगिन र अचानक अपरिचित व्यक्तिसँग कुराकानीमा व्यस्त भइने । के उनी आफ्नो स्वर्गमा हुनुहुने पिताको सुरक्षा र प्रेममा अडिनेछन् वन सर्पको माध्यमबाट शैतानका शब्दहरु अँगालेका थिइन् ? किन परमेश्वरले उनीहरुको खराब सम्बन्धलाई रोक्न एउटा स्वर्गदूत पठाउनुभएन ? मलाई लाग्छ त्यहाँ धेरै "किन" प्रश्नहरु छन् यस अवस्थामा जवाफ दिन । जब हामीसँग ती सबैलाई सम्बोधन गर्ने समय वा ठाउँ छैन, र वास्तवमा ती मध्ये केहि पूर्णरुपमा सम्बोधन गर्न सक्दैनौं जबसम्म हामी उहाँलाई प्रत्येक्ष भेट्दैनौं, यसको केन्द्रिय उत्तर 'प्रेम' हो ।

प्रेमले रोज्ने अधिकार प्रदान गर्दछ, यस्तो अवस्थामा पनि कि जब रोजाईले रोज्ने अधिकार दिने व्यक्तिलाई गम्भिर चोट पुऱ्याउँदछ । यदि परमेश्वरले हरेक पटक हस्तक्षेप गर्ने बानी बसाल्नुभएको थियो भने उहाँको छोराछोरीहरु गलत दिशामा जाने थिए, यसपछि वास्तवमा तिनीहरु सँग कुनै रोजाई हुनेथिएन् ।

निर्देशन र सुधारको लागि समय छ, तर त्यहाँ यस्तो समय पनि आउँछ जब रोजाई दिनेको चुपचापले "म तिमीलाई मायाँ गर्छु" अभिव्यक्तिलाई मान्य गर्दछ, उहाँले भन्नुभएको छ रोजाई बिनाको प्रेम प्रेम नै होइन । यो एक वास्तविकता हो जुन सबै आमाबावुले आफ्ना छोराछोरी सँग

व्यवहार गर्दा कुस्ति खेल्छन् । यदि हाम्रो सबै निर्देशनहरु र हामीले देखाएको मार्ग बावजुद हाम्रो छोराछोरीहरुले हाम्रो विरुद्ध जान रोज्छन भने, के इन्कारको चोटबाट हाम्रो जीवनलाई बचाउनको लागि हामी उनीहरुलाई निषेध गर्छौं ? वा हामी चुपचाप बस्नेछौं र दुखित हुनेछौं, र हामीलाई इन्कार गर्ने उनीहरुलाई अनुमति दिँदछौं ? यो कुनैपनि अभिभावकहरुको लागि एउटा गाह्रो कुरा हो ।

प्रेमको शक्तिको पहिरन लागाई परमेश्वरले शान्तभई हव्वालाई हेरिरहनु हुन्छ, उहाँको अमूल्य छोरी, उहाँको प्रिय पुत्र आदमलाई नाश पार्न एउटा हतियार बन्छिन । अहिले सम्म परमेश्वरको हृदयमा दुखाईको स्तर अविश्वासनिय हुनुपर्छ । के उहाँको छोरी गुमाएको पीडाले आदमलाई बचाउनको लागि रोक्नेछ ? अहँ, रोक्दैन । ईश्वरिय प्रेमले गहिरो शोक गर्छ र चुपचाप पर्खन्छ, जुन उहाँ वास्तवमा नै स्वतन्त्रता र स्वतन्त्र रोजाईको परमेश्वर हुनुहुन्छ भनि प्रश्न भन्दा टाढा गई प्रमाणित गर्नुहुन्छ । उहाँले आदम आफैलाई रोज्न दिनुहुन्छ । जब हामी परिक्षाको बारेमा कुरा गर्छौं, कृपया आदम र हव्वाले स्वर्गीय राज्यको भागिदार बन्नको लागि योग्य छन कि छैनन् भनि जाँच्नको लागि परमेश्वरले स्वर्गको सुरक्षित स्थानमा बसेर परीक्षाको प्रकियालाई लापरवाह रुपमा हेरिरहनु भएको छ भन्ने मुर्खतापूर्ण विचारको आनन्द नलिनुहोस् । आदम रहव्वाको जतिकै परमेश्वरको जाँच भईरहेको थियो । किनकि परमेश्वर जान्नुहुन्छ कि यदिआदम र हव्वाको पतन हुन्छ भने, तब उहाँले अफ्नो पुत्र येशू ख्रीष्टको जीवन दिने सृष्टिको अघिबाट नै तोकेको प्रतिज्ञालाई पूरा गर्नुपर्नेछ । ख्रीष्टले आफ्ना पिता वास्तवमा कस्तो हुनुहुन्छ भनि देखाउनुहुनेछ, उहाँले तिनीहरुको दोष आफूमाथि लिनुहुनेछ र तिनीहरुको जीवनको सट्टा आफूलाइ नष्ट हुन दिनुभयो ।

यो सबै कुरालाई परमेश्वरले ध्यानपूर्वक चुपचापसँग हव्वालाई हेर्नुभयो र त्यसपछि आदमले उहाँको विरुद्ध रोज्यो । कस्तो खालको प्रेम त्यो

१ पत्रुस १ : २० : प्रकाश १३ : ८

चुपचापमा थियो ? यो प्रेमको प्रर्दशनले परमेश्वर हाम्रो पहिलो अभिभावकहरु सँग व्यवहार गर्दा स्वार्थले उत्प्रेरित हुनुभयो भन्ने गलत धारणालाई हटाउँदछ । हामीले पहिलो अध्यायमा : आदम र हव्वाले अँगालेको दर्शनको चर्चा गऱ्यौं जब उनीहरुले त्यो रुखबाट खाए र हामीले अघिल्लो अध्यायहरुमा भावनाहरुको दु:खद मिश्रणको बारेमा छलफल गऱ्यौं जुन शैतानले हामी परमेश्वर बिना बाँच्न सकिन्छ र हामीले प्राप्त गरेको उपलब्धी द्वारा आफ्नो पहिचान बनाउन आफै सक्छौं भन्ने अवधारणालाई जगायो ।

आदम र हव्वाको पेटको रसले फल पचाइरहेको बेला, बेकम्मा र दोषको बादलले बिस्तारै उनीहरुको दिमागमा छाएको थियो, परमेश्वर र मानिस बीचको सुमधुर, आनन्दमय र रमाइलो सम्बन्धलाई बिस्तारै बन्द गर्दैथियो । ड्यूरासेल रुखको श्रापले यसको कपटी काम सुरु गरिसकेको थियो र केहि समयमै आदम र हव्वा दोषको डरले डुबे । तिनीहरु र शैतान र त्यसका दूतहरुसँग मानसिक र भावनात्मक तवरले आत्महत्या गरे । तिनीहरुले आफ्नो पहिचान र मूल्य गुमाएका थिए, र यसलाई फिर्ता ल्याउन

उनीहरुले केहि गर्न सकेनन् । तिनीहरुले स्वीकृति पाउन आफै परमेश्वरसँग मिलाप गर्न सकेनन् । तिनीहरुले सम्बन्ध तोडेका थिए र परमेश्वरले मात्र यसलाई पनर्स्थापित गर्न सक्नुहुन्थ्यो । यो तथ्य आत्मप्रमाणित छ हामीले आफ्नै अनुभवमा प्रतिबिम्वित गरेता पनि । यदि कसैले हामी बीचको सम्बन्ध तोड्छ भने, त्यसलाई पुनर्स्थापनागर्ने शक्ति निर्दोष पक्षसँग निर्भर हुन्छ, दोषी पक्षले सम्बन्धको सबै अधिकारलाई समर्पण गरेको हुन्छ ।

यतिखेर हामीले २ अध्यायामा के हेऱ्यौं भनि याद गर्न महत्वपूर्ण छ । परमेश्वर जीवनको, बुद्धिको र आनन्दको स्रोत हुनुहुन्छ। आदम र हव्वाले यी सबैकुरा उनीहरु आफैमा निहित हुन्छ भन्ने त्यो झुटलाई विश्वास

गरि  त्यो साँचो स्रोतबाट तिनीहरुले आफैलाई छट्याएँ । तिनीहरुको तर्क शक्ति अब निस्वार्थ र उद्देशयमा प्रयोग हुँदैन । तिनीहरुको दिमागमा पूर्णतया शैतानसँग सहमति छ। तिनीहरु शैतानले भनेको झुटो कुरालाई इन्कार गर्न सक्षम छैनन् । परमेश्वरको चरित्रको बारेमा शैतानले तिनीहरुलाई पूर्णतया गलत विचारहरुले भर्न सुरुगर्छ भने त्यहि समयमा शैतानले आदम र हव्वालाई भन्दछ कि तिमीहरु खराब छौ । उसले तिनीहरुलाई भनदछ कि तिमीहरु मर्न योग्य छौ र तिमीहरु बेकम्मा व्यक्तिहरु हौ । हाम्रो पहिचानको भावलाई नाश पार्न शैतान अझै पनि भ्रष्ट छ, र यो उसले हाम्रोबारेमा र परमेश्वरको बारेमा झुटो भनेर गर्छ । जबसम्म हामी परमेश्वरको र हाम्रो बारेमा बोलेको झुटमाथि विश्वास गर्छौं, हामी कहिल्यै पनि परमेश्वरसँग मिलाप गर्न सक्दैनौं ।

परमेश्वरसँगको सम्बन्धमा मिलापमा ल्याउने एउटै मात्र उपया हो उहाँको चरित्रलाई साँचो रुपमा चिन्नु हो जुन उहाँको पुत्रमा देखाइएको थियो ।त्यो अपरिचित व्यक्तिले असलसाथीबाट अलग्यायो । परमेश्वर डुल्दै आउनुभयो र आदम र हव्वालाई बोलाउनुभयो तर त्यो आवाज एक समय जुन ब्रह्मण्डको मिठो लाग्ने गर्थ्यो अहिले उनीहरुलाई डर र तनावको साथ लुक्न बाध्य गराउँछ । शैतानको कार्य निर्देशनले यसको कार्य गरेको छ ।

कल्पना गर्नुहोस् तपाई एकदिन तपाईको बच्चासँग तपाईले सिकाउनुभएको खुशी व्यवहारको आनन्दमय अपेक्षा गर्दै आउँदै हुनुहुन्छ । प्रत्येक दिउसो तपाईको बच्चा बाबा बाबा गित गाउँदै अगाडिको ढोकातिर दगुर्छ, र कोमल अँगमाल गर्न आफूलाई तपाई तिर फ्याँक्दछ । जस्तै तपाई घर आउनुहुन्छ तपाईको प्रिय बच्चा तपाईलाई भेट्न आएको छैन् । समस्या भयो तपाई गेटबाट भित्र पस्नुहुन्छ र तपाईले त्रसित भएको चित्कारलाई छिछिटो दौड्दै बगैंचामा लुक्न गएको आवाजको साथमा सुन्नुहुन्छ ।

केहि कुराले सम्बन्धलाई बिगारेकोछ । त्यहाँ जहाँ माया थियो त्यहाँ अहिले डर छ । कुनैपनि सत्य बुबाले आफूआएको आवाजलाई सुनेर

छोराछोरी भागेको चाहानुहुन्न । यसले चोट पुऱ्याउँछ । यो एक कदम दुःखलाग्दो कुरो हो कि हामीलाई ब्रह्मण्डकै प्रेमिलो, दयालु, धर्य, स्वतन्त्रलाई प्रेम गर्ने व्यक्ति देखि डराउने बनाईदिन्छ ।

परमेश्वरले धेरै गम्भिर दुविधाको सामना गर्नुभएको छ । अब उहाँ आदम र हव्वालाई कसरी भेट्न आउनुहुन्छ जब उनीहरुले अर्को आवाजलाई सुनिरहेकाछन् भने ? परमेश्वरले बोल्नुहुने प्रत्येक शब्दलाई अब खराब ज्योतिमा अनुबाद गरिएको छ । उनीहरु जान्दछन कि तिनीहरु दोषी छन्, तर अब गलत छु भनेर स्वीकार गर्न तिनीहरुमा नत सुरक्षा छ नत महत्वनै छ, जबकि उनीहरुले जीवन र बुद्धिको स्रोत  परमेश्वरको बारेमा गलत धारणा माथि विश्वास गरे । दोषी र असुरक्षाको भावनाले नियन्त्रित तिनीहरु अपराधी भएका छन् । तिनीहरुले इमान्दारिपुर्वक तर्कगर्ने शक्ति गुमाएका छन् ।

म उहाँको धर्यतामा प्रदर्शीत परमेश्वरको प्रेममा छक्क पर्छु । परमेशवर आदमलाई बोलाउनुहुन्छ, “तिमी कहाँ छौ ?” शारीरिकले सँधै आत्मिकतालाई झल्काउँदछ, र आदम र हव्वाको शारीरिक लुकाईले स्पष्ट रुपमा उनीहरुको हृदयमा भइरहेको लुकाईलाई प्रकट गर्दछ । सत्यको सामना गर्नबाट जोगिन उनीहरुले आफूलाई छलको वस्त्रले ढाकेकाछन् जुन भयानक देखिन्छ । परमेश्वरले उनीहरुलाई समस्या सामाधान गर्न मद्दत गर्ने कोशिस गर्दै हुनुहुन्छ ताकि उहाँले उनीहरुको निम्ति एउटा आशिषित सामाधान ल्याउन सक्नुहुनेछ ।

आदमले उत्त प्रश्नको जवाफ परमेश्वरलाई आफू नाङ्गो भएको कारणले डराएको भनि दिए । (उत्पतिको २:२८) प्रकाशमा यो स्वीकार्य रोचक छ । “मानिस र तिनकी पत्नी दुवै नाङ्गै थिए, र उनीहरुलाई लाज लाग्दैनथियो ।” फल खानु भन्दा पहिले आदम नाङ्गै थिए तर उसलाई लाज लाग्दैनथ्यो । यहाँ अनुमान यो छ कि आदम अब लज्जित छ । हिब्रु शब्द ( बुउश) को अर्थ पनि अलमल, गोलमाल र निराश छ । आदम पूर्णतया भ्रमित, दोषी र निराश थिए । ऊ आफू को हो भन्ने बारेमा अलमल्ल थिए र उसले आफूले गरेको कामको लागि दोषी महसुस

गरे। परमेश्वरले अब आफ्नो औँला आदमको दुखाईको तीब्रतामा राख्न खोज्नुहुन्छ। "तिमीलाई कसले भन्यो कि तिमी नाङगो छौ ? के तिमीले मैले नखानु भनि आज्ञा गरेको रुखबाट खायौ ?" परमेश्वरले आदमलाई "तिमीलाई कसरी थाहाभयो कि तिमी नाङ्गै छौ ?" भनि सोध्नु भएन तर उहाँले आदमलाई सोध्नुभयो कि "तिमीलाई कसले भन्यो तिमी नाङ्गै छौ ?" परमेश्वरले उसलाई झुटो बोल्न उस्काउने व्यक्ति तर्फ औँल्याउदै हुनुहुन्छ।

अर्को शब्दमा भन्नुपर्दा "तिमीलाई म बाट टाढा लैजान कसले कोशिष गर्दै छ ?" "तिम्रो र मेरो बीचमा को आएको छ ?"

आदमलाई सिधा सम्बोधन गरिएको छ, "के तिमीले मैले नखानु भनि आज्ञा गरेको रुखबाट खायौ ?" यो एक साधरण प्रश्न हो जसले हो वा होइन को माग गर्दछ। अब जब आदमको दिमागले परमेश्वरलाई स्वार्थी र बदलालिनेको रुपमा चित्रण गर्छ र आफूलाई मुर्ख र बेकम्माको रुपमा देखाउँछ, उसले दुई र दुई सँगै आफेनो दिमागमा राख्छ र ६४ पाउँछ। आदमलाई विश्वास छ कि यदि उसले हो, भन्यो भने उसले कडा सजाय भोग्नु पर्नेछ किनकि अहिले ऊ विश्वास गर्छ कि परमेश्वर बदलालिने हुनुहुन्छ। यदि उसले होइन, भनेको खण्डमा ऊ विश्वास गर्दछ ऊ दोहोरो सजायमा पर्नेछ, एउटा रुखको फल खाएकोमा र अर्को झुटो बोलेकोमा। अब त्यहाँ कुनै उपाय छैन भन्ने विश्वास गरि, आदमले आफूलाई बचाउन र सहि प्रमाणित गर्न खोज्यो।

आदमले आरोप लगायो "जुन स्त्री तपाईले मलाई मसँग रहन भनि दिनुभएको थियो, त्यसैले मलाई त्यो रुखको फल दिई र मैले खाए" यहाँ मानिस स्पष्ट रुपमा दोषी छ तर उसले हव्वा र अन्त्यमा परमेश्वरलाई दोष देखाउँछ। के तपाई हव्वालाई यो मानिसले गरेको झट्काको कल्पना गर्न सक्नुहुन्छ जसले केहि समय अघि मात्र उनलाई सँगै सामना गर्ने वबचा गरेका थिए, तर पहिलो अवरोधमा ऊ आफ्नो अनुहारमा सपटका साथ चुक्दछ। पापले एक विर व्यक्तित्व उत्पादन गर्न सक्दैन

जसले अरुलाई नि:स्वार्थ रुपमा मद्दत गर्न र समर्थन गर्न सक्दछ । यो सँधै प्रत्येक मानिसमा आफैको लागि मात्र परिणाम आउँछ ।

हामी यहाँ भइरहेको प्रकियालाई छुटाउन चाहाँदैन । आदमको प्रतिकियाहरु उसको अपराध र असुरक्ष द्वारा संचालित भइरहेको छ, परमेश्वरको चरित्रको गलत धारणाको साथ सबै एकसाथ ठूलो मात्राको घमण्डसँग मिसिएको छ । अब उसले आफूलाई परमेश्वरको संतानको रुपमा देख्दैन, उसले त्यो दर्शनलाई अँगाल्नु पर्दछ “यदि म आफै खडख भइन भने अरु कसैले पनि गर्नेछैन !” ऊ यो सोच्छ किनकि उसले विश्वास गर्छ कि अब उसको पिता छैन । यहाँ पापको ठूलो हृदय विदारक छ : परमेश्वरले कसरी आदमलाई उसँग बुबा प्रतिको गलत चित्र छ र ऊ बेकम्मा र मुर्ख छैन भनि देखाउनुहुन्छ ?

जब आदमले तर्कसँगत तर्क गर्ने शक्ति गुमाएको छ भने उसलाई उसको अवश्थाको बारेमा सहि मूल्याङ्कन दिन सकिन्छ ? परमेश्वर साँचो बुद्धिको एकमात्र स्रोत हुनुहुन्छ र आदमले आफूलाई त्यो स्रोतबाट छुट्टाए । र जब आदमले तर्क गरे पनि, उसको त्यो दोष र धमण्डको मिश्रणबाट आफ्नो तर्कलाई कसरी मुक्त गर्न सक्दछ र त्यसले समान कुनैपनि कुरालाई  कडाईका साथ अस्वीकार गर्दछ ? यधपि, यो उसको खातिर प्रेमसाथ गरेता पनि परमेश्वरले आदमलाई तिमी गलत छौ भनि भन्नुभएको कुरालाई उसले सम्हाल्न सक्दैन, किनकि उसको असुरक्षाले उसको तर्कलाई नियन्त्रण गर्दछ ।

यो मेरो बिनम्र प्रार्थना हो कि तपाईले देख्नुहुनेछ कि एकपटक आदम र हव्वाले  आफूलाई परमेश्वरबाट अलग गरिसकेका थिए, तिनीहरु यति निराशापूवर्क रुपमा गुमेका थिए कि उनीहरु आफूलाई पूर्ण दावी गर्न देखि धेरै टाढा थिए । तिनीहरु पूर्णरुपमा शैतानको आत्माको नियन्त्रणमा थिए । उनीहरुको हृदयमा त्यो बिऊको उत्पति भयो जसले बिस्तारै उनीहरुको सन्तानलाई ती दुष्ट स्वर्गदूतहरुको सतोत्साहित सँगति तर्फ डोह्रेर्‍यायो जसले तिनीहरुलाई यरुसलेममा परमेश्वरको पुत्रको हत्या गर्न बाध्य बनायो । यधपि यो पूर्ण रुपमा प्रकट भएको थिएन्, तनीहरुको

हृदयले परमेश्वर वा उहाँको राज्यसंग केहि गर्न चाहँदैनथ्यो । यो महसुस नगरी उनीहरुले वास्तवमा उहाँलाई घृणा गरे ।

यो समय तपाई परिक्षित भई भन्नुहुन्छ "रोक्नुहोस, तपाई यसलाई अलिक परै लाँदैहुनुहुन्छ । म महसुस गर्छु तिनीहरुमा समस्या थियो, तर भन्नुपर्दा तिनीहरुको परमेश्वर प्रतिको पूर्णरुपमा घृणा अतिशयोक्ति छ ।" जवाफमा म यसो भन्नेछु कि हामीले निरन्तर सम्झनु पर्छ कि सबै भलाई, प्रेम र बुद्धि परमेश्वरबाट आउँछ । यो मानव हृदयमा उत्पन्न हुँदैन यदि हामीले यो महत्वपूर्ण कुरा बिर्स्यौं भने हामी यो कथा सत्यताका साथ  पढ्न सक्दैनौं र हामीले आफैलाई पनि बुझ्दैनौं । बाइबल यस बुँदामा स्पष्ट छ । निम्न पदहरुमा हेर्नुहोस् :

> किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो। परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन सक्छ। (रोमी ८ : ७ )

> धर्मशास्त्र भन्छ, "उहाँमाथि भरोसा राख्ने कोही लाजमा पर्नेछैन।" किनकि यहूदी र अन्यजातिमा केही भेद छैन। उहाँ एउटै प्रभु सबैका प्रभु हुनुहुन्छ, र उहाँलाई पुकार्नेहरू सबैलाई आफ्नो प्रशस्त आशिष् दिनुहुन्छ। (रोमी ३ : १०, ११)

> मानिसको हृदय सबै कुराभन्दा छली हुन्छ, र त्यसलाई निको पार्न सकिँदैन। त्यसलाई कसले जान्न सक्छ र ? (यर्मिया १७ : १०)

बाइबलले घोषणा गर्दछ कि हाम्रो दिमागहरु तिनीहरुको स्वभाविक स्थितिमा छ, घृणा अथवा परमेश्वर सँग युद्धमा छ । तिनीहरुको स्वभाविक स्थितिमा हाम्रो दिमागहरु विद्रोही छन्, उनीहरुले परमेश्वरको आदेशहरु स्वीकार गर्दैनन्, र हाम्रो दिमागलाई यो अवश्थाबाट स्वतन्त्र

हुन असम्भव छ । मैले आफ्नै अनुभव र धेरै व्यक्तिको अनुभवमा पत्ता लगाएको छु कि मैले उनीहरुसँग साझा गरेको छु, कि त्यहाँ यस सत्यको प्रतिरोधको तीब्र भवना रहेको छ । यो प्रतिरोधको भावनाको तथ्य यो हो कि मानव स्वभाव पूर्णरुपमा घृणाको भाव राख्दछ, यो त्यो प्रतिरोधको प्रतिध्वानी हो जुन आदमले परमेश्वर प्रति प्रकट गरेको थियो जुन प्रत्यक्ष छ, जब उनले आफ्नो असफलताको लागि जिम्मेवार हुनुभन्दा हव्वा र परमेश्वरलाई दोष दिए । आदमको असुरक्षा हाम्रो उत्तराधिकार हो र हामीले सत्यको सहन आदमले भन्दा ज्यादा गर्न सकदैनौ ।

यदि तपाई आफैले यो बिचारको प्रतिरोध गर्नुहुन्छ भने, आफैलाई सोध्नुहोस् कि तपाईलाई यस्तो किन लाग्छ ?यदि तपाई आफैमा सुरक्षित हुनुहुन्छ भने यी कथनहरुले तपाईलाई कुनैपनि मतलब गर्दैन् । आदमको असुरक्षा र रितोपनाहरु हाम्रो उत्तराधिकार हुन् । यस बाहेक उसले हामीलाई अरु केहि बढ्ता दिन सक्दैन् ।

यदि तपाई वास्तविकतालाई स्वीकार गर्न सक्नुहुन्छ कि मानव प्रकृति परमेश्वरसँग वैरभाव राख्दछ भने, तब तपाई वास्तविक उपचारको लागि हुनुहुन्छ । हामीलाई बचाउनको लागि परमेशवरको सर्दभमा, तपाई तपाई केहि राम्रो गर्न सक्नुहुन्न भन्ने महसुस गर्न अपार स्वतन्त्रता छ । तपाई प्रयास गर्न रोक्न सक्नुहुन्छ । जब तपाईको खराब स्वभाव बाहिर उफन्छ र कसैलाई भावनात्मक, वा शारीरिक चोट पुऱ्याउँदछ, तपाई आफैलाई चोट दिन रोक्नुहोस्, तर म आफै भन्दा अगाडि बढिरहेको छु, हामी यसलाई  अर्को अध्यायमा राख्नेछौं ।

आदम र हव्वालाई फर्केर हेर्दा हामी देख्न सक्छौं कि परमेश्वर र तिनीहरुको बिचमा भएको अवरोधलाई तोड्नु एउटा ठूलो काम हुनेछ । तिनीहरुको बिचमा पुन : प्राप्ति, र उनीहरुको सन्तानको पुन : प्राप्तिमा थुप्रै चीजहरुको आवश्यक पर्दछ :

१. मानवजातिलाई उनीहरुको हताश अवश्थालाई चिन्न बुद्धि दिनुको साथसाथै उनीहरुको छनौट गर्न स्वतन्त्रताको उल्लंघन नगरी सहि दिशामा प्रभाव पार्न सक्ने एउटा तरिका ।

२. उनीहरुले परमेश्वरको चरित्र र राज्यको बारेमा गलत धारणा राखेका थिए भनि देखाउने एउटा तरिका र कुनै तरिकामा उनीहरुलाई देखाउने कि परमेश्वरले उनीहरुलाई साँच्चिकै प्रेम गर्नुहुन्छ ।

३. उनीहरुको अपराध र असुरक्षा हटाउने र उनीहरुको साँचो पहिचान र मूल्यलाई परमेश्वरको सन्तानको रुपमा पुन : स्थापित गर्ने उपाय ।

४. तिनीहरुको उद्देश्यको भावना पुन : दावी गर्ने उपाय, तिनीहरुको पहिचान

५. माथिको सबैको लागि आवश्यक समय । आदम र हव्वाले आफ्नै जीवन गुमाएका थिए त्यसैले तिनीहरुलाई छनौट गर्न र निर्णय गर्न समय दिनको लागि जीवन समर्थन प्रणालीको आवश्यक्ता पर्दछ ।

६. यी सबै गर्ने क्रममा, परमेश्वरले न्यायको भावना कायम राख्नुपर्दछ । उहाँ तिनीहरुको विद्रोहलाई इन्कार गर्न र यो ठिक छ भन्न सक्नुहुन्न । यधपि, परमेश्वर उहाँको कृपामा तिनहिरुको छनौटको पूर्ण परिणाम तिनीहरुमा दिनुहुन्न, आदम र हव्वाले आफूले गरेको कामको त्रुटिलाई बुझ्नको लागि तिनीहरुको छनौटको परिणाम बुझ्नु आवश्यक छ ।

यहाँ हामीले निर्धारण गर्नुपर्ने महत्वपूर्ण बुँदा छ । परमेश्वर अचम्ममा पर्नुभएको थिएन । पिता र पुत्रले पहिल्यै निर्णय गरिसक्नुभएको थियो,

यदि उनीहरु यस अवश्थामा आएको खण्डमा के गर्ने भनेर । योजना पहिल्यै तयारी थियो । एक योजना जुन यस हतास अवस्थालाई समाधान गर्न प्रयाप्त रुपमा व्यापक थियो ।

# ७. स्वर्गको जीवन रेखा

सम्भव भएसम्म प्रेमको उच्चतम रुप बुझाउन ग्रीकहरुले एडमेनटस र एलेस्टेसिसको कथालाई विकाश गरे। प्रेरित पावल यस कथालाई विकाश गरे। प्रेरित पावल यस कथालाई रोमीको पुस्तकमा जोड दिन्छन्।

> "धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोहि बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला।" (रोमी ५ : ७)

राजा एडमेटस आफ्नो अतिथ्य र न्यायका लागि प्रख्यात थिए, र उनको राज्य भरमा प्रेम गरियो। अपोलो देउता ओलम्पस पहाडबाट उसको पिता जुपिटर ले लगेको थियो र उनले आफ्नो देवीत्व (ईश्वरत्व) त्यागेर एक मान्छे बन्नुपर्दथ्यो र एउटा दासको रुपमा मानछेको सेवा गर्नुपर्थ्यो। जब उ, पृथ्वीमा आए, राजा एडमेटसले उनलाई एउटा गरीब माग्नेको रुपमा भेटे र उसलाई दया देखाए र उसलाई आफ्नो बगालको गोठालो बनाए र उसलाई एक छोराको रुपमा व्यवहार गरे। १२ महिना पछि अपोलो आफ्नो ईश्वरीय अवश्थामा परिवर्तन भए र एडमेटेसलाई मद्दतको लागि धन्यबाद दिए र उनलाई भने, "यदि तपाईलाई भविष्यमा कहिल्यै मेरो मद्दत चाहियो भने मलाई भन्नुहोला।"

केहि समय बितिसकेपछि अपोलो एडमेटसको मा उनलाई यो बताईदिन आए कि उनलाई दावी गर्नको लागि चाँडै हेडिस भनिने भूमिगत देवता, आउनेछन्।

अपोलोले भने कि उसले डेडिसको श्रिमती पर्सेफोनसँग सम्झौता गरेका थिए कि यदि कसैले उसको ठाउँमा मर्न तयार भएको भेटिएको

---

https://en.wikipedia.org/wiki/Admetus

अवश्थामा उसलाई मर्न आवश्यक पर्दैन । एडमेटस आफ्ना बाबुआमा कहाँ गए र उनीहरुलाई सोधे कि तिनीहरु मध्ये कोहि उहाँको स्थान लिन चाहान्छन कि । तिनीहरुले भने, “हामी तिमीलाई प्रेम गर्छौ छोरा, तिमी एक दयालु र असल मानिस हौ, तर हामी आफ्नो जीवनलाई बढी मायाँ गर्छौं । हामी तपाईको लागि मर्न सक्दैनौं ।”

राजा आफ्नो सम्पूर्ण राज्य भएर गए ताकि उनले कसैलाई भेटाउन सकुन जो उसको निम्ति मर्न चाहान्छ र उसले कोहि पनि पाएनन् । एडमेटसले आफ्नो भाग्यबाट राजीनामा दिए र त्यसै बेला उनको श्रिमती एलेस्टीसले आपोलोलाई कराएर भनिन “हे प्रिय अपोलो, तिमीले मेरो पतिलाई आर्शीवाद दियौं र हाम्रो राज्यमा उनको नाम र भाग्य दश गुणा बढायौ । एडमेटस यति राम्रो व्यक्ति हो, र उसका मानिसहरुले उसलाई धेरै नै चाहान्छन कि ऊ बाँच्न योग्य छ ! म उसको लागि मर्नेछु जसले गर्दा ऊ बाँच्नेछ ।” र उनी मारिन । सारा भूमिनै असल राजाको असल श्रीमतीको खातिर रोयो जो आफ्ना मानिसहरुबाट अत्यन्तै प्रिय थिइन, र जो आफ्नो राजा जीउन सकुन भनि आफू मरेकी थिइन् ।

जब उनीा पर्सेफोनको अगाडि देखा परिन उनलाई उनी प्रति दया लाग्यो र उनलाई भनिन् कि उनले आफ्नो पति प्रति देखाएको विशवासनियताको कारण उपहार स्वरुप फेरि बाँच्न सक्नेछिन् । र यो यस्तो भयो कि जसरी एडमेटस र एलेस्टेसिसको उमेर बढ्दै गयो, त्यस्तै अपोलोले उनीहरुलाई उनीहरुको बफदारीको इनाम पनि दिए ।

ग्रीसका दार्शनिकहरुले भने, “यो प्रेमको सबैभन्दा ठूलो रुप हो - कि मानिसले आफ्नो साथीहरुको खातिर आफ्नो ज्यान दिनुपर्छ ।” धेरै मानिसहरुले यस कथालाई येशूको शब्दहरुसँग जोड्दछन् जहाँ उहाँले भन्नुभयो :

"आफ्ना मित्रहरुका लागि आफ्नो प्राण अर्पण गरिदिनु भन्दा ठूलो प्रेम अरु कसैको हुदैन् । (यूहन्ना १५ : १३)

यधपि यो परमेशवरको प्रेमको उचाईको अभिव्यक्ति होईन, बरु मानब प्रेमको सीमाको अभिव्यक्ति हो । प्रेरितले यो मानव प्रेमको सीमाको मानव कहानीलाई तुलना गर्दै भन्दछन् :

धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ़ी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं। किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन् बढ़ी अब उहाँसँगै मिलाप भएका हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं। (रोमी ५ : ७ - १०)

परमेश्वरले उहाँको पुत्र हाम्रो अनाज्ञाकारिताको खातिर चिहानमा गाडिन र चोट भोग्न दिनुभएर उहाँको गहिरो प्रेमलाई प्रकट गर्नुभयो । उहाँको सत्रुको हातमा उहाँको पुत्रलाई सुन्पिदिनुभयो, जसले उहाँलाई घृणा गरे र अनादर गरे, तिनीहरु प्रतिको महान प्रेम र करुणाको बावजुद पनि । यो एउटा मानव प्रेम नभई ईश्वरिय प्रेम थियो ।

मानवजातिको सृष्टि हुनअघि, पिता र पुत्रको बीचमा एउटा गहिरो परामर्श भएको थियो जसलाई शान्तिको सल्लाह भनिन्छ । त्यो समयमा यदि मानवजातिले उहाँहरुको विरुद्धमा कदम चालेको अवश्थामा के गर्ने

भनि एउटा योजना तय गरेको थियो । यो काम गर्ने समय थियो । परमेश्वरको पीडालाई कसले आकलन गर्न सक्छ ?

के उहाँले आफ्नो पुत्रलाई आदम र हव्वाको रोजाईको परिणामको विकल्पको रुपमा खडा हुन दिनुहुन्छ ? के उहाँले आफ्नो पुत्रलाई तिनीहरुको बेकम्मा र निराशााको चिहानमा लैजाने अनुमति दिनुहुन्छ के उहाँले आफ्नो पुत्रलाई सम्पूर्ण पहिचान गुमाउने र उहाँको पुत्रको हृदयबाट पुत्रशक्ति अलग गर्ने अनुमति दिनुहुन्छ ? जुन उहाँको हृदयबाट पीडाको साथ त्यो शब्दहरु निस्केका थिए “हे पिता तपाईले मलाई किन त्याग्नुभयो ?”

जब म यी शब्दहरु लेख्दैछु, मेरो छोरो शान्तसँग मसँग बसिरहेको छ । म उसको सुन्दर अनुहार हेर्न फर्केर जानछु र उसको लागि मेरो हृदयमा आनन्द र प्रेमको भावना महसुस गर्दछु । र म आफूलाई परमेश्वरको स्थानमा राखी कल्पना गर्दछु, मेरो छोरोलाई अब मलाई घृणा गर्ने व्यक्तिहरुको समुहको लागि आत्मदण्डित गर्ने मृत्युको सजाय भोग्न अनुमति दिँदछु । म क्षमा चाहान्छु कि साँचै मेरो दिमाग ती भावनाहरुले बन्द भए । म त्यो सोच्न पनि चाहान्न । म होसियारी छु कि यसको बारेमा सोच्नु पनि मेरो लागि एककदम पीडादायी हुनेछ र जसले मलाई नष्ट गर्नेछ । मेरो सोचाईहरु परमेश्वर र उहाँको संकटापन्न स्थितिमा फर्केर गयो र मैले लाटिएको महसुस गरे । यो हुन दिनुभएकोमा मैले उहाँ प्रति गहिरो कृतज्ञाताको भाव महसुस गरे, किनभने म त्यस्ता व्यक्तिहरुका समुहको हुँ जो मलाई थाहाछ कि परमेश्वरको सत्रु भएर पनि उहाँको पुत्रको प्रतिस्थापनाको बलिदानबाट जीवनको प्रस्ताव आयो । यो चिन्तनले मलाई सँधै रोक्दछ र उहाँको असिम प्रेम र बलिदानको लागि धन्यबादमा उहाँलाई उपासना गर्दछ ।

म आश्चर्यचकित छु कि परमेश्वरको पुत्र, जो पछि येशू मानिस बन्नुभयो, हाम्रो लागि यो कार्य गर्न राजी हुनुभयो । बाइबलले बताउँछ कि परमेश्वर शुरुदेखि नै अन्त जान्नुहुन्छ, र पिताले यो ज्ञान आफ्नो पुत्र सँग बाँडनुभयो ।

एकपटक पापले ब्रह्मण्डलाई संक्रमित गरिसकेपछि, यसले कता डोह्रेर्‍याउँछ भनि परमेश्वरलाई राम्रो सँग थाहा थियो । ख्रीष्ट यस पृथ्वीमा आउादा खेरी उहाँलाई के हुन लागिरहेको थियो त्यो उहाँले देख्न सक्नुहुनथ्यो : इन्कार, पिटाई, गिल्ला, घृणा, श्राप र कसम, नङ्गाईनु र क्रस माथिको अन्धकार लाखौं मानिसहरुको बेकम्मा जुन जुन उहाँमाथि थुप्रो लगाइयो, र हजारौा पुस्ताको बेदना र संचित दोष उहाँले यो सब देख्नुभयो र परमेश्वरको पुत्रले भन्नुहुन्छ, “हे परमेश्वर म तपाईको इच्छा गर्न चाहान्छु, तपाईको व्यवस्था मेरो हृदयमा छ ।” परमेश्वरको पुत्र अनाकानी गर्दै आउन राजी हुनुभएको थिएन, बरु उहाँले त्यो गर्ने इच्छा गर्नुभयो । उहाँको हृदय उहाँको पिताको हृदय जस्तो छ, जसले आफ्नो छोराछोरीहरुलाई आनन्दको पूर्णतामा मिलाप गर्न चाहानुहुन्छ जुन उनीहरुको गन्तव्य हुनुपर्दछ । उहाँ कस्तो प्रकारको ईशवर हुनुहुन्छ ? हामी उहाँलाई कोसित तुलना गर्न सक्छौं र कुन शब्दहरु उहाँको प्रशंसा गर्न प्रयाप्ति छन् ?

हामीले अघिल्लो अध्यायमा उल्लेख गयौं कि आदम र हव्वालाई जीवन समर्थन प्रणाली र अवरोधहरुमा सत्य छुट्याउने क्षमता आवश्यक थियो, उनीहरुको परमेश्वरको सत्यता बुझ्न र शैतानले बताइरहेको झुटहरु पत्ता लगाउन मद्दतको आवश्यक्ता थियो, उनीहरुलाई साँचो आत्मिक उत्तर दिशा पत्ता लगाउन मद्दत गर्न नैतिक कम्पासको आवश्यक्ता थियो ।

यी सबै कुराहरु संसारमा उहाँको पुत्रको उपहार द्वारा उपलब्द हुन्थ्यो । यो आदम र हव्वालाई उत्पति ३ : १५ मा भनिएको थियो । शैतानलाई सिधा सम्बोधन गर्दै परमेश्वरले यी कुराहरु भन्नुभयो :

- तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।” (उत्पति ३ : १५)

यो पद पूर्ण रुपमा प्रतिज्ञा र आशाले भरिएको छ। परमेश्वरले भन्नुभयो म सर्प र स्त्रीको बीचमा दुष्मनी राखिदिने छु। जब परमेशवरले स्त्रीको बारेमा भन्दै गर्दा उहाँले सबैको लागि भन्दै हुनुहुन्थ्यो जो स्त्रीबाट जन्म लिई आउनेछन्, अर्को शब्दमा भन्नुपर्दा सबै मानव परिवारहरु।

शत्रु शब्दको अर्थ हो घृणा गर्नु वा दुष्मनी। परमेश्वरले मानव परिवारको हृदयमा त्यस्तो कुरा राख्नुहुनेछ जसले खराबीलाई घृणा गर्दछ र भलाई र सत्यताको चाहाना गर्दछ। परमेश्वरले यसो गर्नमा एउटै कारण छ, र त्यो हो उहाँको पुत्रले पृथ्वीमा हुनुहुँदा मानव परिवारलाई आफ्नो जीवन र मृत्यु मार्फत मिलाप गर्न लाग्नुभएको थियो। के यो घृणाको मतलब यहि हो जुन स्त्रीको संतान र शैतानको संतान बीचमा भएको घृणा ? पावलले रोमीको पुस्तकमा यो शैतान प्रतिको घृणालाई अनुग्रह वा शक्तिको रुपमा जनाउनु भएको छ। तलका पदहरुलाई हेरौँ,

> सित्तैँको वरदान र त्यस अपराधमा केही समानता छैन। किनकि एक जना मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन् बढ़ी परमेश्वरको अनुग्रह र एक जना मानिसको, अर्थात् येशू ख्रीष्टद्वारा आएको सित्तैँको वरदान धेरैका निम्ति प्रशस्त भयो। (रोमी ५ : १५)

सही कुरा छनौट गर्ने क्षमता सिधै शत्रुबाट आउँछ जुन परमेश्वरले हाम्रो पुत्रको वरदानद्वारा हाम्रो हृदयमा राख्नुभएको छ। यो वरदानले हाम्रो जीवनमा आवश्यक पर्ने अरु धेरै वरदानहरु उपलब्ध गर्दछ। पावले पनि रोमीको त्यही अध्यायहरुमा यस सत्यतालाई बुझाउन खोज्नुहुन्छ।

> यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागीदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहराएर जीवन ल्याउँछ। (रोमी ५ : १८)

यो एक अविश्वासनिय सत्य हो जसले शान्ति र आनन्द ल्याउन सक्दछ । माथिको तथ्यको अर्थ यो हो कि तपाईले लिनुहुने हरेक सास (चाहे तपाई परमेश्वरको पुत्र र उहाँको बलिदानमा विश्वास गर्नुस वा नगर्नुस्) सीधै येशू ख्रीष्टबाट आएको हो । यो उहाँको जीवन हो जसलाई तपाँईको हृदयलाई धड्काउादछ र तपाईलाई सास लिन दिनुहुन्छ र तपाईलाई जीवित राख्नुहुन्छ । सबै कार्यहरु जुन हामी हाम्रो पक्षमा अनैच्छिकरुपमा व्यक्त गर्दछौं वास्तवमा परमेश्वरको भागमा स्वैच्छिक हो । उहाँ सत्यको हृदय हुनुहुन्छ भनेर बताउनु हुन्छ :

> तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न। किनभने "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ।" तपाईंहरूका आफ्नै कविहरूले पनि भनेका छन्, हामी निश्चय उहाँकै सन्तान हौं।' (प्रेरित १७ : २७, २८)

परमेश्वर हामी प्रत्येकबाट टाढा हुनुहुन्न किनकि क्रुसमा उहाँको मृत्युद्वारा हामी उहाँमा रहेको मध्यस्थताको कारण येशू ख्रीष्टको जीवनले हामी समालिरहेका छौं । यदि तपाई परमेश्वरबाट टाढा महसुस गर्नुहुन्छ भने सत्य यो हो कि उहाँ तपाईबाट कहिल्यै टाढा हुनुहुन्न । तपाईलाई उहाँले छोड्नु भएको छैन भनि थाहा पाउन तपाईले आफ्नो नाडीलाई महसुस गर्नुपर्दछ । यो वास्तविकतामा थप्नुपर्दा, परमेश्वरले हाम्रो हृदयमा सहि कुरा गर्ने इच्छा र खराबको प्रतिरक्षा गर्ने इच्छा राख्नुहुन्छ,

त्यसो भए साँचैनै हामी सँग धेरै कारणहरु छन् उहाँ प्रति धन्यबादी हुने । त्यो समयको बारेमा सोच्नुहोस् कि जब तपाईलाई गलत गर्न प्रलोभित गरिएको थियो र त्यसपछि यसको बारेमा राम्रो सोच्नुभयो र तपाईले त्यो गर्नुभएन । यो नै परमेश्वरले दिनुभएको वरदान हो, खराबको विरुद्धमा दुश्मनी । चाहे तपाई परमेश्वरमा विश्वास गर्नुहोस वा नगर्नुस, तपाईलाई यो वरदान येशू मार्फत दिइनेछ जब तपाई यसको उपयोग गर्ने इच्छा राख्नुहुन्छ । हामीलाई बाइबलमा भनिएको छ कि परमेशवरले असल र खराब दुवैको लागि पानी वर्षाउनु हुन्छ । त्यसको बारेमा सोच्नुहोस कि शैतानले कसैको दिमागमा तपाईलाई खराब गर्नको लागि कति पटक त्यस्तो खराब बिचार राखिदिएको छ होला तपाईको अधिकार खोस्नको लागि, र परमेश्वरले तिनीहरुको हृदयमा यो नगर्नको लागिदुश्मनी राख्नुभएको छ । यो पनि हो कि हामीसँग अझैपनि त्यसलाई इन्कार गरि खराबी गर्ने रोजाई छ, तर यदि त्यो दुश्मनी त्यहाँ नभएको भए हामी कोहि पनि त्यो हाम्रो दिमागमा राखिदिएको खराब बिचारलाई बाहिर निकाल्न सक्षम हुँदैन थियो ।

मानवजाति पूर्णतया हराएका थियौं र शैतानको खराब बाटोमा दाषी बनेका छौं । हामी पूर्णरुपमा आफूलाई मद्दत गर्न असक्षम छौं, हामी कष्टमा नष्ट भई पूर्णरुपमा नाश छौं । तर हाम्रो सदासयी स्वर्गीय पिता हामीलाई त्यागिदिन इन्कार गर्नुहुन्छ । हामीलाई उहाँसँग भएको सबैभनदा मूल्यवान कुरा दिनुभएको छ, जो उहाँको पुत्र हो । येशू सदैव मानव परिवारको एक हुनुहुनेछ हामी मध्ये एक । यो एक बलिदान हो जुन हाम्रो अध्यायन र ध्यानको केन्द्रिय बिषय हुनेछ अनन्त अनन्तको लागि ।

जस्तै तपाई यो कुराहरुको बारेमा बिचार गर्नुहुन्छ, परमेश्वरले तपाईको लागि गर्नुभएको सारा बिषयमा तपाई के महसुस गर्नुहुन्छ ? उहाँको

---

मत्ती ५: ४८

आत्माले उहाँलाई स्वीकार गर्न तपाईलाई डोह्रेऱ्याउँदै हुनुहुन्छ र उहाँको सत्यतामा विश्वास गर्न तपाईलाई डोह्रेऱ्याउँदै हुनुहुन्छ । उहाँले तपाईलाई यो जानोस भन्ने चाहनुहुन्छ कि उहाँले तपाईलाई साँचैकै प्रेम गर्नुहुन्छ र उहाँले तपाईलाई फर्काएर ल्याउन सबैकुरा दिनुभएको छ । म यस्तो प्रकारको प्रेमलाई गुमाउन चाहान्न, यो धेरैनै सुन्दर ढंगले मेरो लागि आवह्वन गरेको छ । तपाई के चाहानु हुन्छ ?

# ८. दुई राज्यहरुको तुलना

यस विषयमा प्रवेश गर्नु अघि दुई छुट्टै र अलग्गै राज्यहरुलाई छोटकरीमा अध्ययन् गर्नु सहयोगी हुनेछ जुन अहिलेको वर्तमान संसारमा अवस्थित छ; परमेश्वरको अनन्तको राज्य र शैतानको राज्य, यी दुवै अदनको बगैाचामा आदम र हव्वाको सामु प्रस्तुत गरिएको थियो । एउटा राज्यलाई परिभाषित गर्न त्यहाँ के आवश्यक पर्छ भनि हामीले जान्न चाहयौं भने, त्यहाँ तीन कुराहरुको समावेसलाई हामीले ध्यान दिनु आवश्यक हुन्छ :

**१. सरकार** : एउटा प्रणाली जस द्वारा राज्यको शासन गरिन्छ । उदाहरणको लागि गणतन्त्र वा तानासाही ।

**२. मुद्रण** : एक मूल्य प्रणाली जस मार्फत नागरिकले उत्पादित वस्तुहरु आदन प्रदान गर्न सक्छन् ।

**३. नागरिकता** : एक निर्धारण गर्ने तरिका जस द्वारा कोहि व्यक्ति राज्यको सदस्य बन्नसक्छ ।

निम्न तरिका मार्फत हामी दुई राज्यहरुको तुलना गर्नसक्छौं

| | **परमेश्वरको राज्य** | **शैतानको राज्य** |
|---|---|---|
| **सरकार** | परिवार | शक्तिशाली |
| **मुद्रण** | प्रेम, कृपा, स्वतन्त्र रोजाई, परमेश्वर माथि विश्वास | शक्ति, सम्पति, बल आफूमाथि भरोसा |
| **नागरिकता** | परमेश्वरको छोराछोरी | प्रस्तुती र हाँसिलता |

परमेश्वरको शासन प्रणाली परिवार प्रणालीमा आधारित हुन्छ । शासनको प्रमुख व्यक्ति पिता हुनुहुन्छ । नेता, अगुवा र त्यहाँको नागरिकहरु बीचको सम्बन्ध आत्मिय हुन्छ । आर्को तर्फ शैतानको राज्यमा, को शक्तिशाली भन्ने हुन्छ । जो व्यक्ति धेरै शक्तिशाली छ तिनीहरुले नै राज्य शासन गर्दछ । गणतन्त्रमा पनि जो चाहिँ आफ्नो सन्देशलाई विज्ञापन गर्न पोक्त छन् र आफ्नो मतदातालाई आकर्षण गर्न माहिर छन् तिनीहरु नै माथि शक्तिमा जाँदछन । परमेश्वरको राज्यले सम्बन्धको शक्तिमा व्यपार गर्दछ । प्रेम स्वर्गको मुद्रण हो । नागरिकहरु पिताको प्रेममा सुरक्षित हुन्छन र तिनीहरुको मूल्य र मान्यतालाई प्रमाणित गर्न आवश्यक छैन् । कुनै गोप्य प्रस्तावित बिना तिनीहरु एकअर्काको साथलाई निर्दोष ढंगले आनन्द मनाउनेछन् । परमेश्वरलाई एक उच्च आनन्द र लक्ष्यको रुपमा जान्नले र परमेश्वरको चरित्र, बुद्धि र ज्ञानहरु असिमित छन् भनि जान्नाले यो आनन्दमय पेशाको कहिल्यै अन्त हुँदैन । उहाँको बारेमा सिक्नको लागि त्यहाँ सँधै केहि चिज हुनेछ । यसको नागरिकहरुले उहाँको बारेमा सीधै वा उहाँले बनाउनुभएको थोकहरु मार्फत सिक्नेछन् ।

त्यसेकारणले एकअर्काको अवलोकन गर्नु र प्रकृति र ब्रह्मण्डको अध्ययन गर्नु पनि यस राज्यमा हुनुको आनन्दमय हिस्सा हो । सबैकुरा हाम्रो पिताबाट आएको हो भनेर स्पष्ट रुपमा स्वीकार गरिएको हुनाले, सबै सृष्टिले आनन्दसाथ कृतज्ञता र धन्यबादका साथ उहाँको उपासना गर्दछन् ।

यसको विपरित शैतानको राज्य सम्पतिमा व्यपार गर्दछ । मूल्य हामीले गरेको प्रप्तिबाट आउँदछ, त्यसैले सम्पतिहरुको संकलन महत्वपूर्ण हुनु मूल्यवान छ । यी सम्पतिहरु भौतिक, मानसिक, वा सम्बन्धात्मक हुन सक्छन् । ठूलो घर, अधिक

चिज तपाईको स्वामित्वमा छ, भने तपाईसँग बढी मूल्य छ । उच्च शिक्षाको स्तर, तपाईको कामको स्थिति उच्च छ, तपाईसाग सम्बन्ध व्यक्तिहरु धेरै महत्वपूर्ण हुन्छन् किनकि एक व्यक्ति तपाईको उद्देश्यको

लागि ठूलो समपति हुनसक्छ । शैतानको राज्यले विश्वास गर्दछन कि मानिस भित्र शक्ति छ, त्यसैले अरु मानिसहरुको स्वामित्व राख्दा तपाईलाई अधिक शक्तिशाली बनाउनसक्छ। मानिसहरु सँगको सम्बन्ध औजारहरु हुन जसद्वारा हामी अधिक प्राप्त गर्दछौं । यसले अन्य मानिसहरुलाई नियन्त्रण गर्न आवश्यक बनाउँदछ । त्यहाँ अन्य व्यक्तिहरुलाई नियन्त्रण गर्ने धेरै तरिकाहरु छन्। राम्रो र सबैसँग मित्रैलो हुनु सामान्य कुरो हो । यो प्राय व्यपारीहरुले प्रयोग गर्दछन् । ठूला कार्यहरु प्रस्तुत गदा व्यक्ति तपाईको अनुशरण गर्न प्रभावित हुन्छन्, र जब यी असफल हुन्छन् तपाई बल, कमजोरीपनाको फाइदा र डराउने मानिसहरुलाई प्रयोग गर्न सक्नुहुन्छ र तिनीहरुको निष्ठा सुरक्षित गर्न सक्नुहुन्छ । यही कारणले आज यति धेरै सम्बन्धहरु दुःख र शोकले भरिएका छन् किनकि प्रायजसो मानिसहरु उनीहरुको मूल्य र महत्व बढाउन एकसाथ भेला भएका छन् ।

हामीले उल्लेख गरेको अर्को भिन्नता भनेको नागरिकता हो । परमेशवरको राज्यमा तपाई परमेश्वरको सनतान भएर साधरण नागरिक हुनुहुन्छ । परिस्थिति वा जीवनका कठिनाइहरुको बाबजुद, यो तथ्य कहिल्यै परिवर्तन हुँदैन ।तपाईको नागरिकता तपाईको बुवाको रुपमा परमेश्वरसँगको सम्बन्धमा सुरक्षित छ शैतानको राज्यमा तपाई नागरिक प्रदर्शन गर्नमा भएको, तपाईले के गर्नुभयो वा के गर्नु भएन भनि मूल्याङ्कन गरिन्छ । दुवै उपलब्धी र आलस्यले तपाईलाई नागरिकता प्रदान गर्दछ जबसम्म केन्द्रित हुनुहुन्छ । यस राज्यमा तपाई प्रत्येक बिहान उठ्नुहुन्छ र सोच्नुहुन्छ कि तपाईको लागि राम्रो महसुस गर्नको लागि हाँसिल गर्नुपर्नेछ। यदि कोहि व्यक्ति तपाईको हाँसिल गर्ने प्रयासमा बाधा उत्पन्न गर्दछ भने तपाई निराशा भई रिसाउनु हुन्छ। यदि तपाई दिनको अन्त्यमा पुग्नुभयो र महसुस गर्नुभयो कि तपाईले धेरै प्राप्त


फिलिप्पी ३ : ९,१

प्रकाश १४ : ६,७, प्रकाश ४ : १-९

गर्नुभएको छैन भने, तपाई रित्तो महसुस गर्नुहुन्छ र या त निराश वा अझ दृढ संकल्प गर्नुहुनेछ ।

जीवन गर्व र बेकम्माको वरिपरि घुम्ने चक्र हो । जब तपाई प्राप्त गर्नुहुनेछ तपाई गर्व गर्नुहुनेछ र जब तपाई असफल हुनुहुनेछ तपाईलाई बेकम्मा महसुस हुन्छ । सफलता र असफलताको बीचको जीवन या त प्राप्त गर्नको लागि आन्दोलित सफलता हो, वा विपरित रुपमा डर छ कि तपाईले प्राप्त गर्नुभएको हराउनु हुनेछ । यो एक कहिल्यै अन्त्य नहुने चक्र हो जबसम्म तपाई मर्नुहुन्न वा राज्यहरु परिवर्तन गर्नुहुन्न


**शैतानको राज्यमा भावनात्मक चक्र**




यो चक्र हामी आफैमा शक्ति छ भन्ने विश्वासको साधारण परिणाम हो । यदि हामी आत्म शक्तिले भरिएका छौं भने हामी कसै माथि भर पर्दैनौं । हामीले खेती गर्नुपर्दछ र आफ्नै मूल्य उत्पादन गर्नुपर्दछ । प्रत्येक सफलताले हामीलाई मान्य गर्दछ र हरेक असफलताले हामीलाई

शून्यताको नजिक पुर्‍याउँछ । मैले पहिलो पटक प्रस्तुतीकरण गर्न थाल्दा मेरो मुटु भित्रको दन्द्व मलाई याद छ । मानिसहरुलाई बाईबलको सत्यता तिर औंल्याउँदा मैले असाध्यै आशिष महसुस गरे, तर जब मैले मानिसहरु सामु अभिवादन गर्न ढोकामा उभिएँ मैले आफूलाई राम्रो गरे भनेर बताएको र मैले गरेको कुरालाई प्रमाणित गरेको मैले चाहना गरे । जति धेरै राम्रो मैले प्रचार गरे त्यती नै बढी अनुमोदन मेरो हृदयले चाहान्थ्यो । मैले थाहापाए कि यस्तो प्रकारले सोच्नु गलत हो, त्यसैले केहि क्षणको लागि जब मानिसहरुले मैले राम्रो गरे भनि भन्दथे, मैले भने कि "परमेश्वरलाई धन्यबाद दिनुहोस्, मलाई होइन् ।" तर यो प्रायजसो अफ्ठ्यारो देखिन्थ्यो र कहिलेकाहिँ मानिसहरुलाई लाग्थ्यो कि मैले उनीहरुलाई धपाउँदैछु । जब हामी जान्दछौं कि सबै राम्रा चिजहरु परमेश्वरबाट आउँदछन् । र हामीले गर्ने कुनैपनि कुरा बाबजुदजब हामी उहाँद्वारा मान्यता पाउँछौ भने, तब हामी सफल हुन र असफल हुन बेकम्माको महसुस गर्न र अरुबाट मान्यता पाउने आवश्यक्ताको महसुस गर्नबाट बिना चिन्ता स्वतन्त्र ।

## परमेश्वरको राज्यमा भावनात्मक चक्र



यो याद राख्नु महत्वपूर्ण छ कि जब परमेश्वरको राज्यका सदस्यहरुले उनीहरुको उपलब्धीबाट मूल्य प्राप्त गर्दैनन्, तिनीहरुले अझै प्राप्त गर्छन् । वास्तवमा उनीहरुसँग धेरै हाँसिल गर्ने क्षमता छ किनकि यदि तिनीहरु असफल भए भने उनीहरुले बेकममा हुने डरको सामना गर्नुपर्दैन । तिनीहरु अझैपनि प्रेम गर्छन, अझैपनि परमेशवरका छोराछोरीहरु चाहे उनीहरु सफल होउन् वा असफल । परमेशवरको राज्यले तपाईलाई आफ्नो सम्भावितता हाासिल गर्ने उत्तम तरिका प्रदान गर्दछ, तपाईको सम्बन्धलाई नछोडि र तपाईको मानलाई नष्ट नगरिकन ।

हामीले यी दुई राज्यहरुको प्रकृति छोटकरीमा वणन गरेका छौं । पुस्तकको बाँकी भागमा हामी पत्ता लगाउन सक्छौं कि यी राज्यहरु कसरी मानव इतिहासको दायरा भित्र विकसित भयो र हामी दुई बीचको सामना गर्नुपर्ने संघर्षहरु । दुवै राज्यले स्वतनत्रता प्रदान गर्दछ, दुवै राज्यले धेरै प्रतिज्ञा गर्दछ, तर कुन राज्यले तपाईलाई महत्वको गहिराई र मूल्यमा अस्वभाविक छोड्नेछ ?

# ९. बेबिलोनको हृदय

“हामी कहाँनेर गलत भयौं ?” एक बुबाको हृदय चिरिएको रुवाई, जो उसले अहिले सामना गरिरहेको वास्तविकता बुझ्न संघर्ष गर्दै थियो । बुबाले अझैपनि यसो भने : “हाम्रो परिवारको अवस्था राम्रो छ र उसलाई थाहा छ कि हामी उसलाई प्रेम गर्छौं ।” बुबाले बताइदिए कि उनका छोरालाई लागुपदार्थ बेचबिखन, चोरी र हत्याको अभियोगमा किन दोषी ठह्र्याइएको छ भन्ने बारेमा उनले केहि हदसम्म व्यख्या गर्न खोजे ।

त्यो हृदय चिरिएको रुवाई हामीले सोचेको भन्दा अधिक पटक बोलेको छ ; विद्रोह र दुष्टताको जीवनमा आएको एक बच्चा र उसको लाज र पीडाको साथ बाँचिरहेका आमाबुवा । यस हृदय चिरिएको रुवाई स्रोत हाम्रो पहिलो मातापिता र तिनीहरुको पहिलो छोरो कयिनको त्रासदी पत्ता लगाउन सकिन्छ । आदम र हव्वाले पहिलो चोटी सानो बालक कयिनलाई अँगालोमा हालेपछि तिनीहरुले महसुस गरेको आनन्द आमाबाबुलाई थाहा हुनेछ। उनीहरुको प्रेमको फल अब समातेर आनन्द लिनको लागि थियो । जब हव्वाले आफ्नो नयाँ बहुमूल्य बिटोलाई समातिन उनी चिच्याइन्, “प्रभु मैले एक मानिस पाए ! ” हववालाई विश्वास थियो कि उत्पतिमा उल्लेखित प्रतिज्ञा गरिएको संतान कयिन हुनेछ । (उत्पति ३ : १५) त्यसैले सबै राष्ट्रहरुको लागि उपचार र आशिष ल्याउँछ, ओह, यदि यो सत्य हो भने, हव्वाको लागि तितो विड्मबना यो थियो कि कयिनको विरासतले लाखौं मानिसहरुमा दुःख, विनाश र मृत्यु ल्याउने थियो । कयिन उपासक वर्गहरुको प्रमुख बन्न पुगे जुन तिनीहरुको आफ्नै सर्तमा अध्यात्मिक अनुभव संञ्चालन गर्दछ । यो समुहले विश्वको जनसंख्याको ठूलो हिस्सा ओगट्दछ, मानिसहरुको एक समुह जुन पछि बाइबलले बेबिलोनको नाम राख्ने थियो ।

---

उत्पति ४ : १

यस अध्यायमा हामी यस मानिसहरुको समुहलाई चलाउने आत्मालाई पत्ता लगानेछौं र यसले तपाई र मलाई कसरी असर गर्छ भनि जान्नेछौं । “बुवा ; हामीले किन त्यो गरीब निर्दोष भेंडालाई मार्नुपर्छ ?” एउटा पाठोलाई मार्नु मानव परिवारको सामु तिनीहरुको ख्रीष्ट प्रतिको प्रकृतिक मानविय भावनाहरुको वास्तविकता र त्यसकारण पश्चातापको आवश्यक्ता छ भनि बनाइएको थियो । त्यसकारण यसले हाम्रो अवस्था देख्नको लागि परमेश्वरले तिर्न तयार भएको मोललाई प्रकट गर्दछ, र आत्माको बोलावट मार्फत क्षमा माग्दछ । हाम्रो मुक्तिको लागि कस्तो अविश्वासनिय उपहार प्रस्ताव गरिएको छ । यो एउटा यस्तो बिधि थियो जसले भेटीको समयमा प्रत्यक्ष रुपमा ख्रीष्टका कष्टहरुलाई औँल्यायो । यसले पितालाई प्रकट गर्न येशू यस पृथ्वीमा आउनुहुनेछ भनेर पनि औँल्याएको छ । यसले आदमको पतन पछि मानवताले पछिल्लो अवस्थामा ख्रीष्टलाई के गरेको छ भन्ने लाजलाई पनि औल्याएको छ । यो दुवै परमेश्वरको अदभूत प्रेमको सान्त्वनादायी अनुस्मारक थियो त्यसैगरी मानव अकृतज्ञाता र स्वार्थीपनाको कष्टदायी अनुस्मारक थियो ।

यस सेवामा भाग लिँदा सँधै मिश्रित भावना उत्पन्न गर्दछ । निर्दोष भेंडाको अनुहार तिर हेर्दा र यसको मौन पीडा देखेर स्वार्थ र आत्मनिर्णयको मूल्यलाग्ने गरी घर पुग्ने थियो । सबै मानिसहरु जसले परमेश्वरको साँचो थुमाको अनुहार हेर्छन, आशासँधै पीडासँग मिसाइनेछ जुन मानव स्वभावले ख्रीष्टलाई के गर्दछ भनेर बुझाईको साथ आउँदछ ।

कुसको प्रकृतिक मानविय प्रतिकिया कि त यस्तो मानविय उत्पतिलाई फेरि लेख्नु हो जुन अस्वीकार गरेर त्यस्तो कुनै पतन पहिलो स्थानमा भएको हो, वा पापको विरुद्धको कोधलाई तृप्तपार्न उसले मृत्युको माग परमेश्वरमा राखेको हुनुपर्छ । धेरैजसो अवस्थाहरुमा कुसलाई उज्यालोबाट अँध्यारोमा रुपान्तरण गरिनछ, वा आशाको प्रतिकको

रुपमा नराम्रो सँग  चित्रण गर्दा वास्तविकतामा हेरफेरको प्रतिकको रुपमा प्रस्तुत गर्दा विद्रोहको कारण बन्छ ।

धेरै वर्षसम्म उनको बुबाआमाले थुमाको हत्या गरेको हरिसकेपछि र उनीहरुको आँशु र शोकलाई आउँदै गरेको आशा, धर्यता र आत्मविश्वास देखेपछि कयिनले निणर्य गरे कि उनी अब नम्रता र पश्चातापको आवश्यक्तालाई सहन सक्ने छैनन् । मारिएको थुमाले खुलासा गरेको मानव असफलतालाई ध्यानमा राखी कयिनले यस्तो उपहारमा परमेश्वरको महान प्रेमलाई नसम्भिmने निणर्य गरे । कयिनको लागि भेंडाले, आफ्नो असुरक्षालाई उस्कायो, जुन उसले आफ्नो बुबाबाट प्राप्त गरेको जन्मसिद्ध अधिकारको एक हिस्सा हो । जुन बुबाले शैतानबाट पाएको थियो । कयिनलाई भेंडाले यो मात्र भने कि आफ्नो अधिकारमा परमेश्वरप्रति ग्रहण योग्य छैन् र उसको व्यवहारलाई परमेश्वर अस्वीकार गर्नुहुन्छ । स्पष्टता : शैतानले कयिनलाई उसको आराधनाबाट भेंडा बलिदान गर्ने कार्यलाई हटाउन कडा कदम चाल्न प्रोत्साहित गर्यो, र यसरी उसले परमेश्वरसँगको आफ्नो सम्बन्धलाई आफ्नो कार्यहरु द्वारा पश्चातापको आवश्यक्तालाई हटाएर पुन : परिभाषित गर्दछ ।

बाइबलले बताउँछ कि कयिनले प्रभुलाई फलफूलको भेटी ल्याए । हामीलाई यो पनि भनिएको छ कि कयिन एक किसान थिए जसले आफ्नो पेशागत हिसाबले खानाको उत्पादन गर्थे । कयिनको भेटीहरु उनको आफ्नै हातले गरेका कामबाट परमेश्वरको आदर कमाउने प्रयत्नको प्रतिक थियो । उनले आफ्नो उपसनाको अनुभवलाई नम्र विश्वासबाट घमण्ड प्रदर्शनमा परिवर्तन गरे, घनिष्ट भरोसा सम्बन्धबाट ठेक्काको सम्भmौतामा । यस्तो धर्मले परमेश्वरसँग हाम्रो मोलतोल गर्ने शक्ति छैन् भन्ने तथ्यलाई वेवास्ता गर्दछ, हाम्रो आफ्नै तरिकाले परमेश्वरलाई भेटन र आराम गर्नको लागि हाम्रो आफ्नो जीवन छैन् । दुःखको कुरा कयिनले यो भुले । थुमाको बलिदान द्वारा गरिएको पापको सजायबाट बाहिर निकाली कयिनलाई स्वतन्त्रता दिने

शैतानले प्रतिज्ञा गर्यो । तर थुमालाई हटाएर कयिनको धर्म साँचो परमेश्वरसँगको विश्वासको सम्बन्धबाट परिवर्तन भई आफूले नियुक्ति गरेको देवतालाई परमपरागत प्रदर्शनमा आधारित भयो । यसो गरि कयिनले ड्युरासेल रुखको बिषलाई अँगाले, उनले कामको प्यारागलाइडरमा उडान लिए र उनले सुरुमा स्वतन्त्रताको उत्तेजक भावनाको अनुभव गर्दा यो प्यारागलाइडरले आफ्नो सीमामा पुग्नु अघि नै दुर्घटनाग्रस्त भयो ।

पाँचौ अध्यायमा हामीले केहि भावनात्मक चोटहरु देख्यौ जुन पारिवारिक सम्बनधहरु टुकिएपछि आउँदछ । यहाँ सांराशमा दिइएको छ :

- निरन्तर अनुमोदन खोजीगर्नु
- आफैलाई कडाईकासाथ न्याय गर्नु
- आफ्नो नियन्त्रण बाहिरको कुरालाई ज्यादा गर्न खोज्नु - उदाहरणको लागि तिनीहरु प्राय सँधै नियन्त्रण गर्ने ।
- सम्बन्धमा समस्या

जब कयिन परमेश्वरले उसलाई बचाउनको लागि बनाउनु भएको योजनाबाट टाढा गए, ऊ परमेश्वरबाट टाढा भए ; उसको परिवारिक सम्बन्ध बिग्रीएको थियो । यस दुरीले उसको असुरक्षाको ज्वालालाई बढुवा दियो । परमेशवरको आत्माले अब उसको डरलाई शान्तपार्न सक्दैन र शैतानको झुटलाई खण्डन गर्न मद्दत गर्न सक्दैन । रित्तोपना मात्र बन्यो, र लाजको भाव बढयो ।

---

उत्पति ४:३

शैतानले जस्तै कयिनले परमेश्वरसागको आफ्नो सम्बन्ध बिगार्नको लागि त्यो बेकार संघर्ष गर्नुपर्थ्यो । जतिसुकै प्रयास गरेपनि उसले त्यस्तो गहिरो रित्तोपनालाई कहिल्यै हटाउन सकेन्, जबसम्म ऊ भावनात्मक रुपमा परमेश्वर कहाँ, उहाँको राज्य र उहाँको योजनामा फर्केर आउन सकेन ।

कयिनको अशानितपूर्ण भावनाहरु चााडै फुट्नेछन् । यो बलिदानको लागि तोकिएको समयमा भएको थियो जब कयिन र उनको भाई हाबिल परमेश्वरको उपासना गर्न आए । परमेश्वरले हाबिलको भेंडाको पाठोलाई आगोले जलाएर स्वीकार गर्नुभयो, तर उहाँले कयिनले चढाएको भेटीलाई त्यत्तिकै छोडिदिनुभयो । यो नै कयिनको रिसको कारण बन्यो । पाप एकदम अतार्किक छ । कयिनले परमेश्वरको निर्देशनहरु पालन गर्दैन र त्यसपछि ऊ भयाङ्कर दुःखी हुन्छ जब उसको भेटी ग्रहण हुँदैन ।

पसलमा गई रोटी बनाउनको लागि सबै आवश्यक सामग्रीहरु ल्याएको कल्पना गर्नुहोस् । तपाईले यो कसरी बनाइन्छ भनि पसलेलाई सोध्नुहोस्, र उहाँले तपाईलाई एउटा सुचि दिनुहुनेछ । सबैकुरा राम्रोसँग भइरहेको छ, जबसम्म तपाईले खमिरको एक गन्ध लिनुहुन्न र तपाईले निणर्य लिनुहुन्छ कि रोटी यो बिना राम्रो हुन्छ । त्यपछि तपाई यसलाई ओभनमा राख्नुहुन्छ र केहि समयपछि तपाईसँग पातलो थेप्चो दुःखलाग्दो रोटी छ । अब, के रिसले चुर भई पसले कहाँ दौडेर गई तपाईको असफलताको कारण  उसलाई दुरव्यवहार गर्न मिल्छ ? मुश्किलले ! ठ्याक्कै त्यस्तै व्यवहार कयिनले परमेश्वरसँग गरे ।

कयिन फर्केर नआउने स्थितिमा छ । शैतानको राज्यलाई अँगाल्दा जहाँ उसको प्रयास र प्रदर्शनले उसको मूल्यलाई निर्धारण गर्दछ ; उसको मार्ग दर्शन र सुधार गर्ने क्षमता छिटो कम हुँदै जान्छ । कयिनलाई थाहा छ कि उसले गलत काम गरेको छ ; तर मानव दिमागले सजिलै आफैलाई धोका दिन सक्छ र नम्र भई भावनाको अधिनमा बस्नुभन्दा ऊ रिसाउँछ । बिस्तारै परमेश्वरले उसलाई मद्दत गर्न र सुधार गर्न

खोज्नुहुन्छ र उसलाई पुन : उहाँको पुत्रको प्रतिज्ञाको उपहारमा निर्देश गर्नुहुन्छ, तर कयिनले चेतावनीलाई बेवस्ता गरे । उसको विद्रोहको भावना बढ्दै जान्छ र अन्धकारको राज्यले यसको सबैभन्दा सफल मानव अनुभव पुरा गरिसकेको छ ।

अहिले कयिनको हृदय पूर्णतया भावनात्मक शक्तिले प्रभुत्व जमाई सकेको छ जुन शैतानले स्वर्गमा निकालेको थियो । ऊ परमेश्वरको अनुमोदन चाहान्छ तर आफ्नै सर्तमा । उसको बेकम्मापनको भाव यतिसम्म बढ्यो जहाँ ऊ विस्फोट गर्न तयार थियो । ऊ उच्च शक्तिहरुबाट स्वीकृति र लालसाको तृष्णालाई तृप्त पार्ने डरलाग्दो परिस्थितिमा फसेको छ, त्यस्तै गरी उसले आफ्नो सबै कुरा परमेश्वरमा निहित छ र थुमाको प्रेमिलो प्रबन्धको लागि नम्र भएर कृतज्ञ हुनुपर्छ भन्ने तथ्यलाई बेवास्ता गर्न चाहान्छ । हाबिलको अगाडि अझै 'सार्वजनिक अपमान' भएको कुराको बारेमा हाँसो गर्दै उसले उनीसँग बहस गर्न सुरु गऱ्यो । हाबिलले कयिनलाई उनके उपासना गर्ने तरिकाको बारेमा अपिल गर्दछ र उसलाई परमेश्वरको याजनामा फर्कन प्रोत्साहन गर्छ । कयिनलाई वास्तवमा त्यहि आवश्यक्ता थियो । उसको भित्र केहि छिनियो । उसको बेकम्मापनको भावनाले उसलाई यस्तो अवस्थामा पुऱ्यायो जहाँ उसले अब परवाह नै गरेनन् ; र जब त्यो क्षण आउँछ , शैतानलाई नियन्त्रणको लागि पूर्ण रुपमा स्वतनत्र प्रवेश दिन्छ ।

शैतानले कयिनलाई उसको भाई प्रतिको गहिरो घृणाले भर्छ, पारिवारिक सक्बन्ध बिर्सिन्छ र शैतानको राज्य अब पूर्ण रुपमा देखा पर्छ । जस्तै पहिलो हतया भएको थियो सारा स्वर्गले हेरिरहेका थिए, पवित्र र अनमोलसम्बन्धको पहिलो विनाश । त्यसैले जब परमेश्वरको कानुन भंग गरिन्छ भने यस्तो हुँदछ ! स्वर्ग घवराउँछ र शैतान र उसका दूतहरुले पनि कठिन अनुभव गरेको हुनुपर्दछ जब हाबिलको मरणशिल अवस्थाले

उत्पति ४ : १३

भूमीलाई रातो रगतमा परिणत गरेको थियो ।

शैतानले यस घटनाको त्रास देखाउँछ र आफ्नो दासलाई निश्चित गर्न उसले दोषी भवनालाई गहिरो गरि कयिन भित्र घ्दर्शाउने काम गऱ्यो ताकि परमेश्वरले क्षमा गर्नुहुन्छ भनि कहिल्यै विश्वास गर्न नसकोस । यो शैतानको पागलपना हो, उसले हामीलाई विद्रोह गर्ने मार्ग अनुसरण गर्दा स्वतन्त्रता र खुशीको प्रतिज्ञा गर्छ र जब हामी अपराध गर्छौं, यो यो उसको आवाज हो कि जो परमेश्वरबाट हाम्रो विनाशको लागि ठूलो स्वरले माग गर्दछ । र त्यसैगरि यो उसैको आवाज हो जसले हाम्रो आत्मामा कानेखुसी गर्दछ र भन्छ कि हामी पनि धेरै खराब र दुष्ट छौं र परमेश्वरले हामीलाई फेरी स्वीकार्नु हुँदैन । यो उसको आवज हो जसले हाम्रो दोषको भावनालाई बढाउँछ र जहाँ हामी पर्न चाहान्छौं । यो कस्तो दुःखलाग्दो कुरा छ कि कसरी एक सुन्दर स्वर्गदूत यस्तो नराम्रो विनाशकर्तामा रुपानतरण हुनुपर्दछ । अब जब कयिनले पूर्ण रुपमा सिमालाई नाघ्यो, उसको प्राणको लागि प्रतिरक्षा छैन र शैतानले उसलाई यसो भन्दै कराउन लगायो, “मेरो अधर्म क्षमा हुने भन्दा ठूलो छ ।” यी सबभन्दा दुःखद शब्दहरु हुन । परमेश्वर कयिनलाई काट्न होइन तर उसलाई फिर्ता लिन खोज्न आउनुभयो । उहाँ कयिनलाई उसको भाई कहाँ छ भनेर सोध्नुभयो, उसलाई आरोप लगाउन होइन तर कयिनलाई पश्चताप गराउने र परमेश्वर तर्फ फर्कने मौका दिन भने । दुःखको कुरा कयिनले ती विलापपूर्ण शब्दहरु भने : “मेरो पाप क्षमा गर्न सक्ने भन्दा ठूलो छ ।” उसले परमेश्वरको वचनलाई भन्दा पनि शैतानको झुटलाई विश्वास गऱ्यो । उसले रोपेको थियो र अहिले कटनी गऱ्यो ।

उत्पति ४ अध्यायको ११ पदमा परमेश्वरले श्रापको घोषणा गर्नुभयो । श्रापको पछिल्लो भागमा परमेश्वरले कयिनलाई बताउनुहुन्छ कि ऊ भगुवा र डुल्वा हुनेछ । यी शब्दहरुले एक त्यस्तो व्यक्तिहरुको बारेमा बताउँछ जो एक  काम्ने अवस्थामा र लरखराउँदछ ; यसले यस्तो व्यक्तिको भावलाई प्रकट गर्दछ जसको कुनै आशा र भविश्य छैन । यो

श्राप केहि स्वर्गीय छडीद्वारा परमेश्वरले लागु गर्नुभएको थिएन ; तर त्यो श्राप परमेश्वरको पारिवारिक राज्यको अस्वीकारमा निहित थियो, आत्मिकी सम्बन्धलाई इन्कार गर्नुको परिणाम थियो । उसको आत्मालाई यातना दिइयो किनभने ऊ आत्मियताको लागि सृष्टि गरिएको थियो, तर उसको हृदयले अर्कै बाटो रोज्यो - सँधै प्रेमको चाहना भएपनि उसको नजिक हुनेहरुलाई सँधै घृणा गर्दछ ; नजिकको चाहना थियो तर मानिसहरुलाई कहिल्यै उसको हृदयको गोप्य कोठामा आउन दिँदैन जहाँ उसको बेकारको बासस्थान छ, साथीहरु बनाउन चाहना गर्ने तर सँधै आफ्नो पराक्रमको प्रतिद्वन्द्वी देखि होसियार हुने । यस भनाईको सत्यता यहाँ छ : “दुष्टहरुको लागि बिश्राम छैन ।”

बाइबलले बताउँछ कि कयिनले परमेश्वरको उपस्थितिबाट बाहिर निस्के । ऊ अब परमेश्वर म सँग हुनुहुन्छ भन्ने भावना बिना जीउन थाले । आफ्नो पापले उसलाई परमेश्वरबाट टाढा राख्यो भनि विश्वास गर्दै, वास्तवमा परमेश्वरलाई आफूबाट टाढा राख्यो । अब अनुमोदन र मूल्यवानको लागि पहिले भन्दा अझ बढी आवश्यक्ताको साथ, उसले एउटा शहर निर्माण गर्न सुरु गरे । उसले आफू वरपरका मानिसहरुलाई जम्मा गर्थे र तिनीहरुको नेता हुन्थ्ये । उसले ठूला - ठूला भवनहरु निर्माण गऱ्यो र उसले जे हाँसिल गरेको थियो त्यसबाट आफ्नो मूल्य खोजे ।

उसले आफ्नै हातले बनाएको कामले आफूलाई हेर्न सक्छ र आफूले सकेसम्म चेतनाबाट परमेश्वरको कार्यको प्रमाणलाई रोक्न सक्छ । जबसम्म उसँग आफ्नो आत्माको अवस्थाको बारेमा आफूलाई सोध्ने समय हुँदैन तबसम्म ऊ आफूलाई व्यस्त राख्नेछ । र यसैकारण कयिन पृथ्वीमा शैतानको राज्य स्थापनाको माध्यम बन्यो । ऊ मार्फत मानिसहरुको एउटा जाति विकसित भयो जसले असुरक्षा र बेकम्माको सबै संकेतहरु देखायो । तिनीहरु शक्ति र ओहदाका खोजीकर्ताहरु थिए, जसले नियन्त्रण र भावना विकाश गरे जुन कुनै पनि प्रतिद्वन्द्वीको ईष्यालुथियो, जसले स्वर्ग र पृथ्वी बनाउनुहुने परमेश्वर बाहेक अरुनै

कहिल्यै अन्त्य नहुने पहिचानको दौडमा हिँडे । जब सम्म मानवजातिहरुले महान सम्बन्ध र व्यक्तिगत परमेश्वरको शरणमा आउनुको सट्टा शैतानले उनीहरु भित्रको मूल्यको खोजीमा व्यस्त राख्दछ तब सम्म उसले तिनीहरुलाई निर्णय गर्न सक्थ्यो । र उसले त्यसै गरेको छ । युगौयुगदेखि शैतानले आफ्नो अधिनमा रहेका मानिसहरुको एउटा वर्गलाई समातेर उनीहरुको नाकाम, असुरक्षित आत्मालाई आफ्नो बन्धनमा बाँधेको छ र संसारमा शासन गर्न खोजिरहेको छ ।

हामीले बेबीलोनको हृदय अध्ययन गरेका छौं, घायल हृदयले यसले के गर्दछ भने घायल हृदयले मूल्यको खोजीगरिरहेको छ, र परिस्थिति हेरफेर गर्न खोजीरहेको छ ताकि यसलाई कसैले धम्की दिन नसकोस । अर्को अध्यायमा हामी यस हृदयको विकाशलाई पछ्याउने छौं जसरी यो मानव इतिहास मार्फत बढेर आएको छ ।

# दोस्रो खण्ड : एउटै गन्तव्य -पहिचानको पुनःदावी

## १०. ड्युरासेलको साङ्लो तोड्दै

जस्तै उनीहरुले एक अर्कालाई अँगाले त्यहाँ त्यहाँ लामो समय शान्त रहयो । भावनाको प्रवाह गहिराइ तिर लम्कीरहयो, तर उनीहरु दुवैले थाहापाए समय आएको थियो। अनन्तको समय देखिनै पिता र पुत्र बीच सँधै नजिक भएर बातचित हुन्थ्यो, र अहिले आएर त्यो बातचित चाँडैनै तनाव र अन्तमा तुट्दै थियो।  परमेश्वरको पुत्र अहिले आफ्नो मानव छोराहरु र छोरीहरुलाई फर्काएर ल्याउने उद्देश्यमा सम्लग्न हुनुहुन्छ । पिता र पुत्र दुवैलाई त्यसको लागि चुकाउने मूल्य र जोखिमको बारेमा राम्रो सँग जान्नुहुन्छ, तर प्रेमले उहाँहरुलाई डोह्रेर्‍याउँछ।

कहि क्षणको लागि पिता र पुत्रले त्यो भविष्यको योजनालाई भविष्यवाणिक आँखाले हेर्नुहुन्छ। त्यो अपमान, इन्कार, घृणा, थुकाइ, कुटाइ, लात, कोर्रा र काँटीको छेडाइ, यो दर्दनानक क्षणलाई कहिलेपनि तुलना गर्न सकिन्दैन जब स्वर्ग र पृथ्वी पिता र पुत्रको अलगिने निर्णयको लागि खडा हुन्छन् । पुत्रले जब हजारौा दोष, पीडा, विद्रोह र बेकम्मालाई आफूमाथि खनिनदिइ र आफूलाई पात जस्तो हल्लेको, सुकेको र पापको कारणले लुकेको पिताको अनुहारको भावले टकिएको दृश्यलाई हेर्नुहुन्छ । त्यो अन्धकारमा पितापुत्रको साथमा हुनुहुन्छ तर त्यो पुत्र हुनुहुन्छ जसले हाम्रो त्यागिएको भावलाई त्यो दर्दनानक मृत्युमा लिएर जानुहुन्छ।

अँङ्गालो कडा हुन्छ - कसरी पिताले उसलाई यो गन्तव्यमा दिन सक्नुहुन्छ ? हसफलता र पापको शक्तिको कारण अनन्तता गुमाउने खतराको सम्भाव्यता देखि गहिरो स्तरमा छलफ हुँदछ । परमेश्वरको पुत्रले मानव स्वभाव धारण गरि शैतानलाई आफ्नो पराजितको निम्ति अवसरको झ्यालउपलब्ध गरउनुहुन्छ , जो उहाँको कट्टर विरोधी हो, त्यहाँ सफलताको कुनै निश्चयता थिएन । उहाँहरु कसरी त्यस्तो खतरापूर्ण जोखिममा संलग्न हुनु सक्नुहुन्छ ? कसरी उहाँहरुले त्यस्तो जीवन मरणको योजनामा ख्यालचारी गर्न सक्नुहुन्छ ? यहाँ उहाँहरुलाई त्यो अगापे प्रेमले ( निःस्वनर्थ प्रेम) ले डोह्र्याउँछ। त्यो लामो समयको शान्त जुन अनन्तको जस्तो छ, अहिले आएर समाप्त हुन्छ ; उहाँहरु दुवैले यो योजनालाई कार्यन्नयन गर्न समर्थन हनुहुन्छ। पुत्रले स्वर्गको धारमा पाइला राख्नुहुन्छ, एकपटक पिताको प्रेमिलो मुहारमा अन्तिम हेराइ हेर्नुहुन्छ र उहाँ जान्नुहुन्छ ।

हामीले ६ अध्यायमा एउटा लामो चुनौतीपूर्ण सूचीलाई हेर्‍यौँ जसद्वारा उहाँले पृथ्वीमा उहाँका छोराछोरीहरुलाई बचाउनको लागि आवश्यक कदम चाल्नु पर्थ्यो । ९ अध्यायमा हामीले मानिसको हृदयमा शैतानको राज्य विकाशलाई देख्यौँ र त्यसैगरि शैतानले कसरी हाम्रो बेकम्माको भावना मार्फत हामीलाई शासन गर्दछ भनि जान्यौँ । यदि येशूले त्यो शत्तिलाई तोड्नु थियो भने उहाँले त्यो बेकम्माको भावनालाई हटाउनु आवश्यक थियो । उहाँले हामीलाई परमेश्वरको छोराछोरीको रुपमा हाम्रो पहिचानको भावनालाई पुर्नमिलन गर्नु छ र ड्युरासेलको मा धारण गरेको झुटो पहिचानलाई विजय प्राप्त गर्नुछ ।

पूर्ण सुचनाको गहिरो त्यो भावले शैतानको हृदय अवश्य दुःखेको हुनुपर्छ, जब स्वर्गदुतहरुले गोठालाहरु कहाँ हर्षको गान गाउँदै मसिह आउनुभएको दृश्य शैतानले देख्यो । चम्किलो ताराले ज्ञानी ज्योतिसीहरुलाई त्यो दयनिय गोठाला तर्फ डोह्र्याउँदा त्यसले पक्कै

---

हिब्रु २ : ९

पनि सान्त्वना थपेको थिएन होला, तपाईले कल्पना गर्न सक्नुहुन्छ कि जब उसले यो आर्दश बालकलाई हेरेको थियो, उसलाई थाहा थियो कि ऊ एक युद्धको लागि छ । त्यो बालकमा छाएको शान्तिमय शान्तलाई तोड्न ऊ असक्षम भए, जुन उसले प्राय अरु प्रत्येक बहुमूल्य बालकहरु संग गर्न सक्षम भएको थियो । यो एउटा समस्या थियो ; बालक मासु र रगतले बनेको थियो तर एउटा गहिरो शान्तिले बालकलाई ढाकेको थियो कि उसले बिचलित पार्न पूर्णरुपमा असक्षम थियो । शैतानलाई थाहा भयो कि ऊ समस्यामा छ ।

यो बिचलित आत्मा हेरोदको हृदयमा बस्यो र हामीलाई संकटमा पुग्ने एउटा झ्याल दिइयो जसले अन्धकारको आत्मा संसारलाई चलाउँदछ । असुरक्षाको गहिरो भावनाले हेरोदलाई शासन गऱ्यो जसले उसलाई स्वर्गको राज्य विरुद्ध 'आघात र विस्मय ' अभियानको लागि सजिलै छकिने बनायो । उहाँले त्यो वास्तविक प्रतियोगिता सुरु हुन पहिले उहाँलाई बाहिर निकाल्न सक्नुहुन्थ्यो तर बालक राजाको शान्तिपूर्ण भरोसालाई गलत ठाउँमा राखेको थिएन । सुरक्षाकर्ताले उसलाई भाग्नको लागि एक तरिका उपलबध गरायो जसले गर्दा उहाँले पिताको सत्यतालाई प्रकाशमा ल्याउन सक्नुहुनेछ, अन्धकारको शासनलाई पर्दाफास गर्नुहुनेछ, र मानव शरीमा असुरक्षाको साङ्लालाई तोड्नु हुनेछ जसले नष्ट मानवजातिलाई दास बनाउँदछ ।

येशूको जीवनलाई यी शब्दहरुलाई संक्षेप गर्न सकिन्छ :

> "मलाई पठाउनुहुने मसँग हुनुहुन्छ। उहाँले मलाई एक्लै छोड्नुभएको छैन, किनभने म सधैँ उहाँलाई प्रसन्न तुल्याउने काम गर्दछु।" (यहून्ना ८ : २९)

शैतानले के गऱ्यो त्यसले केहि फरक पार्दैन, त्यसले मर्यादा र भावनाको भावनालाई तोड्न सकेन । खीष्ट आफ्नो पुत्रत्वको साथ दृढ रहनुभयो जसले अन्धकारको राजकुमारलाई समेत चकित पार्यो । खीष्टलाई पापमा फसाउन खोज्ने बेकारको प्रयासहरुमा शैतान रिसाएको हुनुपर्छ । अन्तमा, एकजना हुनुहुन्छ जसले शैतानलाई प्रतिरोध गर्न सक्नुहुन्छ । प्रत्येक व्यक्तिसँग ४००० वर्षको सफलता पछि शैतानले मानव प्राणको चट्टानको पर्खाललाई जोडगरि हिर्काउँछ जो आफ्नो परमेश्वरको पुत्रत्वमा भरोसा राख्दछ । पुत्रत्व एउटा विजयताको साँचो थियो, पुत्रत्व बेकम्माको त्यो धारको विरुद्धमा सुदृढ गढी थियो जसले मानवजातिलाई डुबाउँदै थियो, र त्यसैकारणले येशू र उहाँलाई आक्रमण गर्ने बीचको द्वन्द्वको केन्द्रविन्दु पुत्रत्व हुनुपर्दछ ।

नासरत शहर उतसाहित पारेको छ । बप्तिसमा दिनेको खबर द्रुत रुपमा फैलिन्छ । मसीहको लागि अग्रदूत आइसकेका थिए, र जसरी यो शन्देस नम्र सिकर्मीको पसलमा पुग्दछ, येशूले थाहापाउनु भयो कि पिताको महिमा गर्ने समय आउको थियो । उहाँले आफ्नो आरा र राँभो राख्नुहुन्छ, आमालाई अँगाल्नुहुन्छ र यर्दन तर्फ लाग्नुहुन्छ ।

येशू उहाँको पुत्रत्वमा निश्चित हुनुहुन्छ, तर उजाडस्थानमा आउने विवादले उहाँलाई यस्तो परिक्षा गर्नेछ कि पहिले कुनै मानिसलाई पनि यस्तो परिक्षा गरिएको छैन् । मानिसको कष्टको ढोकाहरु एउटा फुटेको बाँधको रुपमा उहाँमाथि खोलिनेछ । येशूले अत्यन्तै मानव बेकम्माको सामना गर्नुपर्दछ र स्थिर रहनु पर्दछ । यदि उहाँ स्थिर भई खडा हुन सक्नुहुनेछ भने, पहिलो पटक कसैले ड्युरासेलको साङ्लालाई तोड्न सफल भएको छ । यस विजयताकाट प्राप्त गरेको उहाँमा विश्वास गर्नेहरको अधिकार हुनेछ ।

उजाडस्थानमा भएको लडाई क्रुसको कार्यको लागि जग थियो । यदि मानव आत्माले आफ्नो शून्यताको साङ्लोलाई तोड्न सक्दैन भने क्षमा पाउनुको के महत्व हुनछ ? यदि कुनै मानिस, स्त्री वा बालकसँग त्यो अति सुन्दर प्रेमको प्रकाशलाई अँगाल्ने शक्ति छैन भने के लाभ हुन्छ ?

केहि हुँदैन ! ड्युरासेलको शून्यता र बेकम्माले सर्वप्रथम विजय प्राप्त गर्नुपर्दछ र विजयको धनमाल मानवजातिको हातमा राखियो जसले गर्दा सबैजनालाई त्यो अतुलनिय क्रुसको उपहारलाई अँगाल्न सक्षम गर्नेछ र परमेश्वरले प्रेम गर्नुहुन्छ र तिनीहरुलाई क्षमा गर्नुहुन्छ भनि साँच्चै विशवास गर्न सक्नेछ ।

पिता जान्नुहुन्छ कि के आउँदैछ र उहाँले आफ्नो पुत्रको हातलाई लडाइको निम्ति बलियो पार्नुहुन्छ, तर शक्तिशाली दृश्यद्वारा होइन, सिपाहीँलाई हतियारहरुसँग प्रयोग गरेर होइन, यी कुनैले पनि आउादै गरेको शत्रुको सामना गर्न सक्दैन । परमेश्वरले उहाँको उत्तम हतियार दिनुहुन्छ - त्यो क्षमता उनीहरुको एकअर्कासँगको सम्बन्धबाट आउँछ । जसरी येशू पानीबाट निस्कनुहुन्छ र ढुकुर तल आउँदछ, स्वर्ग उग्रिन्छ र येशूले उहाँको पिताको आवजलाई  सुन्नुहुन्छ ; “उनी मेरो प्रिय पुत्र हुन् तिनमा म अति प्रसन्न छु ।” यी शब्दहरु एउटा तिखो तरवार हो जुन पिताले आफ्नो पुत्रलाई युद्ध गर्न सुम्पिनु भएको हुनसक्छ । आफ्नो पिताको बचनको सुरक्षाले, उहाँले दुष्ट शत्रुहरुसित  लडाई गर्नुहुनेछ र हाम्रो पक्षमा पापको बेसी भाँचिदिनु हुनेछजुन हामी कहिल्यै भाँच्न सक्दैनौं ।

यो कथनको महत्व हामी धेरैले कल्पना गर्ने भन्दा धेरै टाढा गहिराइमा जाँदछ । परमेशवरले मानवजातिको सदस्यलाई स्वीकार गर्दै हुनुहुन्छ भन्ने तथ्यले हामी बाँकी रहेकाहरुलाई अविस्वासनिय आशा प्रदान गर्दछ । येशू, मार्फत परमेश्वर हामी प्रत्येकमा पुग्नुहुन्छ र हामीलाई भन्नुहुन्छ कि हामी उहाँका प्रिय सन्तानहरु हौं । यहि हामी क्रुसको उपहारलाई स्वीकार्ने आशा गर्दछौं भने हामीले पहिले यी बहुमूल्य बचनहरु सुन्नुपर्दछ, “तिमी मेरो प्रिय पुत्र हौ जसमा म अति प्रसन्न छु ।” यदि यो बिषले भरिएको छ वा तारहरु टाँसेर दिएको छ वा छैन भनि बिना जााच गरी, शत्रुले दिएको उपहार स्वीकार गर्न असम्भव हुन्छ ;

---

मर्कूस १ : १३

तर मायालु परिवारका सदस्यहरुको उपहार यो के हो भनि स्वीकार गर्न सकिन्छ - एक शुद्ध र सरल उपहार । परमेश्वरमा भएको पुत्रत्व र पुत्रित्वमा ठोस विश्वासको पुल पार गर्नु बाहेक त्यहाँ क्रुसमा पुग्ने अरु कुनै बाटो छैन् । कुनैपनि अन्य मार्गले विधिवत वा पाप गर्नका लागि स्वीकृति पत्रमा डोह्रेऱ्याउँछ। स्वर्गबाट आएका ती शब्दहरुले शैतानलाई रिस उठाएको हुनुपर्छ। ऊ को थिए भनि याद दिलाउन त्यो केहि कुरा थियो, तर अहिले ऊ एउटा पुत्र होइन ! यो शून्यता र अनुपयोगिताको एउटा यादकार थियो। तर अहिले, घमण्ड त्यति सजिलै मर्दैन, र त्यसैले शैतानले उजाडस्थानमा येशूमाथि बन्धन हटाउनको लागि तयारी गर्दछ । बाइबलको रेकर्डले बताउँदछ कि येशू "चालीस दिनसम्म उजाडस्थानमा हुनुहुन्थ्यो, र शैतान द्वारा परिक्षित हुनुभयो ।" मलाई लाग्छ प्रायजसो मानिसहरुले १० मिनेटमा हराउने परिक्षा चालिस दिनसम्म रहयो ! ठिक तरिकाले काम गर्न शैतानसाग चार हजार वर्षको परीक्षण अनुभव रहेको थियो र तपाँई निश्चित रहन सक्नुहुन्छ कि येशू नरकको हरेक हतियारको चिन्ह हुनुभयो । यस संघर्षको गहिराई कसले बुझ्न सक्छ र ? सारा ब्रह्मण्डले उनीहरुको सामुहिक सास फेरे जब शैतानले परमेश्वरको पुत्रलाई एक पछि अर्को गर्दै प्रहार गर्‍यो । हामी हुँदो हो त चाँडै निदाएको हुन्थ्यौं ; हामीलाई स्वतन्त्र बनाउने येशूद्वारा लिनुभएको साहसिक अडानलाई बिर्सन। यदि येशू यहाँ असफल हुनुभयो भने, हामी सबैजना रित्तोपनाको साङ्लोको दवाबमा परेको छौं । येशू हाम्रो एकमात्र अन्धकारमा छेड्ने आशा हुनुहुन्थ्यो ।

म एउटा यस्तो बिन्दुमा पुग्छु र म रोकिएर उहाँको बारेमा सोच्नुपर्छ। म के भन्न सक्छु ? हाम्रो डरलाग्दो परिस्थितिमा हामीलाई सहयोग गर्न यस शक्तिशाली राजकुमारले गरेको दृढ अथक प्रयासमा मेरो हृदय कृतज्ञ आनन्दले भरिएको छ। यो एक पिता र माता जस्तो हो जसले आफ्नो छोराछोरीलाई बचाउन जलिरहेको आगो मार्फत

दौडन्छ । शैतानले उहाँलाई मानसिक तवरले दवाउन खोजेको थियो ; तर उहााले आफ्नो पुत्रत्वलाई त्यस्तो हुन दिनुभएन । यो मानिसले म भित्र गहिराइमा केहि गर्यो जसले मलाई चित्कार गर्न बाध्य गरायो "म केहि मूल्यको हुनुपर्दछ । यस्तो कसैले पनि गर्दैन जबसम्म उनीहरुले साँच्चै ख्याल गर्दैनन् ।" म तपाईलाई भन्दछु कि यो प्रेमले मलाई एउटा यस्तो बाटोमा ल्याउँछ जहाँ म आफूलाई रोक्न नसकिने भएको पाउँछु ; म उहाँलाई प्रतिरोध गर्दछु, तर परमेश्वरलाई धन्यबादहोस् कि उहाँ म भनदा दृढ हुनुहुन्छ - थकित, भोक र एक्लोपना,मानव शरीरलाई सम्झौतामा डोह्येऱ्याउने सबै चिजहरु - र शैतान यस परिस्थितिको चरम सिमामा आउँदछ । "यदि तपाई परमेश्वरको पुत्र हुनुहुन्छ भने, यो ढुंगालाई रोटी होस् भनि आज्ञा गर्नुहोस् ।" पुत्रत्वको बाहेक अरु के परिक्षाहुन्थ्यो होला ? कति समय उजाडस्थानमा बस्नुपर्नेछ येशूलाई भनिएको थिएन ; स्वर्गबाट कुनै मन्न खसेको थिएन । हुनसक्छ उहाा स्वर्गको आवजको बारेमा झुल्कीनुभएको थियो होला ? "तपाईको पिताले तपाईलाई यस अवस्थामा भएको चाहनुभएको थिएन । यसको लागि केहि गर्नुहोस्," शैतानले कानेखुसी गर्छ । येशूको पिताको बचनमाथिको विश्वासलाई तोड्न शैतानले भोकलाई एउटा माध्यमको रुपमा प्रयोग गरेको थियो । चालिस दिन अघिमात्र, परमेश्वरले भन्नुभएको थियो "यिनी मेरमे प्रिय पुत्र हुन जससँग म अति प्रसन्न छु ।"

यदि येशूले ढुंगालाई रोटीमा परिणत गर्नुभएको हुन्थ्यो भने, उहाँले परमेश्वरको बचनमा शङ्का गरेको देखिन्थ्यो, र त्यो शङ्का उहाँको पहिचानलाई अलमल्ल पार्न प्रयाप्त हुन्थ्यो । यस बाहेक उहाँको पहिचानलाई प्रमाणित गर्न येशूलाई केहि कुरा प्रदर्शन गर्न आग्रह गरियो । येशूलाई ढुंगा रोटीमा परिणत गर्नु भनि उहाँलाई शैतानको राज्यमा एक बफदार आज्ञाकारिताको रुपमा प्रमाणित गर्न खोजेको थियो । प्रदर्शन र प्राप्तिको आधारमा पहिचान ।

मत्ती ४ : ३

हामी मध्ये कतिजना यस पासोमा फसेको छैनौं जसले आफ्नो मूल्यलाई प्राप्तिको आधारमा प्रमाणित गर्न खोज्दछ । तपाई यो शिर्षमा पुग्न के चाहिन्छ त्यो तपाई सँग छ भनेर देखाउन डोह्रोऱ्याएको छ । निन्द्र र आराम र सबै प्रार्थनाको  समय र बाइबल अध्ययनलाई वेवास्ता गर्दै, अफिसमा ढिलो समय रहिरहनुका साथै महत्वपूर्ण पारिवारिक समय गुमाउनु - केबल त्यो पदोन्नती र अधिलाभांश प्राप्त गर्न । हामी किन आफूलाई यति धेरै धक्का दिन्छौं ? धेरै अवस्थाहरुमा म विश्वास गर्दछु कि हामी चुनौतीलाई जवाफ दिन्छौं "यदि तपाई परमेश्वरको छोरा वा छोरी हुनुहुन्छ भने, केहि ठूलो कार्य गरी यसलाई प्रमाणित गर्नुहोस् ।"

के तपाईले बिहान उठेपछि र परमेश्वरसँग रहनको लागि केहि समय खर्च गर्न चाहनुहुन्छ कि तपाईको शिरले त्यसदिन गर्नुपर्ने सबै कुराहरु भर्नथाल्छ, जबसम्म तपाई अरु धेरै लिन नसक्ने हुनुहुन्छ र तपाई ५ मिनेटको प्रार्थनासँग सम्झौता गर्नुहुन्छ र त्यसपछि तपाई अन्त्य गर्नुहुन्छ त्यसदिनको लागि । के तपाईलाई यस्तो हुन्छ ? किन ? यदि तपाई दिनको अन्तमा पुग्नुभयो र पाउनुहुन्छ कि तपाईले धेरै प्राप्त गर्नुभएको छैन्, के तपाई अझै सन्तुष्ट हुनुहुन्छ, र खुशी हुनुहुन्छ वा तपाई निराश र केहि तनाव महसुस गर्नुहुन्छ ? के तपाई बिरामी ओछ्यानमा पल्टिरहनुभएको  "समय खेर फाल्ने" कुरामा चिन्तित हुनुहुन्छ, जब तपाई आफ्नो "गर्नुपर्ने सूचिबाट" चिजहरु पारगर्दै हुनुहुन्छ ? यी सबै कुराहरुले यस तथ्यलाई औंल्याउँछ कि अपवाद बाहेक हामी सबै शैतानको परिक्षाहरुको लागि हाम्रो पहिचान र मूल्यलाई हामी के गर्छौं त्यसद्वारा प्रमाणित गर्दर्छौ । आदम र हव्वाले हामी भित्र राखिदिएको त्यो असुरक्षाको कारक तत्व जुन गहिरो गरि हामी भित्र जगडिएको छ, त्यस तथ्यको कारण हामी आत्मिक र मानसिक अन्जीरका पातहरुले आफैलाई ढाक्नको लागि हामी सरल निसानी भएकबा छौं । असुरक्षित व्यक्तिले जहिलेपनि तिनीहरुको पहिचानको चुनौतीलाई जवाफ दिनेछ, त्यस्तै गरि एक सुरक्षित व्यक्तिले त्यसलाई ध्यान पनि दिँदैन् । यसले मलाई एक समयको याद गराउाछ जब म मो साथीसँगै हिँडिरहेको थिएँ जो सँग एक रोटवेलर (कुकुरको जात) थियो । हामी

छिमेकीको ठाउँ भएर हिँड्यौं जससँग धेरै सानो कुकुर थियो । सानो कुकुर तिखो स्वरमा भुक्दै वरपर दौड्दै रोटवेलरको ध्यान खिच्ने प्रयास गर्दै थियो । रोटवेलरले त्यो सानो कुरालाई हेर्न आफ्नो टाउको पनि फर्काएन । मलाई लाग्यो कि त्यो सानो कुकुरले यसो भनिरहेको थियो “आउनसहोस् श्रीमान रोटवेलर, म तपाईलाई  लिनेछु र मेरो मालिकलाई प्रमाणित गर्नेछु कि म तपाई जस्तो ठूलो कुकुरलाई पनि हराउन सक्छु,” तर रोटवेलर आफू को हो र को होइन भनि विश्वस्त थिए र चुनौतिलाई जवाफ पनि दिएनन् । यसले उसको मूल्यमा के थप गर्नेछ ? यहि कारणले गर्दा येशू परिक्षाको उजाडस्थानमा प्रवेश गर्नुभयो । मानव परिवारलाई यस्तो व्यक्ति चाहिएको थियो जसले आफू परमेश्वरको पुत्र हो भनि विश्वास गरि  देखाउन सक्दछ, उसले के गर्यो भनेर होइन बरु मात्र उहाँले यो भननुभएकोले गर्दा ।

यस संसारलाई अनावश्यक जस्तो देखिने अजेय गोलायत जसले हामीलाई हाम्रो पापमा बाध्नेछ र शैतानको दासी बनाउनेछ । यसबाट बाँच्नको लागि हामीलाई एउटा दाऊदको आवश्यक्ता थियो । वास्तवमा उजाडस्थानमा खीष्ट परिक्षाको कथा दाऊद र गोलायतको कथासँग मिल्दोजुल्दो छ :

१. शैतान, आत्मिक प्राणी भएको नाताले येशूमाथि शैतानको धेरै मौकाहरु थिए, जो मानव स्वरुपमा अवरोध झेल्नुभयो । (१ शमूएल १७ : ३३)

२. येशूले सम्पूर्ण मानवजातिलाई प्रतिनिधित्व गर्नुभयो र /खीष्टको बिजयले हाम्रो लागि स्वतन्त्रलाई जनायो, जसरी शैतानले सबै दुष्ट शक्तिहरुको प्रतिनिधित्व गर्छ र उसको लागि बिजय भनेको हामी सँधै अन्धकारको शक्तिको दास भएर बस्नु हो । (१ शमूएल १७ : ९)

३. येशू चालिस दिन सम्म उजाडस्थानमा शैतानको खिसीहरु र प्रलोभनहरुको सामना गर्नुभएको थियो जसरी गोलायतले इस्रायलीहरुलाई ४० दिन खिसी गरे । (१ शमूएल १७ : १६)

४.शैतान/गोलायत आफ्नै शक्तिमा आएका थिए तर येशू/दाऊद प्रभुको नाउँमा आए, आफ्नो पितालाई प्रकट गर्न र जीवित परमेश्वरको सेनाको अपहेलना गर्ने उसको पर्दाफस गर्न । (१ शमूएल १७ : ४५)

५. येशूले प्रयाग गर्नुभएको हतियारहरु संसारिक स्तरहरु द्वारा कमजोर देखिन्थ्यो - उहाँले परमेश्वरको बचनमा भरोसा गर्नुभयो र शैतानको दिमाग उजागर गर्न उहाँले यी शब्दहरु यथार्थताका साथ प्रयोग गर्नुभयो ।

समानन्तरता उल्लेखनिय छ म मद्दत गर्न सक्दिन तर आफूलाई त्यस इस्रायली सैनिकहरु मधये एकको रुपमा राख्छु जो पहाडमा उभिएका छन् र गोलायतले मेरो परमेश्वरलाई ; मेरो धर्मलाई र मलाई व्यक्तिगत अपमान गरेको सुनिराख्छु

“तिमीहरुको परमेश्वर कहाँ छ ? यदि ऊ शक्तिशाली छ भने तिमीहरु म सँग किन लड्दैनौ ? तिमीहरु कमजोर छौ, बेकम्मा छौ र तिम्रो परमेश्वरलाई लाज होस् ?” ४० दिनसम्म यसप्रकारको गाली सुन्दा वास्तवमै निराश पार्दछ । उसको आकार हेर्नुहोस् ! उसको कवज घाममा चम्किन्छ जब उसको राक्षसी आवजले पहाडको चारैतिर अपमान गर्दछ । अवस्था निराश देखिन्छ, दासत्वमा राजीनामाको डुबिएको भावना छ । आज यो केहि फरक छ ? हामीसँग हाम्रो असक्षमता र कमजोरीहरुको बारेमा शैतानका खिसीहरु छन् । उसको परिक्षाहरु धेरै बलियो र जबरजस्त देखिन्छन, र हामी तिनीहरुमा बारम्बार फस्ने गर्दछौं, र त्यहाँ दासत्वमा डुबिएको भावना छ । त्यहाँ यस्ता वक्तिहरु छन कि जसले प्रचार गर्दछन कि हाम्रो दासत्व कहिले पनि हराउन सक्दैन र त्यो पापले

हामीलाई सँधै राम्रो बनाउँछ ; पापको दासत्वमा यस्तो दुःखी समर्पण । दाऊदको छोरा हाम्रो शिविरमा छ, र उहाँले हामीलाई शैतानको साङ्लोबाट मुक्त गर्नुभयो । परिक्षाको उजाडस्थानमा उहाँको जित सम्पूर्ण मानवजातिको लागि बिजय हो । तपाईले सोच्न सक्नुहुन्छ कि तपाईले अझै आफ्नो गोलायतको सामना गर्नुपर्दछ, वा तपाईले पहाडहरुमा डराउँदै हेर्न सक्नुहुन्छ जस्तै येशूले तपाईको परिक्षाको टाउको काट्नु हुन्छ । यदि तपाई विश्वास गर्नुहुन्छ कि येशूको कारण तपाईले पहिल्यै बिजय प्राप्त गर्नुभएको छ, भन्दा पनि उहाँले तपाईलाई छुट्कारा दिनुहुन्छ भनि आशा गर्नुभयो भने, तपाईले विश्वासको त्यस्तो चरम फेला पार्नुभएको छ ।

म असाध्यै खुशी छु कि दाऊदका पुत्रले मलाई व्यर्थको शक्तिबाट छुटकारा दिए । उसले मेरो विद्रोह र घमण्डलाई हरायो । परमेश्वरको पुत्रको रुपमा चिनिने ठोस् चट्टानमा उसले मेरा खुट्टा राखेका छन् । उसले व्यक्तिगत रुपमा मेरो लागि शङ्काको सामना गरेको छ र हाम्रो पिताको बचनमा विश्वास गरेर तिनीहरुलाई जित्यो । तिमीहरु परमेश्वरका छोरा-छोरीहरु परमेश्वरको निम्ति खुःशी होऊ र गितगाओ । येशूले ड्युरासेलको साङ्लोलाई टुका- टुका पार्नुभयो र हामीलाई उहाँको प्रियको रुपमा स्वीकार्नु भयो ।

# ११. स्वर्गको ढोका खोल्दै

बिहानको उज्यालो अन्धकारको माध्यमबाट चम्किन्छ यसले संकेत गर्छ कि बिहान आइपुगेको छ । यसले कार्य सुरु हुनको लागि समयलाई संकेत गर्दछ। नाडी द्रुत हुन्छ, सास छोटो हुन्छ, जस्तै यात्राको लागि तयारी गरिन्छ । जस्तै तिनीहरु यात्राको लागि सबेरै निस्किन्छन्, आब्राहामको दिमाग सम्झनाहरुले बग्दछ । उसले पहिलो पटक इसहाकलाई समातेको र लामो समय पछि पाएको असिम आनन्दको भावलाई सम्झन्छ। सानो बालक इसहाक बाबाको ओछ्यानमा उफ्रन्दै र आरामपूर्वक न्यानो गरि नजिकमा बसेर आदम र हव्वा, नुह र अरु धेरै कथाहरु ध्यानपूर्वक सुन्दथे, जस्तै उनी अघिको कामको बारेमा सोचिरहेका थिए उसको काँधमा ठूलो गह्रँगो सिसा जस्तो झुण्डिएको थियो, जस्तै परमेश्वरले भन्नुभएको थियो :

> **उहाँले भन्नुभयो, "तेरो छोरो, अर्थात् तैंले माया गरेको तेरो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैले तँलाई देखाएको डाँड़ामा त्यसलाई होमबलि गर्।"** (उत्पति २२ : २)

परमेश्वर बोल्नुभएको थियो र अब्राहामले अब आज्ञापालन गर्न आफ्नो समपूर्ण शक्तिको साथ आफूलाई हाजिर गर्दछ। त्यहाँ कुनै विवरण छैन, कुनै कारण दिइएको छैन, मात्र आदेश छ । बर्षौ सम्म जब अब्राहाम परमेश्वरसँग हिाडेका थिए, उसले उहाँको आज्ञाहरुको प्रतिरोध नगर्न सिकेका थिए । उनलाई विश्वास थियो कि परमेश्वरलाई थाहा छ के उत्कृष्ट छ र पछ्याउनको लागि उहाँमात्र एक सुरक्षित मार्ग हुनुहुन्छ भन्ने कुरा , तर त्यो मार्ग कठिन थियो ।

अब्राहामको दिमागमा भएको संघर्षलाई कसले विश्वास गर्न सक्छ ? खुशीको साथ छोराको सट्टा आफू बलिदान हुन राजी हुनेथियो । आफ्नो

भाग्यबाट आफ्नो छोरा बचाउनको लागि उसले गर्ननसक्ने कुरा केहि थिएन् । इसहाकबाट आफेनो पीडा लुकाउनको लागि अब्राहामले कठिन लामो सास फेरे ।

यो एक दुःस्वपन हुनुपर्छ जुन चाँडैनै हराउनेछ । वास्तविकताले आक्रमण गर्दछ जब घरमा इसहाकले प्रश्न गर्दछन्, “बुबा, हामीसँग दाउरा र आगो त छ, तर बलिदान कहाँ छ ?” त्यो तिरले अब्राहामको हृदयमा प्रहार गर्दछ । उनले कसरी जवाफ दिनेछ ? त्यो छोटो प्रार्थनाको बुद्धिको निम्ति परमेशवर कहाँ जाँदछ र त्यसपछि अब्रहामले उत्रर दिँदछ, “मेरो छोरा परमेश्वरले बलिदान उपलब्ध गराउनुहुन्छ ।” पहाडको टुप्पोमा, अब्रहामले इसहाकलाई पीडित भई परमेश्वरको आज्ञाको बुझाईको बारेमा प्रकट गर्दछ । इसहाक एक नौजवान छ र सजिलै आफ्नो बुबालाई जित्न र यसको लागि दौडन सक्थे तर इसहाकले आज्ञाकारिताको अनुसासन सिकेका थिए र आफ्नो बुबाको बुद्धिमा आफ्नो इच्छाहरुलाई समर्पण गर्दछन् ।जस्तै अब्रहामले त्यो अन्तिम क्षणको लागि आफ्नो बहुमूल्य छोरालाई तयार पार्द सबै स्वर्गले हेरिरहेका हुन्छन् । मानव कारणले अब विश्वासको विरुद्ध तर्कहरुको व्याट्रि निकाल्छ, तर अब्राहाम चकवती हावामा अल्गो देवदार झै उभिन्छन्, र झुकछन तर उनीबाट गरिएको अनुरोधलाई बुझ्ने आफ्नो संकल्प प्रकट गर्दैनन् ।

सबैकुरा तयार छ र अब्राहामले आफ्नो छोरालाई हेरे । उसको हृदयमा पीडा बढ्दै जान्छ र उसको शक्ति विफल हुन थाल्छ, तर ऊ दृढ रहन्छ । प्रार्थना गरिसकेपछि, उसले आफ्नो चक्कु रोप्नको लागि आफ्नो मनलाई तयार गर्छ जसले उनको बहुमूल्य छोराको प्राण लिनेछ । त्यो क्षण्मा एउटा आवज सुनिन्छ ।

---

उत्पति २७ : ७,८

अब्राहाम ! तिम्रो छोरामाथि आफ्नो हात नराख, किनभने अब मलाई थाहाभयो कि तँ परमेश्वर सँग डराउाछस ।” कैले यस कथालाई चिन्तन

गर्दा, म मद्दत गर्न सक्दिन तर आफैलाई अब्राहामको जुत्तामा र मेरो छोरालाई इसहाकका् जुत्तामा राखने प्रयास गर्न सक्छु । मैले महसुस गरेको तनाव बुझ्ने क्रममा म त्यसलाई पाउँदैछु, तर तस्बीर तुरुन्तै रोकिन्छ । भित्र केहि कुरा गहिरइमा पुग्दछ र तस्बीर पुरा गर्न निषेध गर्दछ । भावनातमक रुपमा मेरो दिमागले त्यस्तो हृदयको सामना गर्न सक्दैन ।

क्रुसमा येशूले भोग्नुभएको कुरता र बलिदानलाई बुझ्नको लागि हामीले पिता र पुत्र बीचको सम्बन्ध कतिको गहिरो छ भनने कुराको झझल्को लिनु आवश्यक छ ।

उहाँहरुको राज्यको सार उहाँहरुको बीचमा खाका तयार गरिएको छ ; जीवनको लागि उहाँहरुको दृष्टिकोणको गुदी प्रेममा प्रकट हुन्छ जुन उहाँहरु एकअर्काको लागि हुनुहुन्छ । यदि हामीले क्रुसमा यो सम्बन्धित भावलाई छुटायौं भने हामीले वास्तवमै यसको तात्पर्यलाई गुमायौं ।

> **"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।"**
> (यूहन्ना ३ : १६)

बहुमूल्य सम्बन्धमा खराब स्थिति आउनु एक व्यक्तिले अनुभव गर्न सक्ने सबैभन्दा विनाशकारी चिज हो । हामीले माया गर्ने व्यक्ति देखि अलग हुने सोचाई भनेको एउटा डर हो, जुन प्रत्येक मानव आत्माको हृदयमा लुकेको हुन्छ । मैले यो अनुभव गरे कि एक हप्ताको लागि परिवारसँगको कुराकानीबाट टाढा हुँदा मेरो हृदय मैले प्रेम गर्ने व्यक्ति सँग घरमा रहन मन गर्छ । यस संसारमा यस्तो कुनै चिज छैन जसको लागि म आफ्नो परिवारसँगको मेरो सम्बन्धको व्यपार गर्थे । यो सोचाई मात्र पनि अश्वास्थ छ, र जब हामी परमेश्वरको हृदय भित्र हेर्छौं जस्तो बाइबलमा देखाएको छ, हामीले यो पाउँछौं कि हाम्रो परमेश्वर पिता र उहाँको पुत्रले उहाँहरुको एकअर्का बीचको सम्बन्ध बिगार्ने इच्छा गर्दै हुनुहुन्थ्यो

जसले गर्दा तपाई र म स्वर्गको ढोका भएर हिँडनसकौं र हाम्रो सृष्टिकर्ता र उहाँको पुत्रसँग पुर्नमिलन गर्न सकौं ।

के कसैले “हो भनि जवाफ दिन सक्छ, तर यसलाई थाहा थियो कि उहाँ फेरि बौरिउठ्नु हुनेछ र आफ्ना पितासँग पुर्नमिलन हुनुहुनेछ ।त्यसैले यो त्यस्तो खराब थिएन् ।” यदि तपाईले यी बिचारहरु मनोरञ्जन गर्नुभयो भने, म तपाईलाई सुझाव दिन्छु कि उहाँसँग सोध्नुहोस् जब येशूले भन्नुभयो, “हे मेरो परमेश्वर ; तपाईले मलाई किन त्याग्नु भयो ?” जब विद्रोही संसारको दोष उहाँ माथि लाम्काइयो र हाम्रो मानप पिताको पापको खातिर परमेश्वरको क्षमा प्रतिको मानव अविश्वासले उहाँको प्रेमलाई ढाक्यो येशूले त्यो कालोपना भित्र मायालु अनुहार भेटाउने प्रयत्न गर्नुभयो जुन सदाको लागि उहाँको आनन्द रहन्थ्यो ; तर पापले उहाँको अनुहारलाई लुकायो जसले गर्दा उहाँले पूर्णतया अलग भएको महसुस गर्नुभयो । उहाँको आशा समाप्त भयो र मृत्युले उहाँलाई प्रतिक्षा गरिरहयो । उहाँलाई लाग्यो कि उहाँ सदाको लागि उहाँलाई प्रेम गर्ने व्यक्तिबाट अलग हुनुभयो त्यसैले उहाँ कराउनुभयो, “हे मेरो परमेश्वर - हे मेरो परमेश्वर, तपाईले मलाई किन त्याग्नुभयो ?” एक मिनेटको लागि सोच्नुहोस् ; यो एक प्रेणादायी छ ।

परमेश्वरले उहाँको पुत्रलाई त्याग्नु भएन् तर येशूमाथि हाम्रो पापको बोझले गर्दा ,दोषको कारणले गर्दा पापीहरुले के महसुस गर्छन त्यस्तै गरी येशूले महसुस गर्नुभयो । ९ अध्यायमा हामीले कयिन हराएको बारेमा पढ्यौं, “मेरो अधर्म क्षमा गर्न लायकको भन्दा बढी छ, ख्रीष्टले यो हाम्रो निम्ति क्रुसमा बोक्नुभयो । हाम्रो पापहरुको कारणले हामीलाई यो महसुस गराउँछ कि परमेश्वर हामीहरुको विरुद्ध हुनुहुन्छ र वास्तवमा

---

१कोरिन्थी १५ : ५५

हाम्रो पापहरुको कारण हामीलाई मार्न चाहनुहुन्छ, तर परमेशवरले हामी प्रति आफ्नो प्रेमको सरहना गर्नुभयो र आफ्नो पुत्रलाई हाम्रो लागि यो अनुभव भएर जान दिनुभयो जसले गर्दा हामी विश्वास गर्न सक्छौं कि हामीले क्षमा पाउन सक्छौं । यी सबले त्यो प्रश्नको माग गर्दछ, कि परमेश्वर हामी र उहाँ बीचको अवरोधहरु तोड्न कतिको गम्भिर हुनुहुन्छ ?

अब्राहाम र इसहाकको कथामा परमेश्वर र उहाँको पुत्रको तस्बिरलाई देख्छौं । हामीले अब्राहाम सँग सोच्नु स्वभाविक हो कि, अब्राहामले आफ्नो छोरालाई मारेको परमेश्वर चाहनुहुन्छ । पमेश्वरले अब्राहामलाई उनको छोरा चढाउन भन्नुभयो र अब्राहामले यो कुरा उनीलाई मार्न भन्ने अर्थ बुझे किनकि यसले पापको न्याय गर्ने सम्बन्धमा हामञे

मानविय धारणालाई झल्काउँछ । परमेश्वरले अब्राहामलाई रोक्नुभयो भन्ने तथ्यले यो देखाउँदछ कि यो उहाँको इच्छा थिएन तै पनि प्रक्रियामा अब्राहामले उनको विश्वास प्रकट गरे जुन उनले आफ्नो सबै आस्थालाई परमेश्वरमा समर्पण गर्न इच्छुक थिए जब परमेश्वरले अब्राहामलाई एक बिकल्पको रुपमा भेंडा जुटाई दिनुभयो ; हामी देख्छौं कि मानिसको न्याय प्रतिको धारणाको आधारमा एक बिकल्प जुटाउनुभयो । परमेश्वरले उहाँको पुत्रलाई उहाँबाट अलग हुन दिनुभयो ताकि हामी के विश्वास गर्न सक्छौं कि हामीले हाम्रो पापबाट क्षमा पाएका छौं ।

भुकम्प र त्यस डरलाग्दो दिनको अन्धकारमा जब हाम्रा पापहरुको कारण आजसम्मको सबैभन्दा ठूलो प्रेम बिग्रिएको छ, म पिताको पुकारलाई सुन्छु “हे मेरो छोरो, हे मेरो छोरो म तिमीलाई कसरी त्याग्न सक्छु ?” यो यहाँ नरक हो हाम्रो खातिर पिता र पुत्र दुवैले आफ्नो सम्बन्ध बिगार्न नरकको अनुभव गरेका छन् । हामीले तिर्नु पर्ने मूल्य उहाँहरुले तिर्नु भयो । नरकको सार अरु के हुनसक्छ, तर के प्रेम घनिष्ट सम्बन्ध परमेश्वरको राज्य के को खातिर खडा छ त्यसको विपरित छ ? त्यसो भए यसले हाम्रो लागि के अर्थ राख्छ ?यसके मतलब यो हो कि

परमेश्वरको पुत्रले हाम्रो खातिर ईश्वरिय प्रेमबाट अलग हुने डर राख्नुभयो, ताकि यसको अनुभव हामीले गर्नु नपरोस । “मृत्यु, तेरो चिहान कहाँ छ, खिल तेरो जित कहाँ छ ?” अब येशू र उहाँको पिताले हाम्रो लागि गर्नुभएका कुराहरुले हामीलाई कुनै पनि हालतमा परमेश्वरको प्रेम देखि अलग गर्न सक्दैन् । परमेश्वरले बलिदान र भेटी चाहानु भएन तर हामीले क्षमा पाउन सकछौं भनेर बुझाउनको लागि अन्तिम म२ल्य तिर्नुभयो ।

स्वर्गको ढोका हाम्रो लागि खुल्ला छ किनकि परमेश्वरको पुत्रले यसको ढोका बन्द गर्न नरकको चरम भारको अनुभव गर्नुभयो।हामीेि यस भित्र प्रवेश गर्नुपर्दैन र रुवाबासी र दाह्राकिटाइको अनुभव गर्नुपर्दैन, जो येशूले हाम्रो निम्ति गर्नु भएको कुराहरुलाई इन्कार गर्ने र ईश्वरिय प्रेमबाट आफूलाई स्थायी रुपमा अलग गर्नेहरुका लागि हुनेछ ।

अहिले हाम्रो लागि बाँकी रहेको चुनौति भनेको हाम्रो दिमागमा यस्तो यात्रा गर्नु हो जहाँ हामीले आफूलाई बेकम्मा, अव्यवस्थित र दृढ संकल्प (हामी के गर्छौं त्यसबाट हुने पहिचान) महसुस गर्छौं, जीवनको स्रोतमा फर्कन्छौं, जहाँ प्रेमले हाम्रो प्रतिक्षा गर्छ र हामी जान्दछौं कि हामी उहाँका प्रिय छोराछोरीहरु हौं ।

यधपि येश२ले हाम्रो लागि स्वर्गका ढोकाहरु खोलिदिनु भएको छ, हामीले ड्युरासेलको राज्यबाट परमेश्वरको राज्यसम्म पुग्नुपर्दछ, प्राप्तिबाटको पहिचान देखि पुत्रत्व र पुत्रीकरणबाटको पहिचान सम्म, वा अर्को शब्दहरुमा भन्नुपर्दा, कामहरु द्वारा मुक्ति देखि विश्वास द्वारा मुक्ति सम्म । यस पुस्तकको बाँकी भाग यस यात्राको चुनौति र मौकाहरुमा समर्पित हुनेछ ।

# खण्ड - ३ : पुत्रत्वमा फर्कने यात्रा

## १२. ड्युरासेलको शक्तिद्वारा संञ्चालित जीवन

प्रत्यासाको हावाले कोठा भरियो । म मेरो साथी विधार्थीहरुसँग सभाघरमा बसेको छु र परिचित नामलाई सुन्न चाहिरहेको छु । मैले त्यस बर्ष मेरो अध्ययनमा कडा मेहनत गरेको थिएँ र मैले आफैलाई भने, यसले खास फरक पार्दैन, भित्र - भित्रै गहिरो इच्छा बढेर आयो ।

विभिन्न विधार्थीहरुलाई उनीहरुको बर्षमा गरेको उपलब्धीहरुका लागि पुरस्कृत गर्दै थिए, यो अवधिको क्षणमा म एक धेरै रोचक दिमागको खेल खेल्छु । "तपाईले यस बर्ष कडा परिश्रम गर्नुभयो, तपाईले यो अर्को पुरस्कार पाउनुहुनेछ....होइन, अरु कसैले यो जित्नेछ,...तर तपाईसँग मौका छ ।" जब नाम भनन आउँछ, मेरो मुटु प्रतयासामा छिटो धड्कन थाल्छ र त्यसपछि म नाम सुन्छु ; यो मेरो होइन तर मेरो साथीको हो । यो त्यतिखेर चाखलाग्दो हुन्छ । बाहिरीरुपमा म मेरो साथी र उनीहरुको सफलताको लागि ताली बजाउँदैछु तर भित्रपट्टि भने अर्कै दृश्य भइरहेको छ ; "उसले यो किन पायो ? मैले ऊ भन्दा कडा मेहेनत गरेको थिए, म विश्वास गर्न सक्दिन कसरी यो उनीहरुले उसलाई दिए । अँ मलाई लाग्छ मलाई थाहाछ किन, किनकि ऊ त्यहाँको शिक्षकसँग सम्बन्धित छ, र त्यसैले यो उनीहरुले उसलाई दिए । परिणाम हेरफेर गरेको हुनुपर्छ : यो होइन कि तपाईलाई के थाहा छ, तर यो हो कि तपाई कसलाई चिन्नुहुन्छ ।" सबै समयमा म ताली बजाउँदैछु र मुस्कुराई रहेको छु र रचनाको रुपमा देखापर्ने कोशिस

गर्दैछु । बादलहरु जम्माहुन थाल्छन र केहि घण्टाको लागि म थोरै उदास र रिसाएको छु ।

यो ड्युरासेल द्वारा संञ्चालित जीवनको अर्को दिन हो । एक बालकलाई यदि उनीहरु मूल्यवान र स्वीकार्य बन्नको लागि धेरै लामो समय लाग्दैन, तिनीहरु समानहरु मध्ये पहिलो हुनुपर्छ ।

तुलनाको संसारमा स्वागत छ । के तपाई कहिल्यै आफ्ना बच्चाहरु मध्ये एकलाई उनीहरुको जन्मदिनको लागि केहि किन्ने र उनीहरुको दाजुभाई दिदिबहिनीहरुलाई केहि पनि नदिने पासोमा पर्नुभएको छ ? अचानक होहल्ला र अन्योल हुँदछ र तपाईको अन्योल बच्चाले सुगाले झै भन्दछ “यो पश्चताप हो ;” आँसु र चिखको बीचमा र कहिले काँही क्रोधपूर्ण पनि भई । त्यसो भए “मलाई हेर्नुहोस्” त्यहाँ प्रतियोगितामा । तपाई आफ्नो एक बच्चालाई चिप्लेटीमा हेर्दै हुनुहुन्छ र उनीहरु तल चिप्लेर झर्दा मुस्कुराउनु हुन्छ । तपाईको पछाडि एउटा आवजले बोलाउँदै भन्दछ “मलाई हेर्नुहोस्” र तपाई आफ्नो अर्को बच्चालाई हेर्न फर्कनुहुन्छ जो पिङ्गमा बसेर मच्चिरहेको छ । तपाई आफ्नो ध्यान अरुकुरा तर्फ लगाउनुहुन्छ र तपाईको बच्चाले त्यसलाई ख्याल गर्दछ र चिच्चयाउँछ, “मलाई हेर्नुहोस्” र त्यसपछि तपाईलाई “मलाई हेर्नुहोस” भन्ने तारले अत्याधुनिक हतियारको रुपमा हिर्काउँदछ, प्रत्येक “मलाई हर्नुहोस्” भन्ने आवज यसको तीब्रतामा बढ्दै जान्छ । त्यसपछि तपाई खानाको लागि बस्नुहुन्छ र मात्रै तपाई आराम पूर्वक केहि गर्न जाँदैहुनुहुन्छ, तपाई यो मायालु आवजलाई सुन्नुहुन्छ “उसले मैले भन्दा धेरै पायो, यो पक्षपात भयो, म धेरै चाहान्छु ।” यो ड्युरासेलको शक्तिले संञ्चमलित जीवनको सार हो । हामी ठूलो हुँदै जाँदा हामी केहि अझ पष्वित हुने कोशिस गर्छौं, तर तुलना र ध्यानकेन्द्रित खोज्नेकुरा मानव अस्तित्वको केन्द्र हो । धेरै बिधालयको पठ्यक्रमहरुले तुलना र ध्यान खोज्ने प्रकृतिलाई आवश्यक्ताको रुपमा लिन्छन् । घरको स्नेहपूर्ण बातावरणबाट टाढा तपाई सिद्धान्तहरु मिल्ने साथीहरुसँग गोठालो जाँदा ड्युरासेल सिद्धान्तहरुको उत्तम संस्कृति

प्रदान गर्दछ । अर्को १२ बर्ष तुलनात्मक हिसाबले एक वा धेरै क्षेत्रमा धेरै संख्यामा उत्कृष्ट बनाउने र यसरी एक उज्जवल र खुशीको भविष्य सुरक्षित गर्न दौड हुनेछ ।

अधिकांश संस्कृतिहरु बढि बुद्धिमानीहरुलाई मन पराउँछन् । तुलनात्मक बुद्धिमता एक सम्पति हो जसले तपाईलाई टाढा सम्म लैजान्छ । के तपाईले कहिल्यै सोच्नुभएको छ कि ज्ञान आर्जन गर्ने र पुर्नगठन गर्ने क्षमता भएका बालबच्चाहरु आफ्नै हातले उपहारहरु लिनचाहने बच्चाहरु भन्दा बढि उत्कृष्ट उपहार हाँसिल गर्ने क्षमता राख्दछन् ? तपाई सँग बगैंचा हेरचार गर्ने वा कारको इन्जीन कसरी मिलाउने भन्ने बारे साँचैको ज्ञान भएको कारण तपाईले विश्वविधालयको प्रवेश प्राप्त गर्ने कल्पना गर्न सक्नुहुन्छ ? त्यस प्रकारको क्षमता भएका व्यक्तिहरुको लागि त्यहाँ स्थानहरु छन्, तर भाग्यले शैक्षिकलाई त्यस थुप्रोको शीर्षमा राख्ने गर्दछन् ।

बर्षौ बर्ष गर्दै बच्चाहरुले आफ्नो प्रतिवेदन कार्डहरु घरमा ल्याउँदछन्, र उनीहरुले त्यो प्रतिवेदन कार्डमा आधारित आफ्नै धारण विकाश गर्दछन् । मैले धेरै परिस्थितिहरुको अनुभव गरेको छु । जहाँ एक व्यक्ति उनीहरुको हातद्वारा पुरस्कृत भएको थियो तर उसले शैक्षिक रुपमा संघर्ष गरिरहेको थियो । फलस्वरुप तपाईले तिनीहरुलाई प्राय : आत्म-सिमित भेटाउनुहुन्छ जस्तो कि प्रतिकृयाहरु “यो म बाट टाढाको कुरा छ, “वा म यस्तो गर्न सक्दिन, “वा निर्लज्ज” म त्यसको लागि धेरै लाटो छु ।” तर कहिले पनि डराउनु हुँदैन सफल हुने अन्य तरिकाहरु पनि छन् । प्रत्येक बिधालयमा खेलकुद कार्यकम हुन्छ जसले बालबालिकाहरुलाई तुलनात्मक कसरत सम्बन्धि मार्गदर्शन दिँदछ । बच्चाहरुले कसरत ज्ञान विकाश गर्न हजारौं घण्टा खर्च गर्दछन्, जसबाट आशा गर्दछन् कि एकदिन उनीहरुको खर्चिएको समयले उनीहरुलाई चाहेको शक्ति र महिमा दिनेछ, हामी सबैलाई थाहा छ कि खेलकुद एक खेलमात्र हो, हो कि होइन ? यो तिनीहरुलाई बताउनुहोस् जो अंग्रेजी फुटबलको प्रशंसकहरु छन् जसले विश्वकपको दौडान यूरोपको

सडकहरुमा उत्रिएका छन् । तपाई यो शक्तिको बिषयमा के भन्नुहुन्छ जसले आफ्नो मनपर्ने समुहले विश्वकप क्रिकेट हार्दै गरेको हेरिरहेका थिए ? नतिजास्वरुप उनलाई मुटुको दौरा पर्यो र खेलको अन्त्य हुन अघि नै उनको मृत्यु भयो । त्यहाँ किन धेरै खेलाडीहरुलाई करोडौं डलर बर्षमा तिरेर त्यो छालाको डल्लालाई लात हान्न लगाइन्छ, र दुईवटा लाठीहरुको बीचमा राख्ने प्रयास गरिन्छ ? खेल गम्भिर व्यवसाय हो किनकि यो उपलब्धीहरुबाट मूल्य प्राप्ति गर्ने र एक व्यक्तिले चाहेको सम्पूर्ण ध्यान प्राप्त गर्ने एक सरल तरिका उपलब्ध गराउँछ । हामी उपलब्धीबाट होइन तर हाम्रो सम्बन्धको कारण मूल्यवान हुन्छौं भन्ने विश्वासलाई मार्न र ड्युरासेललाई पोस्नको लागि यो एक उत्तम प्रणली हो ।

खेलको बारेमा सबभन्दा चाखलाग्दो कुरा भनेको कुरा यो हो कि तपाईले उच्चस्तरमा प्रदर्शन गरेता पनि, यदि तपाई दोस्रो आउनुभयो भने, कसैले पनि तपाईको नाम सम्झने छैन । हार्दाको भावनात्मक आघात विनाशकारी हुनसक्छ । म सम्झना गर्छु कि एक गोलकर्ता खेलाडीले पेनाल्टी प्रहारमा गोल नसक्दा उसको टोलीले महत्वपूर्ण उपाधि गुमाएको रभुँईमा बच्चाले जस्तो गरी मुर्छा परि धुरुधुरु रोएँको । म सम्झनछु उसको प्रशिक्षकले उसलाई मैदानमा सहयोग गरेको र उसले आफूलाई तयस क्षणमा कतिको मूल्यवान महसुस गर्‍यो । तर पक्कै पनि यो एक खेलमात्र हो । हो, तर यो एक खेल जहाँ मूल्य र स्वीकृतिको लागि जीवन र मृत्यूले संघर्ष गर्दछ ।

हामी असंङ्ख्य देवीदेवताहरुको सूची बनाउन सक्छौं र आशा गर्दछौं कि यसले हामीलाई मद्दत गरि हामीलाई सफलता र खुशीयाली प्रदान गर्दछ जुन हामी इच्छा गर्दछौँ । घाँटी काटिएको संसार जहाँतपाईको गालाको हड्डीको संरचना वा तपाईको छातीको आकारको आधारमा ख्याती कमाउन वा गुमाउन सकिन्छ । कतिजना युवतीलाई तपाई चिन्नुहुन्छ जो प्रत्येक रात सुत्नको लागि आफैमा रुने गर्दछन् किनकि उनीहरुलाई लाग्दछ कि उनीहरुले आफूले सोचेको जस्तो ग्रेड ल्याउन सकेनन् ?

भर्खरै एरोरिक्सया भन्ने समस्यामा द्रुत वृद्धि देख्यौं जसले विषेश गरी महिलाहरुलाई तड्पाउने गर्छन, त्यसैले उनीहरु असम्भव रुपमा साने शरीर भई आउादछन् ।

सम्पति बनाउने, जागिरको अवस्था वा शहरको स्थितिको बारेमा के भन्नुहुन्छ । सेतो रंगको कर्पोरेट संस्थामा काम गरेको छु र प्याकिङ्ग अर्डर अवलोकन गर्न साँच्चै चाखलाग्दो छ । तपाई व्यक्तिको पदलाई उसको कार्यलयको फर्निचरको गुणस्तरको आधारमा बताउन सक्नुहुन्छ । माथिल्लो प्रमुखको कार्यलयको लागि छुट्टै कोठा हुन्छ र जहााको झ्यालबाट तल बाटोहरु देख्न सकिन्छ । उसको आरामदायी छालाको कुसी हुन्छ जहाँ उसले आफ्नो हातलाई आराम दिन मिल्छ । उसको साथमा ठूलो चम्किलो काठको टेबुल र त्यस माथि नयाँ कम्प्यूटर राखिएको हुन्छ । र तल अर्को व्यक्तिको पनि आफ्नो कार्यलय हुन्छ, तर उसको कार्यलयको झ्याल त्यति राम्रो हुँदैन, र उसको कुसी त्यति राम्रो आरामदायी हुँदैन , र कम्प्यूटर खासै छिटो चल्ने प्रवृतिको हुँदैन । तल अर्को व्यक्तिको कार्यलय पार्टिसन गरी छुट्याएको हुन्छ र उसको कुसीमा हात राख्ने आरामदायी हुँदैन । ओ, अनि उसको स्वतन्त्र टेलीफोन हुँदैन, र उसको झ्यालबाट बाहिर हेर्नपनि सकिन्दैन । जब तपाई यसको बारेमा सोच्नुहुन्छ यो एकदमै हाँसोपूर्ण छ, तर यो कर्पोरेट जगतमा एक महत्वपूर्ण व्यवसाय हो । कार्यलयको फर्निचर तपाईको साथीहरु सँग प्रभावकारी तुलनाको अंश हो ।

तुलनात्मक अवसरहरुको सूची ड्युरासेलको संसारमा अन्तहिन छ, तर सामान्यतया तिनीहरु केहि आधारभूत कोटीहरुमा पर्दछन् ।

१. शैक्षिक योग्यता
२. खेलकुदको क्षमता
३. संगित/कलाको क्षमता
४. रोजगारको अवस्था/आम्दानीको स्तर

५ शारीरिक सुन्दरता

६ धन सम्पति

७ राष्ट्रियता

यी ती देवताहरु हुन जसलाई संसारले पूजा गर्छन र केहि लाभ पाउने आशाा राख्छन् । तिनीहरु कामदारहरुको अधिक माग गर्दैछन् र तपाई उनीहरुबाट केहि लाभ चाहनुहुन्छ भने प्रायजसो उनीहरु पूर्ण समर्पणको माग गर्दछन् । तिनीहरु प्राय जसो परिवार र साथीहरुको बलिदानको माग गर्दछन् र यदि तपाई भाग्यमानी हुनुहुन्छ भने, तपाई रित्तोपनामा पुग्न अघि क्षणिक प्रशंसा प्राप्त गर्न सक्नुहुन्छ । हामी सबैजना यो ड्युरासेलको शक्तिले यी देवताहरुको दास भएका छौं, र यो ती देवताहरु हुन जहाँबाट स्वर्ग र पृथ्वी बनाउनुहुने परमेश्वरले हामीलाई बचाउन चाहानुहुन्छ ।

# १३. स्वर्ग जाने खुड्किलो

दिनहरु छोटो र चिसो हुँदै गइरहेको थियो । जाडो मौसम आउँदै थियो । खुशीको सानो उपत्यकामा चाँडै ओर्लीन लागेको तीब्र चिसोमा आगोको आपुर्ती गर्न दाउराको थुप्रो पार्ने समय आइसकेको थियो । घरको मानिस व्यस्त रुपमा दाउरा काटिरहेका थिए जब उनले आफ्नो आँखाको कुनाबाट एक जोडी जुत्ताको जासुस गरे । उनले माथि हेरे र त्यहाँ एक जवान केटा उनको प्रत्येक चाललाई हेरिरहेका थिए । "मेरो बुबाले यो भनदा चाँडो दाउरा चिरन सक्नुहुन्छ ।" "ए तेसो पो ?" ठिटोको साहसको कारण मानिस खुशी भए । "उहाँ पक्कै सक्नुहुन्छ ! मेरो बुबाले जे पनि गर्न सक्नुहुन्छ । उहाँ त्यहाँ सर्वश्रेष्ठ हुनुहुन्छ ।" "ठिकै छ, तिमीले त्यस्तो बुबा पाउनु भाग्यको कुरा हो ।

यो मेरो बाल्यकालको सरलता थियो । यी ती दिनहरु थिए जहाँ आमा र बुबाले कहिल्यै नराम्रो गर्न सकेनन् र उनीहरु कल्पना गर्न सकिने अति उत्तम व्यक्तिहरु थिए । कहि तरिकामा यो सरल अवस्थामा रहनु राम्रो थियो, तर यो हुनु थिएन । बिधालयमा छोटो समयपछि मैले तुलनाको निरन्तर दौडमा समायोजन गर्न थाले, बच्चाहरुको सानो समुदायमा मेरो स्थान खोज्ने प्रयास गर्दै मैले मेरो शिक्षाको अनुभव बाँडे । प्राथमिक बिधालयको दौडहरुमा त्यति गहन थिएन, र मेरो प्रारम्भिक बिधालयको अनुभवको म मनमोहक सम्झनाहरुको साथ सम्झिन्छु । त्यहाँ धेरै शिल्पहरु र खेलहरु र गतिबिधिहरु थिए, सामान्यतया यो धेरै रमाइलो थियो । तर त्यहाँ त्यस्तो समयहरु थिए जहाा भविष्यलाई अघि ल्याइएको थियो र मैले ड्युरासेल राज्यको तितो स्वाद भनुभव गर्थे । जब म सात बर्षको भए मेरो परिवार एक नयाँ ठाउँमा बासाई सरे र मैले चाँडैनै नयाँ बच्चाहरुको समुहमा प्रवेश गर्ने महसुस गरिरहेको थिए । मैले चाँडैनै साथी बनाए तर केहि नराम्रो साथीहरुको सामना पनि गरे । बच्चाको रुपमा म एक गोरो र सलक्क

परेको थिए र दुब्लो बच्चाहरुको एक जोडीले तथ्यबाट केहि दुरी प्राप्त गर्न म उनीहरु भन्दा केहि राम्रो सँग भरिएको छु भन्ने निर्णय गरे । “फ्यात्सो,” “फ्याट अल्बर्ट” र “स्लोब” केहि नामहरु मलाई याद छ । यो एक भयङ्कर अनुभव हो जुन हामी धेरैले बाल्यकालमा सामना गरेका थियौं । यो प्राय प्रत्यक दिन भएको थियो । प्राणीहरुको दुश्मनले यी केटाहरुलाई मेरो मूल्यलाई नष्ट गर्न प्रयोग गर्दै थिए । एक बिहान बिधालय जाने समयमा मैले निर्णय गरे कि म सँग प्रयाप्त थियो । “आमा, म कारबाट निस्किन्दै छैन् । “म बिधालय जाँदै छुइन ।” “पक्के पनि तिमी मेरो छोरा हौ ।” “ अहँ, म होइन् !” जब हामी भित्र गयौं, मैले देखे कि जोखिमपूर्ण  जोडीले गिद्धहरु तिनीहरुको शिकारमा हमला गर्न लागे जस्तो गरी  हेरिरहेका छन् । आमाले ढोका खोल्नुभयो र मलाई हटाउन खोज्नुभयो । अर्को केहि मिनेट गहन थियो । मैले लात हाले, विरोध गरे, कराए र मेरो कुर्सीमा टाासिए । के केवल यो सामान्य, नराम्रो व्यवहार गर्ने केटाको घट्ना थियो ? हुनसक्छ, तर जब एक व्यक्तिको रुपमा मेरो पहिचानको भावना उदासिनता भइरहेको थियो, मैले आफैलाई बचाउन केहि हतास कदमहरु चाल्न लागिरहेको थिए । मलाई के भयो पछि वास्तवमा मलाई याद छैन, तर मलाई याद छ त्यो अत्याचारी रोकियो । यहाँ अब के हुनेछ भनि वास्तविक स्वाद थियो ।

केटाकेटीमा क्रुरताले  प्रदर्शन गर्नू शैतानको तुलनात्मक राज्याको कच्चा, बेलगाम परिणाम हो । हामी प्राय : बच्चाहरुले देखाउने पागल स्वार्थ र कृतघन्ताले डगमगाउन सक्छौं । के हामी स्वभाविक रुपमा यी लक्षणहरुबाट बाहिर निस्किन सक्छौं ? अहँ, हामीले सिकेका छौं कि कसैले पनि दाऊदको पुत्रको सहयोग बिना यो राज्य छाड्न सक्दैन् ।हामी ठूलो हुँदैजाँदा हामी केवल अधिक चलाख र परिष्कृत मात्र हुन्छौं ।

जब म उच्च माध्यमिक बिधालयको मध्यममा पुगेको थिएँ त्यसपछि मात्र म राम्रो सँग परिपक्क भएको थिए । मैले शिक्षाका देवता, खेलका देवता र शारीरिक सुन्दरताको देवताको पूजा गर्न सिकिरहेको थिए । म

पैसाको पूजा गर्न चाहान्थे तर म साग जागिर थिएन । मेरो परिवार सबैले मलाई पहिलो हुन कोशिस गर्नुपर्छ भन्दै थिए ; प्राप्त गर्न कोशिस गर्नु । मैले सिके कि केवल विजेताहरुमात्र स्वीकारिन्टन्, र हारेका कोहि पनि लायक हुँदैनन् ।

धेरै पटक बिधालयमा राम्रो गर्ने मेरो प्रोत्साहनको कारण मैले सिकिरहेको सामग्रीबाट आनन्दलिनुको सट्टा पहिलो स्थान प्राप्तगर्ने सम्भावनाले बढि उत्प्रेरित गरेको थियो । म टेलिभिजनमा चलचित्रहरु हेर्थे जसले यो विश्वासलाई सदृढ पार्दर्थ्यो । अग्रणी पुरुष अभिनेताहरुले केहि महान उपलब्धि हाँसिल गरेको रुपमा यो चित्रण गरिएको थियो जसले केहि युवतीहरुको हृदय पग्लिन्छ । यसले मलाई सिकायो कि सम्बनध भनेको केहि चिज हो जुन तपाईले प्राप्त गर्नुभयो रत्यो युवा साथी भन्दा बढि उपहार जस्तो देखिन्छ । यो होइन कि तपाईले यसलाई त्यसरी नै भन्नुहुनेछ, यो सब तपाईको सचेत अवस्थामा भइरहेको थियो । यो सपनाको समय थियो । म प्राय मेरो आछ्यानमा पल्टिने गर्छु र अस्ट्रेलियाको किकेट खेलमा रनहरु जितेको वा अन्तिम गोल गर्ने, या जीवनलाई जोखिमा पार्ने निराश जोडीलाई बचाएको सपना देख्छु । यी सपनाहरुले मेरो मूल्य प्रणलीमा सुगन्धित गर्ने काम गऱ्यो । जति धेरै मैले सपना देख्थे त्यतिनै धेरै ती लक्ष्यहरु प्राप्त गर्नु मैले दृ९ संकल्प गरे । गाह्रो कुरा यो हो कि म यी लक्ष्यहरु खाली अथवा शून्यतामा प्राप्त गर्नु सक्दिन । मैले अनय मानिसहरुलाई हराउनु परेको थियो ।म मेरो साथीहरु चाहान्थे, तर पहिला म मेरो सपनाहरु चाहान्थे ।मेरो सपनाहरुलाई धम्कि नदिएसम्म म एक नागरिक हुन सक्थे, तर जब मैले महसुस गरे कि  मेरा सपनाहरुलाई चुनौति दिइयो, यो युद्ध थियो !

मैले आफ्ना लक्ष्यहरु प्राप्त गर्न कडा मेहनत गरे । मैले खेल र शिक्षामा उत्कृष्ट प्रदर्शन गरे ; भन्नु पर्दा तीनमा दोस्रो हुनु खराब होइन । त्यसपछि म अर्को चरणमा प्रवेश गर्न सुरु गरे । एकपटक म माथि पुगे पछि, मैले कोशिस गर्नुपर्यो र त्यहीँ बस्नुपर्यो । त्यहाा मेरो पाखुरा मथि लगातार को हेराई थियो र मेरो बहुमूल्य स्थितिको रक्षा भइरहेका

थियो । त्यसो भएमा प्रतिक्षाको अपेक्षा हुन्छ । एक पटक मैले मेरो प्रतिक्षाको रक्षा गरे, यदि मैले खराब गरे भने के गर्ने ? त्यो भयानक हुनेछ, त्यसैले म नचिप्लनको लागि अझ कटिबद्ध भए । जब सम्म मैले मेरो यी सबै लक्ष्यहरुमा पुग्न असम्भव हुन्छ भनि ठानिन तब सम्म यो लडाई केहि समयको लागि चलिरहेको थियो । यसले क्रोधको विस्फोटलाई निम्त्यायो । मलाई लाग्छ मैले धोका खाएको महसुस गरे । मैले मेरो मालिकहरुको राम्रो सेवा गरेको थिए र अब तिनीहरुले मलाई गिल्ला गरिरहेका थिए । म त्यस्तो प्रणलीमा तालिम पाएको थिएँ जसले मलाई कहिल्यै मूल्यवान चिजको स्थायी भाव दिन सक्दैन र म रिसाएको थिए ।

धेरै व्यक्तिहरु अक्सर युवा मानिसहरुले देखाउँदछन् ् र किन तिनीहरु मध्ये धेरैले आत्महत्या गर्दछन् वा द्धि धातुमा पिउने र लागुपदार्थको सहारा लिन्छन भनने कुरा बझ्न धेरै व्यक्तिहरु संघर्ष गर्दछन् । म विश्वास गर्दछु यो प्राय : किनभने उनीहरु जान्दछन कि तिनीहरु कहिल्यै पनि उनीहरुका सपनाहरु उनीहरुले सिकेको बिधि मार्फत हाँसिल गर्न सक्दैनन् । तिनीहरु कहिल्यै अरुको नजरमा महान हुँदैनन्, र त्यसैले तिनीहरु स्वयम विनाश गर्दछन् ।

मलाई अझै याद छ एकदिन बास्केटबल खेल्दै गरेको । खेल नजिकिदै थियो र खेल थिचोमा परेको थियो । मैले याद गरिरहेको व्यक्तिले अचानक हपको लागि निर्देशन गर्यो, र उसले बल उचालो र म त्यहाँ पुगे र उसको हातबाट बल राम्रो तरिकाले खोसी हिर्काए । मेरो भुलमा मैले रेफ्रीको सिटीको आवाजलाई सुने  र “फल” भनेको सुने । मलाई थाहा थियो मैले उसलाई छोएको थिइन, र अचानक यसको रिस म मा पस्यो ,क्रोध त्यो हो कि यो दुःख लाग्दो प्रणालीले यो संसारमा मलाई काहीँ पनि नदिने प्रतिज्ञा गर्‍यो । म रेफ्रीमा खनिए र उनको अनुहारको दुई इन्चमा खडाभई ठोलो आवाजले कराए । मेरो भित्र केहि चिज आएको थियो र क पछाडी हटिन । म तुरुन्तै बाहिर निकालिए र प्रतिसपर्दाबाट निषेधित भए । जस्तै म बाहिर निस्के, मलाई लाग्छ

परमेश्वर म सँग बोल्नुभयो । मैले आफैलाई सोधे कि “तलाई  के भएको छ” तँ वास्तवमै त्यहाँ हारिस, तैँले नियन्त्रण गुमाइरहेको छस् !”

यो पहिलो पटक थियो जब मैले आफैलाई हेरे र  म हिँडिरहेको दिसालाई प्रश्न गरे । केहि राम्रो कुराको खोजी गर्न परमेश्वरले मलाई डोह्रेर्याउादै हुनुहाथ्यो । मैले महसुस गर्न थाले कि जहाँ उत्तम मार्ग हुनुपर्ने थियो । मेरो प्राणको सत्रुले पनि त्यो महसुस गर्‍यो र आफैलाई प्रमाणित गर्न मलाई गहिरो सँग चलायो, एउटा चुरोट पिउने व्यक्ति जस्तो कि,अब उसको चुरोट पिउन छाड्ने समय नजिक आएको छ र उसले अब प्रबल गरी जतिसक्दो चुरोट पिउने गर्दछ ।

